# साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्व

शोध निर्देशक
श्री डिल्लीराज भट्टराई
सहप्राध्यापक

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तर तह,
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
विमला ढुङ्गाना
नेपाली विभाग
भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, रूपन्देही
त्रि.वि.रजिस्ट्रेसन नं ४४२९०-९५, २०६१-२०६३, परीक्षा रोल नं १८९१
२०६८

# साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तर तह,
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

# शोधपत्र

शोधार्थी
विमला ढुङ्गाना
नेपाली विभाग
भैरहवा बहुमुखी क्याम्पस
भैरहवा, रूपन्देही
रजिस्ट्रेशन नं. ४४२९०-९५, शौक्षिक सत्र :२०६१-२०६३, परीक्षा रोल नं १८९१
२०६८

त्रिभुवन विश्वविद्यालय

**भैरहवा बहुमुखी क्याम्पस**

**सिद्धार्थनगर, रूपन्देही**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस सिद्धार्थनगरका छात्रा विमला ढुङ्गानाले 'साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर तह दसौँ पत्रको प्रयोजनका निम्ति मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँले अत्यन्त मिहिनेतपूर्वक तयार पार्नुभएको शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफरिस गर्दछु ।

मिति :२०६८/१२/१७

........................

डिल्लीराज भट्टराई

शोध निर्देशक

सह प्राध्यापक

नेपाली विभाग

भैरहवा बहुमुखी क्याम्पस

सिद्धार्थनगर, रूपन्देही

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
भैरहवा बहुमुखी क्याम्पस,
नेपाली विभाग
सिद्धार्थनगर

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय भैरहवा बहुमुखी क्याम्पस अन्तर्गत नेपाली विभागकी छात्रा विमला ढुङ्गानाद्वारा स्नातकोत्तर तह दोस्रोवर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारी यस नेपाली विभागमा प्रस्तुत "साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्व" विषयक शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

मूल्याङ्न समिति

नाम तथा पद

सहप्राध्यापक डा. घनश्याम न्यौपाने
स्नातकोत्तर कार्यक्रम संयोजक ......................................

सहप्राध्यापक श्री डिल्लीराज भट्टराई
शोधनिर्देशक ......................................

सहप्राध्यापक श्री बालकृष्ण भट्टराई (सेवा निवृत्त)
बाह्य परीक्षक ......................................

मिति : २०६८/१२/१८



शोधनायिका गङ्गा लिगल

# कृतज्ञता ज्ञापन

“साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्व” नामक शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर तहको दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ सहप्राध्यापक डिल्लीराज भट्टराईको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अत्यन्तै व्यस्त क्षणबाट फुर्सद निकालेर शोधपत्र तयारीका लागि आवश्यक सामग्रीहरू सहित उचित सल्लाह, सुझाव एवम् निर्देशन प्रदान गर्नुहुने शोध निर्देशकप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आवश्यक सुझाव दिनुहुने श्रद्धेय गुरु एवम् तत्कालीन क्याम्पस प्रमुख सहप्रा.डा. कपिलदेव लामिछाने, श्रद्धेय गुरु सहप्रा.श्री बालकृष्ण भट्टराई, सहप्रा.डा. दामोदर ढकाल, सहप्रा.डा. घनश्याम न्यौपाने ‘परिश्रमी’, सहप्रा. मदनप्रसाद दवाडी र उपप्रा.श्री वनमालीराज शर्माप्रति हार्दिक आभार प्रकट गर्दछु । आफ्नातर्फबाट व्यक्तिगत जीवनसँग सम्बन्धित घटना र शोधशीर्षकसँग सम्बन्धित साहित्यिक कृतिहरूका बारेमा जानकारी उपलब्ध गराई शोधकार्यमा अविस्मरणीय सहयोग पुऱ्याउनुहुने शोधनायिका उपप्रा.श्रीमती गङ्गा लिगल, उहाँका श्रीमान् जनक प्रसाद लिगल, उहाँकी दिदी मिश्री लिगल, उहाँकी बहिनी प्रतिभा लिगल र नातेदारहरूप्रति पनि हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा कतिपय शोधपत्र, पुस्तक तथा पत्रपत्रिकाहरू उपलब्ध गराउने भैरहवा बहुमुखी क्याम्पस पुस्तकालय, नेपाली विभाग र लेखनकै क्रममा विभिन्न सल्लाह सुझाव र सहयोग प्रदान गर्नुहुने मेरा दाजुहरू श्री खेमराज ढुङ्गाना, श्री रामप्रसाद अर्यालप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

त्यस्तै थुप्रै चुनौतीहरूलाई सामना गर्दै मलाई अक्षरारम्भदेखि यहाँसम्म आइपुग्न र पढ्ने अवसर प्रदान गर्नुहुने मेरी ममतामयी माता र मेरा दाजुहरू, भाउजूहरू अनि दिदीप्रति म सदैव ऋणी छुँ । यस कार्यमा सदासर्वदा घच्घच्याई रहने मेरा श्रीमान् रंगेश वाग्ले र मेरा परिवारजन पनि धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी यस शोधपत्रको यथासम्भव शुद्ध एवम् स्तरीय टङ्कण गरिदिनुहुने कम्प्युटर सहयोगी मेरा जीवन साथी श्री रंगेश वाग्ले र साथी श्री सन्दीप ज्ञवालीलाई पनि हृदयतः धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति २०६८/१२/१५



विमला ढुङ्गाना

स्नातकोत्तर तह, नेपाली विभाग

त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस

# विषयसूची


| | | |
|---|---|---|
| शिफारिसपत्र | | |
| स्वीकृतिपत्र | | |
| कृतज्ञता ज्ञापन | | क |
| विषयसूची | | छ-ज |
| सङ्क्षेपीकृत सूची | | झ |
| **परिच्छेद एक : शोध परिचय** | | **१-६** |
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | शोधको समस्याकथन | १ |
| १.४ | शोधको उद्देश्य | २ |
| १.५ | पूर्वकार्यको समीक्षा | २ |
| १.६ | शोधको औचित्य, महत्त्व र उपयोगिता | ३ |
| १.७ | प्राक्कल्पना | ४ |
| १.८ | अध्ययनको सीमाङ्कन | ४ |
| १.९ | सामग्री सङ्कलन विधि | ५ |
| १.१० | शोध विधि | ५ |
| १.११ | शोधपत्रको रूपरेखा | ५ |
| **परिच्छेद दुई : गङ्गा लिगलको जीवनी** | | **७-१९** |
| २.१ | पुर्ख्यौली सन्दर्भ र पारिवारिक पृष्ठभूमि | ७ |
| २.२ | जन्म र जन्मस्थान | ८ |
| २.३ | बाल्यकाल | ९ |
| २.४ | संस्कार | ९ |
| २.५ | शिक्षा | १० |
| २.६ | विवाह, दाम्पत्य जीवन र छोरा छोरी | ११ |

२.७ पारिवारिक अवस्था ११
२.८ आर्थिक अवस्था १२
२.९ मातापिताको देहावसान १३
२.१० बसाइ सराइ १३
२.११ जागिरे जीवन १३
२.१२ आस्था र विचार १४
२.१३ भ्रमण १४
२.१४ मानसम्मान र पुरस्कार १४
२.१५ संघसंस्थागत कार्यमा संलग्नता १४
२.१६ साहित्य क्षेत्रसँगको संलग्नता १५
२.१६.१ लेखनको प्रेरणा र लेखनकार्य १५
२.१६.२ लेखन प्रारम्भ र लेखनकार्य १६
२.१७ रुचि, सोख र स्वभाव १७
२.१८ जीवन दर्शन र मान्यता १८

**परिच्छेद तीन : गङ्गा लिगलको व्यक्तित्वको अध्ययन २०-२६**
३.१ गङ्गा लिगलको व्यक्तित्व निर्माणको पृष्ठभूमि र आधार २०
३.२ गङ्गा लिगलको बाह्य व्यक्तित्व २०
३.२.१ गङ्गा लिगलको शारीरिक व्यक्तित्व २०
३.३ गङ्गा लिगलको आन्तरिक व्यक्तित्व २१
३.४ गङ्गा लिगलका व्यक्तित्वका विभिन्न पाटाहरू २१
३.४.१ साहित्यिक व्यक्तित्व २२
३.४.१.१ कवि व्यक्तित्व २२
३.४.१.२ कथाकार व्यक्तित्व २३
३.४.१.३ निबन्धकार व्यक्तित्व २३
३.४.१.४ मुक्तककार व्यक्तित्व २३
३.५ साहित्यतेर व्यक्तित्व २३
३.५.१ लेखक व्यक्तित्व २४
३.५.२ शिक्षक/प्राध्यापक व्यक्तित्व २४

३.५.३ व्यापारिक व्यक्तित्व २४
३.५.४ सामाजिक व्यक्तित्व २४
३.५.५ गृहिणी व्यक्तित्व २५
३.६ नारी सुलभ गुणहरू २५

**परिच्छेद चार : साहित्यकार गङ्गा लिगलको कविता यात्रा र प्रवृत्तिको निरूपरण २७-२९**
४.१ नेपाली साहित्यमा गङ्गा लिगलको आगमन २७
४.२ गङ्गा लिगलको साहित्यक यात्रा २८

**परिच्छेद पाँच : गङ्गा लिगलका कृतित्वको अध्ययन ३०-१००**
५.१ कविताको सैद्धान्तिक पक्ष र गङ्गा लिगलका कविता सङ्ग्रहको अध्ययन ३०
५.१.१ कविताको परिचय ३०
५.१.२ कविताका तत्त्वहरू ३०
५.१.२.१ शीर्षक ३०
५.१.२.२ संरचना ३१
५.१.२.३ विषयवस्तु ३१
५.१.२.४ लयविधान ३१
५.१.२.५ पात्र विधान ३१
५.१.२.६ भाव विधान ३१
५.१.२.७ अलङ्करण वा विम्व विधान ३२
५.१.२.८ भाषाशैली ३२
५.१.२.९ कथनपद्धति ३२
५.१.२.१० उद्देश्य प्रयोजन ३२
५.२ कवयित्रीका रूपमा गङ्गा लिगल ३३
५.३ गङ्गा लिगलका कृतित्वको अध्ययन र विश्लेषण ३३
५.३.१ 'बिहानी' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण ३४
५.३.१.१ पृष्ठभूमि ३४
५.३.१.२ प्रकृतिसँग सम्बद्ध कविताहरू ३५
५.३.१.३ मानवीय स्वभाव र अर्ती उपदेशसँग सम्बद्ध कविताहरू ३७

५.३.१.४ राष्ट्रियता र राजनीतिसँग सम्बद्ध कविताहरू ३८
५.३.१.५ जीवनसँग सम्बद्ध कविताहरू ३९
५.३.१.६ नारीसँग सम्बन्धित कविताहरू ३९
५.३.१.७ विविध विषयसँग सम्बन्धित कविताहरू ३९
५.३.१.८ शीर्षक ४०
५.३.१.९ संरचना ४०
५.३.१.१० लयविधान ४०
५.३.१.११ भाषाशैली ४१
५.३.१.१२ अलङ्कार विधान ४१
५.४ आमा कविता सङ्ग्रहको अध्ययन र विश्लेषण ४२
५.४.१ पृष्ठभूमि ४२
५.४.२ वात्सल्यभावसँग सम्बन्धित कविताहरू ४३
५.४.३ मातृत्व र मातृभूमिसँग सम्बन्धित कविताहरू ४४
५.४.४ प्राकृतिक र साँस्कृतिकसँग सम्बन्धित कविताहरू ४६
५.४.५ राष्ट्रियतासँग सम्बन्धित कविताहरू ५०
५.४.६ चिन्ता र वेदनासँग सम्बन्धित कविताहरू ५१
५.४.७ आस्तिक विश्वाससँग सम्बन्धित कविताहरू ५२
५.४.८ शीर्षक ५३
५.४.९ संरचना ५४
५.४.१० लयविधान ५४
५.४.११ भाषाशैली ५४
५.४.१२ केन्द्रीय कथ्य तथा भाव विधान ५५
५.४.१३ अलङ्कार विधान ५५
५.५ गङ्गाका तरङ्गहरू कविता सङ्ग्रहको अध्ययन र विश्लेषण ५६
५.५.१ पृष्ठभूमि ५६
५.५.२ मातृत्वप्रेम र मातृभूमिप्रतिको प्रेम सम्बन्धी कविताहरू ५७
५.५.३ नेपालको प्राकृतिक र साँस्कृतिक परम्परा सम्बन्धी कविताहरू ६१
५.५.४ जैविक विविधता सम्बन्धी कविताहरू ६४
५.५.५ नारीजीवन सम्बन्धी कविताहरू ६५

५.५.६ धार्मिक विश्वास सम्बन्धी कविताहरू ६६
५.५.७ जीवन सम्बन्धी कविताहरू ६७
५.५.८ विविध विषयसँगसम्बन्धी कविताहरू ६८
५.५.९ शीर्षक विधान ६९
५.५.१० संरचना ७०
५.५.११ लयविधान ७०
५.५.१२ अलङ्कार विधान ७१
५.५.१३ भाषाशैली ७२
५.६ सङ्गीतको आभास कविता सङ्ग्रहको अध्ययन र विश्लेषण ७३
५.६.१ पृष्ठभूमि ७३
५.६.२ नेपाल प्रेम र राष्ट्रियता सम्बन्धी कविताहरू ७४
५.६.३ उपदेश प्रधान कविताहरू ७६
५.६.४ प्रकृतिमा मानवीयताको आरोप सम्बन्धी कविताहरू ७८
५.६.५ प्रकृति सम्बन्धी कविताहरू ८०
५.६.६ पुरातन संस्कृतिको श्रद्धा सम्बन्धी कविताहरू ८०
५.६.७ साहित्यप्रतिको आत्मस्वीकृति सम्बन्धी कविताहरू ८१
५.६.८ कल्पना सम्बन्धी कविताहरू ८२
५.६.९ डायास्पोराको चित्रणमा अमेरिका वर्णन सम्बन्धी कविताहरू ८२
५.६.१० जीवनसँग सम्बन्धी कविताहरू ८४
५.६.११ शीर्षक ८५
५.६.१२ संरचना ८७
५.६.१३ लयविधान ८५
५.६.१४ भाषाशैली ८६
५.६.१५ केन्द्रीय कथ्य तथा भाव विधान ८६
५.६.१६ अलङ्कार ८६
५.७ ममताको खास्टो खण्डकाव्यको अध्ययन ८७
५.७.१ रचना र प्रकाशन ८७
५.७.२ शीर्षक विधान ८७
५.७.३ संरचना ८८

५.७.४ कथानक वा कथावस्तु ८८
५.७.५ चरित्रचित्रण ९०
५.७.६ प्रकृतिचित्रण ९०
५.७.७ राष्ट्रियता ९१
५.७.८ भाषाशैली ९२
५.७.९ छन्द र अलङ्कार ९२
५.७.१० वातावरण/परिवेश ९३
५.७.११ उद्देश्य ९४
५.७.१२ जीवनदृष्टि(वैचारिकता) ९४
५.७.१३ निष्कर्ष ९५
५.८ गङ्गाका लहर लेख रचनाहरूको सङ्गालोको अध्ययन र विश्लेषण ९५
५.८.१ पृष्ठभूमि ९५
५.८.२ सन्दर्भ-नारी दिवस ९६
५.८.३ गोरखा दरबारको ऐतिहासिक पृष्ठभूमि ९६
५.८.४ तत्त्वज्ञानबाट मोक्ष प्राप्ति ९६
५.८.५ सार्थक जीवन ९६
५.८.६ भानुभक्त एक परिचय ९७
५.८.७ शिक्षा ९७
५.८.८ नारी शिक्षा एक झलक ९७
५.८.९ धार्मिक क्षेत्रमा पर्यटनको महत्त्व ९७
५.८.१० भिटामिन एक महत्त्वपूर्ण तत्त्व ९७
५.८.११ विदुषी नारी ९८
५.८.१२ नारी विडम्बना ९८
५.८.१३ परिर्वतन ९८
५.८.१४ विपन्नताको आभास ९८
५.८.१५ ऐना ९८
५.८.१६ गुरु ९९
५.८.१७ ब्यागको आत्मकथा ९९
५.८.१८ गङ्गाको लहर ९९

५.८.१९ ठटचौली ९९

५.८.२० मुक्तक ९९

५.९ गङ्गा लिगलको लेख रचनाको सङ्गालो युगज्योतिको अध्ययन १०० **परिच्छेद छ** :

**शोधनिष्कर्ष** **१०१-१०५**

६.१ शारसङ्क्षेप १०१

६.२ शोधनिष्कर्ष १०२

**परिशिष्ट**

(क) गङ्गा लिगलका प्रकाशित कृतिहरूको सूची

(ख) गङ्गा लिगलका २०६७-२०६८ सालमा प्रकाशित कृतिहरूको विवरण

**सन्दर्भग्रन्थ सुची**

# सङ्क्षेपीकृत सूची

| | |
|---|---|
| अ.ने.सा.स. | - अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज |
| अप्र. | - अप्रकाशित |
| आइ.ए. | - इन्टर मिडियट अफ आर्टस् |
| इ.रा.ल.मा.वि. | - इन्द्र राज्य लक्ष्मी माध्यमिक विद्यालय |
| ई.सं. | - ईस्वी सम्बत् |
| एम.ए. | - मास्टर्स अफ आर्टस् |
| एस. एल. सी. | - स्कूल लिभिङ् सर्टिफिकेट |
| गा.वि.स | - गाउँ विकास समिति |
| डा. | - डाक्टर |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - दोस्रो संस्करण |
| नि.मा.वि. | - निम्न माध्यमिक विद्यालय |
| पृ.सं | - पृष्ठ संख्या |
| भू.पू. | - भूतपूर्व |
| मा.वि. | - माध्यमिक विद्यालय |
| ले. | - लेखक |
| वि.सं | - विक्रम सम्वत् |
| सम्पा. | - सम्पादक |

# परिच्छेद एक
# शोध परिचय

## १. शोध शीर्षक

प्रस्तावित शोधकार्यको शीर्षक "साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्व" रहेको छ ।

## २. शोधको प्रयोजन

प्रस्तावित शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनार्थ तयार पारिएको छ ।

## ३. समस्याकथन

पाल्पा जिल्लाको सदरमुकाम तानसेन नगरपालिका वार्ड नं.२, नारायणटोलमा २००२ साल वैशाख ८ गते द्वितीया तिथिको दिन साहित्यकार गङ्गा लिगलको जन्म भएको थियो । उनी हाल रूपन्देही जिल्लाको भैरहवामा बसोबास गर्दै आएकी छन् ।

सानै उमेरदेखि कविता लेख्न र वाचन गर्न मन पराउने गङ्गा लिगल २०५३ सालमा आफ्नो पहिलो रचना 'आमाको सपना' नामक कविता लिएर नेपाली साहित्य क्षेत्रमा अघि बढेको पाइन्छ । आफ्नो साहित्य साधनालाई हरपल अगाडि बढाउन खोज्ने लिगल त्यति चर्चामा रहेको भने पाइँदैन । २०५३ सालदेखि फुटकर रचनाहरू प्रकाशित भए तापनि साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेटिने गरी हालसम्म कुनै बिस्तृत अध्ययन भएको पाइँदैन । यसरी नेपाली साहित्यमा योगदान दिइरहेकी लिगलको सम्बन्धमा कहीँ कतै पनि अध्ययन भएको पाइँदैन । तसर्थ यस दिशामा निम्नानुसारका समस्याहरू रहेका छन् :

(क) साहित्यकार गङ्गा लिगलको जीवनी के कस्तो छ ?

(ख) साहित्यकार गङ्गा लिगलको व्यक्तित्व के कस्तो छ ?

(ग) साहित्यकार गङ्गा लिगलका कृतिहरू के कस्ता छन् ?

(घ) साहित्यकार गङ्गा लिगलको कविता यात्रा र प्रवृत्ति के कस्ता छन् ?

## ४. शोधको उद्देश्य

नेपाली साहित्यका क्षेत्रमा आफ्नो दक्षता अनुसार कलम चलाई साहित्यिक योगदान गर्दै आएकी गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण गर्नु तथा उपर्युक्त समस्यालाई आधार बनाई उनका जीवनमा घटेका घटनाहरू, व्यक्तित्वहरू, उनमा परेका प्रभाव, प्रेरणा आदि विभिन्न पक्षहरूलाई केलाउनका लागि उनको जीवनी, व्यक्तित्व र कृतित्वको योगदानको अवलोकन गर्नु शोधकार्यको उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यको उद्देश्य निम्नानुसार रहेका छन् :

(क) साहित्यकार गङ्गा लिगलको जीवनी प्रस्तुत गर्नु,

(ख) साहित्यकार गङ्गा लिगलको व्यक्तित्व प्रस्तुत गर्नु,

(ग) साहित्यकार गङ्गा लिगलको कविता सङग्रहको अध्ययन र विश्लेषण गर्नु,

(घ) साहित्यकार गङ्गा लिगलको कविता यात्रा र प्रवृत्तिको पहिचान गर्नु ।

## ५. पूर्वकार्यको समीक्षा

साहित्यकार गङ्गा लिगलले सुरूमा फुटकर कविताबाट कलम चलाएर नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेकी हुन् । उनले फाटफुट रूपमा कथा, लेख, गीत, मुक्तक आदि लेख्ने गरे तापनि विशेष रूपमा कविता विधामा नै सिद्धहस्त भएको देखिन्छ । यसरी साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा उनका आफ्नै कृतिहरूमा लेखेका भूमिका, प्राक्कथन, मन्तव्य र कतै कतै फाटफुट रूपमा चर्चा गरिनुका साथै पत्र पत्रिका बाहेक उनका बारेमा उल्लेख भएको पाइँदैन । आजसम्मको खोजीकार्यमा उनका बारेमा लेखिएका पत्रपत्रिका, लेखरचना र लिगलको आफ्नै कृतिका भूमिकामा देखापरेका जे जति अध्ययन कार्य भएका छन् तिनलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

शालिकराम पौड्यालले "रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका कविता कृतिको अध्ययन" शीर्षकको शोधपत्र (२०६१) मा रूपन्देही जिल्लाको कविता परम्पराको चर्चा गर्ने क्रममा साहित्यकार गङ्गा लिगलको नाम पनि उल्लेख गरेका छन् ।

बालकृष्ण भट्टराईले **आमा** (२०६४) कविता सङ्ग्रहको मन्तव्यमा आमालाई जननी जन्मभूमिप्रति कृतज्ञता प्रकट गरी श्रद्धाभाव व्यक्त गरिएको, कृतिमा सहज भाषाको प्रयोग, ध्वन्यात्मकता, विम्व प्रधान, वैचारिक स्पष्टता, अभिधात्मक अभिव्यक्तिका साथै देशप्रेम, नारी जागरण जस्ता सम्पूर्ण विषयलाई ओगट्न सक्ने कुरा व्यक्त गरेका छन् ।

बालकृष्ण भट्टराईले **गङ्गाका तरङ्ग** (२०६४) कविता सङ्ग्रहको भूमिकामा (प्राक्कथनमा) मूलतः ईश्वर, प्रकृति, आमा, मातृभूमि, नारी जीवनका साथै आध्यात्मिक चेतना र मानवीय प्रवृत्ति आदि विविध विषयहरूलाई ओगट्न सक्ने कुरालाई व्यक्त गरेका छन् ।

दैनिक **मेचीकाली** पत्रिकाको वर्ष ८,अङ्क १२८, २०६५ वैशाख १५ गतेका दिन कविता सङ्ग्रह विमोचन नामक शीर्षक कृति विमोचनको समाचार प्रकाशन भएको छ ।

**दैनिक बुटवल टुडे** पत्रिकाको वर्ष ४ अंक १४८, २०६५ वैशाख १६ गतेका दिन आमा र गङ्गाका तरङ्ग नामक शीर्षकमा विमोचितकृतिको समाचार प्रकाशन भएको छ ।

काजी रोशनले दैनिक **ढोरपाटन** बाग्लुङ पत्रिकाको वर्ष ६, अंक १५, २०६५ वैशाख १८ गते 'लिगलका दुई कविता सङ्ग्रह विमोचित' शीर्षकमा देश बाहिर रहेर पनि देशप्रति असिम माया राखी लेखिएका कृतिहरूले नेपाली साहित्यको वाङ्मयमा सुन्दर फूल थपिएको छ । साथै गजलकार डा.घनश्याम परिश्रमीले आमा कविता सङ्ग्रहको समीक्षामा देशप्रेम, अध्यात्म चेत र प्रकृतिको सुन्दर रेखा कोरिएको छ भन्ने विषयलाई उल्लेख गरेका छन् ।

यादव भट्टराईले साप्ताहिक **छलफल** पत्रिकाको वर्ष २६, अंक ३५, २०६५ असार ८ गते 'गङ्गा लिगलका दुई कृति' नामक शीर्षकमा देशप्रेम, प्रकृति चित्रण, मातृत्वप्रेम, नारी जागरण, समाजसुधार, आदि विविध सन्दर्भहरूलाई विषय बनाई समीक्षात्मक लेख प्रस्तुत गरेका छन् ।

डिल्लीराज भट्टराईले **दैनिक जनसङ्घर्ष** पत्रिकाको वर्ष १९,अङ्क १२, २०६५ असार २० गते 'गङ्गाका दुई कृतिः एक दृष्टि' नामक शीर्षकमा आमाप्रतिको मायाममता, सद्भाव, नारीचित्रण, सामाजिक भेदभाव, प्रकृति-चित्रणका साथै देशप्रेम, आध्यात्मिक चिन्तन, नारीहरूका वेदना र व्यथा जस्ता विषयलाई लिएर आत्मपरक शैलीमा यी कृतिहरू रचिएको विषयलाई उल्लेख गरेका छन् ।

यसरी २०५३ सालबाट साहित्यमा कलम चलाएकी साहित्यकार लिगलको नाम नेपाली साहित्यको इतिहासभित्र कतै पनि उल्लेख भएको पाइँदैन ।

### ६. शोधको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यका फाँटमा गङ्गा लिगल साहित्यकार भएर पनि अझसम्म अपरिचित नै छन् । त्यसैले लिगलका बारेमा विस्तृत अध्ययन गरी उनलाई चिनाउने प्रयास यस शोधकार्यबाट गरिएको छ । यसकारण प्रस्तुत शोधपत्रले यिनका विषयमा गहन र बिस्तृत अध्ययन गर्ने कुनै पनि अध्येतालाई आफ्नो अध्ययन कार्यमा सहयोग पुऱ्याएको छ ।

यसरी नेपाली साहित्यको इतिहास लेख्ने क्रममा र साहित्यिक गतिविधिको अध्ययन र मूल्याङ्कन गर्नुका साथै उनका कृतिहरुका बारेमा समेत विषयगत र वस्तुगत अध्ययन गर्नु आफैमा औचित्यपूर्ण रहेको छ । यसकारण प्रस्तुत शोधपत्रले यिनका बारेमा गहन अध्ययन गर्ने अन्य

अध्येयतालाई पनि आफ्नो अध्ययन कार्यमा सहयोग पुऱ्याएको छ । यसरी नै नेपाली साहित्यको इतिहास लेख्ने क्रममा र साहित्यिक गतिविधिको अध्ययन र मूल्याङ्कन गर्ने क्रममा पनि प्रस्तुत शोधपत्र महत्त्वपूर्ण रहेको छ । प्रस्तावित अध्ययनबाट गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भई यसबाट नयाँ ज्ञान प्राप्त हुनुका साथै ज्ञान क्षेत्रको बिस्तार समेत पुऱ्याएको छ । नेपाली साहित्यका पाठक, अध्यापक, प्राध्यापक तथा विश्वविद्यालयमा समेत यसबाट लाभान्वित हुनेछन् । अतः प्रस्तावित शोधको औचित्य, महत्त्व र उपयोगिता देखिन्छ ।

**७ प्राक्कल्पना**

साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा गर्न लागिएको प्रस्तावित शोध कार्यबाट निम्नानुसारको निष्कर्ष प्राप्त हुने प्राक्कल्पना गरिएको छः

(क) साहित्यकार गङ्गा लिगलको जीवनी गतिशील छ ।

(ख) साहित्यकार गङ्गा लिगलको व्यक्तित्व बहुविध छ ।

(ग) साहित्यकार गङ्गा लिगलका कविताहरू धार्मिक, सामाजिक, मातृप्रेम, नारी जागरण, देशप्रेम आदि विविध विषयलाई ओगटन सक्ने खालका छन् ।

(घ) साहित्यकार गङ्गा लिगलको कविता यात्रा २०५३ सालबाट शुरू भई हालसम्म चलिरहनुका साथै विभिन्न किसिमका प्रवृत्तिहरू रहेका पाइन्छन् ।

**८. अध्ययनको सीमाङ्कन**

साहित्यकार गङ्गा लिगल मूलतः कवयित्री हुन् । उनको कलम विशेषतः कविता विधामा नै चल्ने गरेको देखिन्छ । यसका अतिरिक्त पनि उनले फुटकर कृतिहरू कथा, लेख, धार्मिक लेख, गीत, मुक्तक आदि रचनाहरू पनि फाटफुट लेख्ने गरेको पाइन्छ । एउटा शोध पत्रमा यी सबैको बिस्तृत अध्ययन गर्न असम्भव हुने देखिन्छ । तसर्थ प्रस्तावित अध्ययनमा साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र २०५९ देखि २०६६ साल सम्मका प्रकाशित कृतिहरूको अध्ययन गरिएको छ ।

**९. सामग्री सङ्कलन विधि**

साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्त्वका बारेमा अध्ययन गर्ने क्रममा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । शोधनायिका स्वयम् र शोधनायिकासँग परिचित व्यक्ति, उनका पति तथा अन्य परिवारजनहरू, आफन्त तथा नातेदारहरूसँगको भेटघाट र अन्तर्वार्ता विधिद्वारा सामग्री सङ्कलन गरिनुका साथै पुस्तकालयीय तथा पत्रपत्रिकाको अध्ययन समेत सामग्री सङ्कलनको प्रमुख स्रोत रहेको छ ।

## १०. शोधविधि

प्रस्तावित शोधकार्यमा सामान्यतया वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ ।

## ११. शोधपत्रको रूपरेखा

साहित्यकार "गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्त्व" शीर्षकको शोधपत्र सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ । शोधपत्रको रूपरेखा निम्नानुसार विभिन्न भागमा विभाजित गरिएको छः

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : साहित्यकार गङ्गा लिगलको जीवनी

परिच्छेद तीन : साहित्यकार गङ्गा लिगलको व्यक्तित्व

परिच्छेद चार : साहित्यकार गङ्गा लिगलको कविता यात्रा र प्रवृत्तिको निरूपरण

परिच्छेद पाँच : कविता सङ्ग्रहहरूको अध्ययन

परिच्छेद छ : शोध निष्कर्ष

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । नारी साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नामक शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ ।

दोस्रो परिच्छेदमा गङ्गा लिगलको जीवनीलाई विभिन्न शीर्षक, उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा गङ्गा लिगलको बहुमुखी व्यक्तित्वलाई विश्लेषणात्मक तरीकाले चिनाउने प्रयास गरिएको छ ।

चौथो परिच्छेदमा गङ्गा लिगलको कविता यात्रा र प्रवृत्तिको निरूपरण गर्ने प्रयास गरिएको छ ।

पाँचौं परिच्छेदमा कविता सङ्ग्रहको अध्ययन र प्रकाशित लेख रचनाको सङ्गालो कृतिको अध्ययन गरी विभिन्न शीर्षक उपशीर्षकमा समेटी अध्ययन गरिएको छ ।

छैठौं परिच्छेदमा उपसंहार तथा मूल्याङ्कनका रूपमा रहेको छ । यसमा गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतिहरूका साथै उनका प्रवृत्तिको समेत समग्र मूल्याङ्कन गरिएको छ ।

यसरी प्रस्तुत शोधपत्रलाई छ परिच्छेदमा विभाजन गर्दै आवश्यकता अनुसार प्रत्येक परिच्छेदलाई शीर्षक-उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ ।

## परिच्छेद दुई

# गङ्गा लिगलको जीवनी

### २.१.पुर्ख्यौली सन्दर्भ र पारिवारिक पृष्ठभूमि


श्रीमती गङ्गा लिगलको पितृवंशको पुर्ख्यौली थलो नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने लुम्बिनी अञ्चलस्थित पहाडी क्षेत्रको पाल्पा जिल्लाको सदरमुकाम तानसेनको नारायण स्थान हो ।[१] यो ठाउँ काश्यप गोत्रीय नेवारहरुको प्रसिद्ध स्थान मानिन्छ ।[२] त्यस्तै रूपमा मातृवंशको पुर्ख्यौली थलो पाल्पा जिल्लाको हुमिन गा.वि.स. हुमिन हो ।[३]

गङ्गा लिगलका पिता स्वर्गीय गणेशप्रसाद लिगलका बाबु पुण्यनारायण गङ्गा लिगलका हजुरबुवा थिए ।[४] हजुरबुवा पुण्यनारायण र हजुरआमा उजेलीका दुई छोराहरूमध्ये जेठा छोरा स्वर्गीय गणेशप्रसाद लिगल र स्वर्गीय केशलक्ष्मी लिगलका पाँच सन्तान मध्ये श्रीमती गङ्गा लिगल तृतीय सुपुत्रीको रूपमा जन्मेकी हुन् ।[५] उनका पिता नामी वैद्यका रूपमा चर्चित थिए । उनी अत्यन्तै सहयोगी स्वभाव भएका व्यक्ति थिए । सबैलाई समान व्यवहार गर्ने भएकाले वैद्य गणेश भनेपछि पाल्पामा बिरामीहरूको धुइरो लाग्ने गर्दथ्यो ।[६] गङ्गाको चार दिदी बहिनी र एक भाइको जन्म भएतापनि कारणवश एक दिदी र भाइ अमृतको सानै उमेरमा मृत्यु हुन पुग्यो ।[७] आफू वैद्य भएर पनि छोराछोरीको असामयिक मृत्युका कारण शोकमा परी मुटुको रोगले समाती उनको पनि मृत्यु हुन पुग्यो ।[८] यसरी बाँचेका तीन दिदीबहिनीमध्ये गङ्गा लिगलका दिदी मिश्री र बहिनी प्रतिभा २०१९ सालमा पाल्पाबाट बसाई सरी हाल रूपन्देही जिल्लाको भैरहवास्थित नयाँ सडक भन्ने ठाउँमा बसोवास गर्दै आएका छन् ।[९] त्यसपछि २०२० सालमा जनकप्रसाद लिगलसँग उनको विवाह भएको थियो ।[१०] बिहे भएको चार पाँच वर्षपछि दुई छोरा सञ्जय, मञ्जय र एक छोरी मन्जिलाको जन्म भएको हो ।[११] २०६२ सालमा जेठो छोरा बुहारीसँग अमेरिकामा गई हाल त्यहीँ नै उनले आफ्नो जीवन यापन गरिरहेकी छन् ।[१२]

गङ्गा लिगलका पूर्वजहरू तथा पारिवारिक तथ्यलाई वृक्षरेखामा निम्नानुसार देखाउन सकिन्छ

---

[१] शोधनायिकाबाट प्राप्त जानकारी ।
[२] पूर्ववत् ।
[३] पूर्ववत् ।
[४] पूर्ववत् ।
[५] पूर्ववत् ।
[६] शोधनायिकाकी दिदी मिश्री लिगलबाट प्राप्त जानकारी ।
[७] पूर्ववत् ।
[८] पूर्ववत् ।
[९] पूर्ववत् ।
[१०] शोधनायिकाका पति जनकप्रसाद लिगलबाट प्राप्त जानकारी ।
[११] शोधनायिकाका पति जनकप्रसाद लिगलबाट प्राप्त जानकारी ।
[१२] पूर्ववत् ।




## २.२ जन्म र जन्मस्थान

नेपाली साहित्यका फाँटमा नारी हस्ताक्षरका रूपमा सुपरिचित गङ्गा लिगलको जन्म २००२ साल वैशाख ८ गते द्वितीया तिथि बुधवारका दिन लुम्बिनी अञ्चलको पाल्पा जिल्लाको सदरमुकाम तानसेन नगरपालिका वार्ड नम्वर २ को पवित्र स्थल नारायण टोलमा भएको हो ।[१३] मध्यमवर्गीय नेवार परिवारमा पिता गणेशप्रसाद लिगल र माता केशलक्ष्मी लिगलको तृतीय पुत्रीको रूपमा उनको जन्म भएको हो ।[१४] उनको न्वारनको नाम ओंकार्यश्वरी लिगल हो ।[१५] उनको आमा बुबाले राखिदिएको नाम गङ्गा लिगल हो । गङ्गा लिगलका पिता नामी वैद्यका रूपमा चर्चित थिए । उनी अत्यन्त सहयोगी, सबैलाई समान व्यवहार गर्ने र आध्यात्मिक भावनामा विश्वास राख्ने खालका व्यक्ति थिए ।[१६] उनको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र र प्रकाशित कृतिहरूमा भने जन्ममिति इं.सं.१९४९ मई २५ लेखिएको छ ।[१७]

## २.३.बाल्यकाल

गङ्गा लिगलको बाल्यकाल हजुरआमा, फुपू, माता, पिता आदिको स्नेहमय वातावरणमा बितेको पाइन्छ । गङ्गा लिगलको बाल्य स्वभाव ज्यादै सन्तोषी, अति मिजासिलो, मिलनसार, दयालु र गम्भीर थियो । सबैले उनीप्रति सहानुभूति राख्दथे । जसका कारण उनी परिवार भित्रमात्र नभई

[१३] शोधनायिकाबाट प्राप्त जानकारी ।
[१४] पूर्ववत् ।
[१५] पूर्ववत् ।
[१६] पूर्ववत् ।
[१७] शोधनायिकाकी दिदी मिश्री लिगलबाट प्राप्त जानकारी ।

वरपर छरछिमेकीको पनि अत्यन्त प्रिय पात्र हुन पुगेकी थिइन् । उनको अविवाहित फुपू अत्यन्तै कडा मिजासकी थिइन् । संयुक्त परिवारमा जेठी बुहारी भएकोले उनकी आमालाई फुर्सद हुँदैनथ्यो । तसर्थ गङ्गाको अधिकाशं बाल्यजीवन फुपू र दिदीहरूको साथमा बितेको थियो ।[१८] बालसुलभ प्रवृत्तिका कारण उनी आफ्ना साथीहरूका साथमा मिलेर दन्डीवियो, लुकामारी, राज्य, गोटा, उठ उठ रे बसुन्धरा बहिनी जस्ता खेलहरू पनि खेल्ने गर्दथिन् ।[१९] उनमा साथीहरूसँग झैझगडा गर्ने लडाइँ गर्ने जस्तो बानी थिएन । साथीहरूसँग मिलेर बस्ने आफूले सकेको सहयोग गर्ने जस्तो बानी उनमा थियो । नेवार परिवारमा जन्मिएकी गङ्गा लिगललाई खान लगाउनमा भने सानैदेखि अत्यन्त शोक थियो ।[२०]

साथी भाइसँग श्रीनगर जाने, तीनधारा, गणेशस्थान नारायणस्थान विद्यालयमा पढ्न जाने, शिक्षा ग्रहण गर्ने जस्ता क्रियाकलाप गरेर तानसेन नगरीमा गङ्गा लिगलको बाल्यकाल बितेको थियो ।

## २.४.संस्कार

नेवार समुदायको परम्परा प्रचलन अनुसार छोरीहरूलाई सानै उमेरमा गुफा राख्ने, उनीहरूको बेलविवाह, इही यागु संस्कार गर्नुपर्ने हुन्छ । त्यसै अनुरूप पनि ७ वर्षको उमेरमा उनको इही यागु संस्कार बेलविवाह गरी पूजापाठ होमयज्ञका साथै आमा बावुले छोरीको जल खाने आदि कार्य सम्पन्न भएको थियो । त्यसपछि ११ वर्ष पुग्दा गुफा राख्ने अथवा “वारा तयगु” संस्कार सम्पन्न गरिएको थियो ।[२१] नेवारी संस्कारमा छोरीलाई ११ दिनसम्म सूर्य र मर्दहरूको मुख नदेखाई कोठा भित्रै राख्ने चलन छ । अनि १२ औं दिनका दिन दुलही झैँ सिँगारेर तामाको बाटामा पानी राखी सूर्यको दर्शन गराएपछि मात्र घरपरिवारमा बाबुलाई ब्राह्मणद्वारा पूजापाठ गरी यागु संस्कार र वारा तयगु संस्कार पूर्ण गरी छोरीको कर्म चलाइ दिएका थिए ।[२२]

## २.५.शिक्षा

नेवार सम्प्रदायमा जन्मिएकी गङ्गा लिगललाई हिन्दू संस्कार अनुसार चार वर्षको उमेरमा सिलोटमा सरस्वतीको चित्र बनाई ब्राह्मण डाकी विधिपूर्वक पूजा गरी अक्षरारम्भ गराइएको थियो । घरमा बाबु वैद्य र फुपू साक्षर भएको कारणले गर्दा अन्धविश्वास र साँघुरो विचारधारा राख्ने त्यतिवेलाको समयमा पनि उनलाई पढ्नमा कुनै अवरोध भएन । उनलाई बाबुले नै बढी माया रेखदेख गर्ने भएकोले फुर्सदको समयमा बाबुले नै बढी छोरीहरूको चासो लिने गर्नुभएको थियो । तर अत्यन्त छोटो समयसम्म मात्र बाबुको माया र उहाँबाट पाउने शिक्षा लिन सफल भएकी गङ्गा

---

[१८] पूर्ववत् ।
[१९] पूर्ववत् ।
[२०] पूर्ववत् ।
[२१] पूर्ववत् ।
[२२] शोधनायिकाबाट प्राप्त जानकारी ।

लिगलका बाबुको मृत्यु पश्चात् उनको बाल्यकाल त्यति रमाइलो र सुखद भने भएन । तापनि बाबुले दिएको अर्ती उपदेशका कारण उनकी माताले उनलाई शिक्षा क्षेत्रमा कमी हुन भने नदिईकन मोहनकन्या विद्यालयमा कक्षा एकमा भर्ना भई आफ्नो अध्ययनलाई अगाडि बढाएकी लिगल पढ्ने क्रममा अत्यन्त जिज्ञासा राख्ने स्वभावकी लिगलले धेरै समय खेल्ने नै गर्थिन् । तर पनि पढ्ने बेलामा जिज्ञासा भएकोले प्रत्येक कक्षामा राम्रो नतिजा ल्याई पुरस्कार समेत पाउने गर्थिन् ।[२३] हुने विरुवाको चिल्लो पात भने झैं छात्रवृत्ति पाई निःशुल्क अध्ययन गर्ने अवसर समेत प्राप्त गरेकी थिइन् ।[२४]

मोहनकन्या विद्यालयबाट आठ पास गरी त्यहाँ नौ र दश कक्षा नभएका कारण अर्को विद्यालय पद्मोदय पाल्पा पब्लिक हाइस्कूलमा नौ मा भर्ना भई त्यहीँबाट उनले २०१५ सालमा एस.एल.सी उत्तीर्ण गरिन् ।[२५] उनको पढाइको गति अति नै तीव्र भएको कारण उनी सानैमा कक्षा चढी पढेकोले १३ वर्षको कलिलो उमेरमा मेट्रिक तह उत्तीर्ण गर्न सफल भइन् । पाल्पामा भर्खर भर्खर मात्र उच्च शिक्षाको थालनी भएकोले त्रिभुवन बहुमुखी क्याम्पसमा आई.ए.को अध्ययन पूरा गरी त्यहाँबाट परीक्षा दिने व्यवस्था नभएको कारण काठमाडौं गई परीक्षा दिईन् ।[२६] यसरी २०१९ सालमा प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन पूरा गरी १८ महिने कृषि विकास अन्तर्गत गृह विज्ञान तालिम पनि पूरा गर्न सफल भइन् ।[२७] त्यसपछि वैवाहिक जीवनका कारण उनले आफ्नो अध्ययनलाई केही वर्षका लागि स्थगित गर्न वाध्य भइन् । पुनः उनलाई आफ्नो योग्यता बढाउने इच्छा लागेर २०४२ सालमा भैरहवा बहुमुखी क्याम्पसबाट संस्कृति र राजनीतिक विषयमा स्नातक तह अध्ययन गर्न सफल भइन् ।[२८] यसरी आफ्नो छोरासँगसँगै २०४८ सालमा आएर संस्कृति विषयमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गर्न सफल भइन् ।[२९] ज्ञान प्राप्त गर्नका लागि मानिस कहिल्यै बुढो हुँदैन भन्ने भनाइलाई लिगलले आफ्नै छोराछोरीसित सँगै अध्ययन गरी सफलता हासिल गर्न पुगिन् र जुनसुकै परिस्थितिमा पनि अध्ययनलाई छोड्नु हुँदैन भन्ने कुरा सिद्ध गरिन् ।

## २.६.विवाह, दाम्पत्य जीवन र छोराछोरी

गङ्गा लिगलको विवाह आई.ए. सम्मको शिक्षा प्राप्त गरी गृह विज्ञानको तालिम समेत पूरा गरिसकेपछि वि.सं.२०२० साल असार २९ गते पाल्पा तानसेन निवासी दानवहादुर र लक्ष्मी लिगलका काईला सुपुत्र जनकप्रसाद लिगलसँग उनको विवाह सु-सम्पन्न हुन पुग्यो ।[३०] उनको सासू, ससूरा, देवर, जेठाजु, जेठानीहरू र नन्दहरू भएको ठूलो परिवार थियो । संयुक्त परिवारमा रहेकी

[२३] शोधनायिकाकी दिदी मिश्री लिगलबाट प्राप्त जानकारी ।
[२४] पूर्ववत् ।
[२५] शोधनायिकाबाट प्राप्त जानकारी ।
[२६] पूर्ववत् ।
[२७] पूर्ववत् ।
[२८] शोधनायिकाबाट प्राप्त जानकारी ।
[२९] शोधनागिकाकी बहिनी प्रतिभा लिगलबाट प्राप्त जानकारी।
[३०] शोधनायिकाकबाट प्राप्त जानकारी ।

गङ्गा लिगलका पति जनकप्रसाद लिगलको विवाह पूर्व नै नेपालको कृषि सेवामा सर्भिस थियो ।[३१] जागिरका क्रममा उनी यता उता जानु परेतापनि उनीहरूको दाम्पत्य जीवन भने सुखमय नै थियो । सुखद दाम्पत्य जीवनमा सन्तान प्राप्तिको सुख भने विहे गरेको चार वर्षपछि मात्र गाँसिन पुग्यो । पहिलो सन्तान छोरा जन्मिएपछि परिवारमा यसले खुसियाली छायो । त्यसपछि २०२५ सालमा उनको अर्को छोराको जन्म भयो र २०२८ सालमा उनको छोरी पनि जन्मिन् ।[३२] यसरी गङ्गा लिगल दुई छोरा र छोरीकी आमा बन्न पुगिन् । जसका कारण उनमा झन् झन् जिम्मेवारी बढ्दै गयो । यसबाट उनी कतिपनि हलचल नभई आफ्नो जागिरको काम, घर परिवारको काम, छोरा छोरीको स्याहार सुसार गरी आफ्नो दाम्पत्य जीवनलाई सुखमय तरिकाबाट व्यतीत गर्दै गइन् ।

## २.७ पारिवारिक अवस्था

संयुक्त परिवारमा जीवन बिताएकी गङ्गा लिगल २०२९ सालमा आफ्नो परिवार सहित भैरहवामा बसोवास गर्न आइ पुगिन् ।[३३] हाल उनी दुई छोरा, दुई बुहारी, नाति नातिनीहरू र श्रीमान्का साथमा जीवन बिताइरहेकी छन् । हाल उनको जेठा छोराबुहारी अमेरिका र कान्छा छोराबुहारी भैरहवामा छन् भने केही वर्षका लागि गङ्गा लिगल पनि छोराबुहारीसँगै अमेरिका मै बस्दै आएकी छन् । समग्रमा हेर्दा उनको पारिवारिक जीवन सुखमय र सन्तोषपूर्ण रहेको देखिन्छ ।

## २.८ आर्थिक अवस्था

गङ्गा लिगल मध्यम वर्गीय परिवारमा जन्मेकी व्यक्ति हुन् । काठमाडौको कीर्तिपुरमा बसोवास गर्दै आएको उनका हजुरबुबा (बाजे) पुण्यनारायण जुद्ध शमशेरको पालामा राणाहरूको बैठकेको रूपमा काम गर्ने गर्दथे ।[३४] त्यही पेसाबाटै आफ्नो घरद्वार बनाई आफ्नो बिहेदान गरेका थिए । पछि काठमाडौंबाट पाल्पामा आइ प्रशस्त जग्गा जमीन जोडी पाल्पामै बसोबास गर्दै आएका लिगलको दुई सन्तान मध्ये जेठो छोरा गणेशप्रसाद लिगल र कान्छा छोरा हरिप्रसाद लिगल थिए ।[३५]

गङ्गा लिगलका पिता गणेशप्रसाद लिगल वैद्य थिए । नेवारहरू व्यापारिक पेशामा अगाडि भएका कारण उनका पिताले पनि वैद्यको काम गरेका थिए भने कान्छा बाबु हरिप्रसादले मिठाई पसल गरेका थिए ।[३६] संयुक्त परिवारमा रहेकी गङ्गा लिगलको परिवारमा काका काकी, काकाका चार छोरा चार छोरी, फुपूहरू, भाञ्जा भाञ्जी सबै मिलेर बस्ने गर्दथे ।[३७] गणेश वैद्यले बाबुको जाहेजेथा मात्र नभई आफूले पनि प्रशस्त जग्गा जमीन जोडेका थिए तापनि दैवी विडम्वना वैद्य गणेशप्रसादको छोराछोरी सानै हुँदा उनको असामयिक मृत्यु हुन पुग्यो । यो घटनाले लिगललाई

[३१] शोधनायिकाको पति जनकप्रसाद लिगलबाट प्राप्त जानकारी ।
[३२] शोधनायिकाकबाट प्राप्त जानकारी ।
[३३] पूर्ववत् ।
[३४] शोधनायिकाको दिदी मिश्री लिगलबाट प्राप्त जानकारी ।
[३५] पूर्ववत् ।
[३६] पूर्ववत् ।
[३७] पूर्ववत् ।

केही घात हुन पुग्यो । त्यसको फलस्वरूप वाबुको मृत्यु भएको करीव ६-७ वर्षपछि काका-काकीले टुहुरा छोरीहरू र विधवा भाउजुलाई हेला गर्न थालेपछि भने उनीहरूको आर्थिक अवस्था केही कमजोर हुन पुग्यो ।[३८] यस्तो अवस्थादेखि टुहुरा बहिनीहरूको दुःखलाई राहत पुगोस् भन्ने धारणा राखी भानिज दाजुले जेठी दिदी मिश्री लिगललाई भैरहवामा ल्याई इ.रा.ल.मा.वि.मा शिक्षिका पदमा जागीर लगाइ दिए । त्यसको केही समयपछि मिश्री लिगलले आफ्ना बहिनीहरू र आमालाई भैरहवामा ल्याई भाडामा राखिन् र पछि गएर २०१९ सालमा घर जग्गा जोडी आफ्नै घरमा राख्न सफल भइन् ।[३९] त्यसपछि घरबास जोडेको १ वर्ष पुग्दानपुग्दै आफ्नी बहिनी गङ्गा लिगलको बिहेदान गरिदिने सम्पूर्ण जिम्मेवारी आफै पूरा गर्न सफल भइन् ।

यसरी काका काकीको संयुक्त परिवारमा बसेकी लिगलको बाबुको मृत्यु पश्चात् प्रसस्त जाहेजेथा (पैत्रिक सम्पत्ति) भएर पनि काका काकीले हेला गर्दा लिगलको आर्थिक अवस्था केही कमजोर हुनपुगेको थियो । तर पछिका दिनमा भने उनीहरूको आर्थिक अवस्था मजबुत हुँदै गएको छ ।

### २.९ माता पिताको देहावसान

२०११ सालमा बुबा गणेशप्रसाद लिगलको सन्तान शोकको साथै मुटु रोगका कारण मृत्यु भएको थियो ।[४०] गङ्गा लिगल झन्डै ९-१० वर्षकी हुँदा उनको बाबुको मृत्यु भए तापनि आमाले निकै दुःख कष्ट गरी सन्तानलाई राम्रो शिक्षादीक्षा र संरक्षण प्रदान गरेकी थिइन् । त्यसपछि बृद्धावस्था भएकी आमा केशलक्ष्मीको पनि ८८ वर्षको उमेरमा २०६३ सालमा देहवसान भयो । जसवाट उनी मातृस्नेहवाट वञ्चित हुन पुगिन् ।

### २.१० बसाइसराइ

गङ्गा लिगलले आफ्नो जन्मस्थान पाल्पा तानसेनको नारायणटोलमा करिब १७ वर्षको अवधि बिताइन् भने अन्य अवधिका दुई वर्ष शिक्षा आर्जनको क्रममा काठमाडौंमा विताइन् । २०२० सालमा पाल्पाबाट भैरहवामा बसाइ सरी यहीको स्थायी बासिन्दाको रूपमा रहँदै आएकी लिगल हाल अमेरिकामा बसोबास गर्दै आएकी छन् ।[४१]

### २.११ जागिरे जीवन

गङ्गा लिगलको जागिरे जीवनको प्रारम्भ २०२२ सालतिरबाट भएको हो । भैरहवाको श्री ५ इन्द्र राज्य लक्ष्मी कन्या निम्न माध्यमिक विद्यालयमा २०२२ सालदेखि कार्यरत रहेकी लिगलले २०२३ सालमा सोही विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्त भई आफ्नो जिम्मेवारी पूर्ण रूपमा

[३८] पूर्ववत् ।
[३९] शोधनायिकाबाट प्राप्त जानकारी ।
[४०] शोधनायिकाबाट प्राप्त जानकारी ।
[४१] पूर्ववत् ।

नियुक्त भई आफ्नो जीवन निर्वाह गरिन् ।[४३] २०२५ सालमा उनकै सक्रियतामा श्री.५.इ.रा.ल.कन्या नि.मा.वि लाई माध्यमिक विद्यालय बनाउन पहल गरी सबैको सहयोगमा माध्यमिक विद्यालय बनाउन सफल भइन् ।[४४] त्यसपछि आफ्नो योग्यता कम भएका कारण प्रधानाध्यापक पद छाडी साधारण शिक्षिकाको पदमा कार्यरत रहिन् । करिब ३० वर्षको लामो अवधिपछि सोही विद्यालयबाट अवकाश लिइन् ।

उनी सो विद्यालयबाट अवकाश पाउनुपूर्व वि.सं २०४९ सालमा उनी भैरहवा बहुमुखी क्याम्पसमा संस्कृति विषय प्राध्यापन पेसामा संलग्न भइन् ।[४५] २०६२ सालमा सोही क्याम्पसको स्थायी उपप्राध्यापकको रूपमा कार्यरत रहँदारहँदै वि.सं २०६२ सालको अन्ततिर आफ्ना छोराबुहारीसँग अमेरिका गइन् । हाल उनी अमेरिकाकै टिःमोवाइलमा कार्यरत छन् ।

## २.१२ आस्था र विचार

'सेवा नै धर्म हो' भन्ने गङ्गा लिगल सामाजिक कार्यप्रति पनि सक्रिय नै रहेको देखिन्छ । राजनैतिक दृष्टिले नेपाली कांग्रेसप्रतिको आस्था राखेको देखिन्छ । हिन्दु धर्मप्रति आस्था राख्ने लिगल साईभक्त भएकोले धर्मलाई आडम्बरका रूपमा लिनु हुँदैन भन्ने कुरा व्यक्त गर्दछिन् । उनी मानव भएर जन्मिएपछि देशका लागि केही गर्नुपर्छ भन्ने विचार राख्ने गर्छिन् । साहित्य आत्मसन्तुष्टिका लागि हो भन्ने विचार राख्ने लिगल साहित्यका माध्यमबाट राष्ट्रप्रेमी, मातृत्वप्रेम, मानवताको भावनाका साथै प्रकृतिप्रेमी भावनाहरू व्यक्त गर्दै साहित्य सिर्जना गर्छिन् । व्यक्ति व्यक्तिमा विश्वबन्धुत्वको भावना हुनुपर्छ भन्ने विचार राखिन्छन् ।

## २.१३ भ्रमण

भ्रमणले मानिसलाई वास्तविक शिक्षा दिन्छ । देशका विभिन्न स्थानमा जाने अवसर प्राप्त गरेकी लिगलले विभिन्न संस्कृति र जनजीवनको अध्ययन गर्ने मौका पाएकी छन् ।  कला संस्कृति विषयको अवलोकनका क्रममा र अनुकूल परेको समयमा आफ्नो पतिको जागिरको शिलशिलामा नेपालका विभिन्न ठाउँहरू काठमाडौं, पोखरा, गोर्खा, कपिलवस्तु तिलौराकोट, प्यूठान, दाङ, भारतको दार्जिलिङ, बनारस, लखनऊ र संयुक्तराज्य अमेरिकासम्म पुगेकी छन् । साहित्य गोष्ठीमा भाग लिने क्रममा अमेरिकाको वासिङ्टन डि.सी.मा समेत पुगेकी छन् ।[४६]

[४३] पूर्ववत् ।
[४४] पूर्ववत् ।
[४५] सह-प्राध्यापक बालकृष्ण भट्टराईबाट प्राप्त जानकारी ।
[४६] शोधनायिकाबाट प्राप्त जानकारी ।

## २.१४ मानसम्मान र पुरस्कार

विद्यालय स्तरबाट विभिन्न प्रतियोगिताहरूमा भाग लिइ पुरस्कार हात पार्न सफल भएकी गङ्गा लिगलले विद्यालय स्तरीय कविता प्रतियोगितामा प्रथम भई पुरस्कार पाएकी थिइन् ।[४७] यसैगरी २०४८ सालमा राष्ट्रिय शिक्षा पुरस्कार प्राप्त गरिन् । त्यसपछि 'भानुजयन्ती समारोह समिति २००९' अ.ने.सा.स. वासिङ्गटन डिसीले 'प्रसिद्ध कवयित्री २००८' को प्रमाणपत्र प्रदान गरी सम्मानित गरेको ।

## २.१५ संघसंस्थागत कार्यमा संलग्नता

गङ्गा लिगल  २०२० सालमा पाल्पा छोडेर भैरहवामा आएपछि विभिन्न साहित्यिक तथा अन्य संघसंस्थाहरूसँग आबद्ध भएर कार्य गरेकी छन् । ती निम्नानुसार छन्ः

१.वासु शशी स्मृति केन्द्र- सदस्य

२.सिद्धार्थ साहित्य परिषद्, भैरहवा- २०५९ मा कोषाध्यक्ष र पछि सदस्य

३.जनमत मासिक पत्रिका र ज्ञानज्योति त्रैमासिक पत्रिकाको- सदस्य

४.अन्तर्राष्ट्रिय साहित्य समाज-आजीवन सदस्य

५.नेत्रज्योति संघ-आजीवन सदस्य

६.नेपाल रेडक्रस सोसाइटी-आजीवन सदस्य

७.विश्वहिन्दु महासंघ रूपन्देही-आजीवन सदस्य

८.श्री सत्य साइँ केन्द्र, भैरहवा-भू.पू.अध्यक्ष

९.नेपाल परिवार नियोजन संघ-आजीवन सदस्य

१०. अमेरिका हुस्टनमा इ.स. २०१० मा अन्तराष्ट्रिय नेपाली साहित्यसमाज स्थापना गरी कार्य सञ्चालन गरेको ।[४८]

यसप्रकार गङ्गा लिगलले समाजका विभिन्न संघसंस्थासँग आबद्ध रहेर कार्यहरू गरेको पाइन्छ ।

[४७] पूर्ववत् ।
[४८] शोधनायिकासँगको कुराकानीबाट प्राप्त जानकारी ।

## २.१६ साहित्यिक क्षेत्रसँगको संलग्नता

गङ्गा लिगलले सानैदेखि कविता, कथा, मुक्तक, चुट्किलाहरू सुन्ने गर्थिन् । त्यसै अनुरूप आफूले पनि लेख्ने रुचि भएकाले विद्यार्थी जीवनदेखि नै स-साना कविता लेख्ने विद्यालयको कार्यक्रममा वाचन गर्ने बानी थियो । उनले त्यसलाई पछि निरन्तरता नदिई २०५३ सालबाट निरन्तरता दिई साहित्य क्षेत्रमा संग्लन रहेको पाइन्छ ।

### २.१६.१ लेखनको प्रेरणा र प्रभाव

सिर्जनाशक्ति जन्मजात प्रतिभाको वरदान हुने भए पनि त्यसको निमित्त प्रत्येक साहित्यकारहरूबाट बाह्य प्रेरणा पाएको, अग्रज र समकालीन साहित्यहरूबाट प्रभावित भएको देखिन्छ । पूर्वीय साहित्यशास्त्रमा पनि यस बारेमा विविध चर्चा-परिचर्चा पाइन्छ । काव्यको प्रेरक तत्त्वको रूपमा प्रतिभा, व्युत्पत्ति र अभ्यास यी तीनै कुरालाई एक न एक रूपमा सबैले स्वीकारेका छन् । त्यसमध्ये गङ्गा लिगलमा पनि यो प्रभाव पर्नु स्वाभाविकै हो । त्यसैले गङ्गा लिगलमा परेको आन्तरिक प्ररेणामा आफूले देखेभोगेका अनुभव संगीसाथीहरूको मिलन विछोडको पृष्ठभूमिबाट प्रभावित भई काव्य सिर्जनातर्फ लागेको पाइन्छ । यतिमात्र नभई आफ्नो घरटोल, छरछिमेकीको अनुभव परिवेशले पनि प्रभावित पारेको थियो । तसर्थ काव्य सिर्जनाका लागि आन्तरिक र बाह्य दुवै प्रेरणा बढी प्रभावकारी हुन्छ ।

गङ्गा लिगलले सर्वप्रथम लेखन प्रेरणा आफ्ना गुरु कुलमणि देवकोटा र माधव देवकोटाबाट प्राप्त गरेकी थिइन् । अर्कातर्फ आफ्नो घरमा फुपूले पूजापाठ सकेर गाएको श्लोकहरूबाट अत्यन्तै प्रभावित हुने गर्थिन् ।[४९] घरपरिवारमा गाउने गरेको धार्मिक श्लोकहरू उनले पनि भन्ने गर्थिन् ।[५०] पछि आफैं पढ्न सक्ने भएपछि धार्मिक श्लोकहरूका साथै भानुभक्तका कविताहरू, लक्ष्मीप्रसाद देवकोटा, केदारमान व्यथित, बालकृष्ण समका साथै रवीन्द्रनाथ टैगोर आदिका कविता समेत पढ्ने अवसर प्राप्त गरेकी थिइन् ।[५१] फलस्वरूप उनलाई पनि कविताहरू लेख्ने इच्छा अझ बढी जाग्यो र फाटफुट दुई चार लाइनबाट बढाएर दुई चार हरफ कविताहरू लेख्न सुरू गरिन् । अध्ययनकै क्रममा एक दिन साथीहरू मिलेर सल्लाघारीको सुसेली सुन्ने र त्यही रमाउने क्रममा बाटोमा उनको कानमा सल्लाहरूको सुसेली स्वरसँगै एक श्लोक पनि पर्न पुग्यो ।[५२] जसका कारण उनी अत्यन्त प्रभावित भइन् । त्यो श्लोक निम्नानुसार छ :

घाँसी दरिद्र घरको तर बुद्धि कस्तो
मो भानुभक्त धनी भै कन आज यस्तो ।[५३]

---

४९ शोधनायिकासँगको कुराकानीबाट प्राप्त जानकारी ।
५० पूर्ववत् ।
५१ पूर्ववत् ।
५२ पूर्ववत् ।
५३ पूर्ववत् ।

यसरी भानुभक्त आचार्यको यस श्लोकबाट अत्यन्तै प्रभावित भई गङ्गा लिगल काव्य सिर्जनातर्फ लागेकी थिइन् ।[५४]

### २.१६.२ लेखन प्रारम्भ र लेखनकार्य

गङ्गा लिगलको लेखन कार्य विद्यार्थी जीवनबाट सुरू भए तापनि सर्वप्रथम उनले आफ्नी सखी श्रीलक्ष्मी मल्लको पाल्पा रानीघाटमा नदीमा डुबी मृत्यु भएको वियोगमा पहिलो कविता रचना गरेकी थिइन् ।[५५] त्यो कविताको शीर्षक 'सखी वियोग' थियो । त्यसका केही हरफहरू :

तिम्रो वियोगले हृदय भरि
कहाँ पाऊँ खोज्छ तिमीलाई घरी घरी
चाहार्दै हिड्छु म नदी वरिपरि
मिलनको आशा बोकी पवन सरी
भन तिमी कहाँ छौ ?[५६]

यसरी हृदयको दर्द, पीडा र जलनबाट सिर्जित भएका कविताहरूले विशाल रूप लिन सफल भएको छ । उनको कविता भएर पनि यो औपचारिक रूपमा नआई अभिलेखकै रूपमा सीमित रहेको पाइन्छ । त्यसपछिका दिनहरूमा उनले दुई चार श्लोक, लेख रचनाहरू प्रकाशित गर्ने र वाचन समेत गर्ने गरेको पाइन्छ । यसबाट उनलाई गुरूवर्ग, परिवारजन र साथीहरूले अझ राम्रो गरी लेख्ने हौसला दिएका थिए । जसको फलस्वरूप उनले 'मानवता' नामक फुटकर कविता **देउराली** पत्रिकामा प्रकाशित गर्ने अवसर पाईन् । तैपनि त्यो कविता अभिलेखमा मात्र सुरक्षित रह्यो ।[५७] त्यसै क्रममा पछि वि.सं २०५३ सालमा भैरहवा बहुमुखी क्याम्पसबाट प्रकाशित **बौद्धिक उद्यान** नामक वार्षिक पत्रिकामा 'आमाको सपना' नामक कविता प्रकाशित गरी नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ । अझै कविताहरू लेखी उनलाई अगाडि बढ्नका लागि श्रद्धेय प्रदान गर्ने गुरुहरू बालकृष्ण भट्टराई, कपिलदेव लामिछानेबाट हौसलाका साथै लेखन कार्यमा अझ निरन्तरता ल्याउनका लागि प्रेरणा मिल्यो ।[५८]

साहित्य सिर्जना र समाजसेवा उनको रुचिका क्षेत्र भएकाले विभिन्न साहित्यक र सामाजिक संघसंस्थाहरूसँग आबद्ध रहेर पनि **बिहानी** कविता सङ्ग्रह, **गङ्गाको लहर** लेख रचनाको सँगालो, **युगज्योति** धार्मिक लेख रचनाको सँगालो, **आमा**, **गङ्गाका तरङ्गहरू** र **संगीतको आभास** नामक कविता सङ्ग्रहका साथै **ममताको खास्टो** नामक खण्डकाव्य समेत प्रकाशित गर्न सफल भइन् । यसरी सङ्ख्यात्मक रूपमा हालसम्म उनका ७ वटा कृतिहरू प्रकाशित भए तापनि वि.सं २०५८ सालमा प्रकाशित पहिलो कविता सङ्ग्रह **बिहानी** र त्यसै समय **गङ्गाका लहर** लेख रचनाको सँगालो

---

[५४] पूर्ववत् ।
[५५] पूर्ववत् ।
[५६] पूर्ववत् ।
[५७] शोधनायिकासँगको कुराकानीबाट प्राप्त जानकारी ।
[५८] पूर्ववत् ।

समेत प्रकाशित गरी नेपाली साहित्यका फाँटमा प्रथम पटक कृतिकारका रूपमा देखा पर्न सफल भएकी छन् ।

## २.१७ रुचि, सोख र स्वभाव

मानिस एउटा सामाजिक चेतनशील प्राणी भएकाले समाज र त्यसको पृष्ठभूमिमा आर्जन गरेको चेतनाले मान्छेमा अनेक किसिमका रुचिहरूलाई जन्माइदिन्छ साथै उसमा विभिन्न धारणाहरूको विकास पनि हुन पुग्छ । यसै परिपेक्ष्यमा गङ्गा लिगलका रुचिहरूलाई केलाउँदा उनी सानैदेखि सादा जीवन उच्च विचार राख्नुपर्छ भन्ने धारणा राख्थिन् । तापनि खानपान र पहिरनमा भने उनी अत्यन्त सौखिन थिइन् । खानपनको लागि कलाकारै भनिने नेवार समुदायमा जन्मिएकी भएर होला उनलाई खानपानममा अलिबढी सौख थियो ।[५९] उनी समयलाई असाध्यै महत्त्व दिन्थिन् । अलिकति समय खेर फाल्दा धेरै काम बिग्रन्छ र समयको ठीक प्रयोग गर्नाले मात्र मानव जीवन सफल र सार्थक हुन्छ भन्ने मान्यता राख्ने लिगलले फुर्सदको समयमा पुस्तकहरू पढ्ने, समाचारहरू सुन्ने र टेलिभिजनमा ज्ञानबर्द्धक कुराहरू मात्र हेर्ने गर्थिन् ।[६०] साहित्यकार, प्राध्यापक व्यक्तित्व बाहेक उनमा एक असल गृहिणी व्यक्तित्व पनि रहेकाले घर व्यवहारका कामहरूमा रुचि राख्थिन् । यस क्रममा बिदाको समय वा फुर्सदको समयमा उनले मिठा मिठा पकवानहरू बनाउने, बगैंचामा गोडमेल गर्ने, नयाँ नयाँ जातका फूलहरू राख्ने र घरको सर सफाईमा विशेष चासो राख्दछिन् ।[६१] पठन पाठनको क्रममा पहिले पहिले कथा, उपन्यास, नाटक र कला संस्कृति सम्बन्धी लेखहरू पढ्न रुचि राख्थिन् भने अहिले विभिन्न कविहरूका कविताहरू पढ्ने, आफूले कविताहरू लेख्न मन पराउँछिन् । त्यस बाहेक उनले आफ्ना विद्यार्थीहरूलाई पढ्नका लागि अल्छी गर्नु हुँदैन, पढ्नु पर्छ भनी उत्साहित पार्ने जस्ता काम गर्छिन् । यत्ति मात्र नभई सबैसँग मिलेर बस्ने, मृदुभाषी, सहयोगी जस्ता स्वभाव उनमा रहेको देखिन्छ । आध्यात्मिक चिन्तन धर्मप्रति आस्था, सत्यको पक्षमा आवाज, अन्याय अत्याचारको विरोध र अरूको कुभलो नगर्ने जस्ता स्वभावहरू उनमा रहेका छन् । विभिन्न सँघसंस्थाहरूमा आबद्ध रही जानेका कुराहरू अरूलाई सिकाउने जस्तो बानी उनमा रहेको देखिन्छ ।

## २.१८ जीवन दर्शन र मान्यता

जीवनमा परिपक्वता आउँदै जाँदा हरेक मानिसले जीवन र जगत्लाई हेर्ने र सोच्ने एउटा दृष्टिकोण आर्जन गर्दछ । यसलाई नै दर्शन भनिन्छ । दर्शन अनेक किसिमका हुन सक्दछन् तापनि एउटा जीवन बाँचेर त्यसको पृष्ठभूमिमा अन्य जीवन र जगत्लाई सोच्ने र हेर्ने एउटा आफ्नै किसिमको दृष्टिकोण नै जीवन दर्शन हो । यसै मान्यता अनुसार गङ्गा लिगलको पनि आफ्नै जीवन दर्शन र मान्यता रहेको पाइन्छ ।

[५९] शोधनायिकाकी दिदी मिश्री लिगलबाट प्राप्त जानकारी ।
[६०] शोधनायिकाकी दिदी मिश्री लिगलबाट प्राप्त जानकारी ।
[६१] शोधनायिकाकी बहिनी प्रतिभा लिगलबाट प्राप्त जानकारी ।

काम गर्न अल्छी मान्नु हुँदैन । राम्रो काम गरेमा मीठो फल पाइन्छ । राम्रो काम गरेर आफ्नो आत्मा र अरूको आत्मालाई प्रसन्न तुल्याउनु नै धर्म हो । जुन कुरा बाह्य वातावरणमा गर्न सकिन्छ त्यही नै धार्मिक कार्य हो । आफूले आफूलाई सधैं सरल साधारण र मिहिनेती बनाउने प्रयत्न गर्नु पर्दछ । सादा जीवन उच्च विचारको भावना प्रत्येक समाजका मान्छेमा जागृत हुनुपर्दछ । कसैले पनि कसै माथि दुर्व्यवहार गर्नु हुँदैन । सबैले झुठो नबोली अरूको हित हुने काम गर्नुपर्दछ । यसबाट सबैको हित भई स्वस्थ नेपाली समाजको सृजना हुन्छ । असत्यको बाटो छोडी सधै सत्यको पछि लाग्नुपर्छ । जस्तोसुकै अवस्थामा पनि सत्यको साथ नछोड्ने हो भने सधैं अघि बढ्न सकिन्छ । भनिन्छ सत्यको सधैं विजय हुन्छ भनी साईभक्त लिगल भन्ने गर्छिन् । नारी पुरुषमा भेदभाव र विश्वासको वातावरणमा बाँच्न, हाँस्न र रमाउन सक्नु नै वास्तवमा सुखद जीवन बाँच्नु हो ।[६२]

यसरी गङ्गा लिगलले एकसाथ व्यक्ति र समाजलाई स्वस्थ, सुन्दर र कल्याणकारी बनाउने आदर्शवादी दर्शन र मान्यता राखेको देखिन्छ । यसैगरी धर्मकर्म पनि गर्नुपर्छ भन्ने मान्यता राखेकी लिगलले धर्मलाई आडम्बरको रूपमा लिनु हुँदैन भन्छिन् । सबैले आफ्नो धर्मको रक्षा गर्नुपर्छ । यसले मानिसलाई आत्मसन्तुष्टि दिन्छ भन्ने मान्यता उनको रहेको छ ।[६३] धर्म गर्नाले मानिसलाई आत्मविश्वास प्राप्त भई दैनिक कार्यहरू पनि सम्पन्न गर्न जोश जाँगर चल्छ भन्ने विश्वास उनमा रहेको पाइन्छ । उनले दैनिक भगवान्लाई पूजागर्ने बानी गर्‍यो भने मनका कसमस जति हटेर भगवानप्रति आस्था राख्नाले मन सफा हुन्छ भन्ने धार्मिक मान्यता राख्ने गरेको पाइन्छ ।[६४] यसैअनुरूप उनको जीवनदर्शन र मान्यता सुदृढ बनेको पाइन्छ ।

[६२] शोधनायिकाबाट प्राप्त जानकारी ।
[६३] शोधनायिकाबाट प्राप्त जानकारी ।
[६४] पूर्ववत् ।

# परिच्छेद तीन

# गङ्गा लिगलको व्यक्तित्वको अध्ययन

## ३.१ गङ्गा लिगलको व्यक्तित्व निर्माणको पृष्ठभूमि र आधार

व्यक्तित्व भनेको मानवीय कुरा हो । हरेक व्यक्तिको आफ्नै एक विशिष्ठ व्यक्तित्व हुन्छ । व्यक्तित्व भनेको निजी कुरा हो । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई उसको समाज, परिवार, स्वभाव, शारीरिक बनावट, कार्यशैली जीवन भोगाइ र यसका संरचनात्मक तत्त्व वंशानुक्रम र अनेक किसिमका सामाजिक परिस्थितिहरूका आधारमा अध्ययन गरी विश्लेषण गरेको देखिन्छ ।[1] यसै क्रममा गङ्गा लिगलको व्यक्तित्व निर्माणका पृष्ठभूमिलाई हेर्दा उनको माता, पिता, फुपू र आफ्नी दिदीको बोलीव्यवहार, आचरण, पारिवारिक-आर्थिक पृष्ठभूमि, सामाजिक-सांस्कृतिक धार्मिक आस्था, उसको रहन सहन, रुचि, पेसा, जीवनप्रतिको दृष्टिकोण जस्ता कुराको विशेष प्रभाव परेको देखिन्छ । यिनै व्यक्तित्वको सद्गुणहरू र अन्य गुणहरूको प्रभाव लिगलको व्यक्तित्व निर्माणको मुख्य पृष्ठभूमि र आधार भएको पाइन्छ ।

यसरी व्यक्तिमा निहित गुणले वैयक्तिक व्यक्तित्व प्रस्तुत गर्दछ भने सिर्जनशील एवम् सामाजिक कार्यका उच्चताले सार्वजनिक व्यक्तित्व प्रस्तुत गर्दछ । यसै अनुरूप बाह्य संरचनाका दृष्टिले गङ्गा लिगलको व्यक्तित्व सामान्य देखिए पनि उनीभित्र अन्तर्निहित व्यक्तित्व भने ओजपूर्ण रहेको छ । यसै सन्दर्भमा आधारित उनको व्यक्तित्वलाई मुख्य रूपमा बाह्य र आन्तरिक गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

## ३.२ गङ्गा लिगलको बाह्य व्यक्तित्व

बाह्य व्यक्तित्व भन्नाले कुनै पनि व्यक्तिको शारीरिक संगठन, वर्ण, आकार, प्रकार लवाइ खवाइ र झट्ट हेर्दा पर्ने प्रभावलाई बुझिन्छ । यसै आधारमा गङ्गा लिगलको बाह्य व्यक्तित्वको लेखाजोखा गर्नु पर्दा उनको शारीरिक रूपरङ्गको वर्णन गर्नु उपयुक्त हुन आउँछ ।

### ३.२.१ गङ्गा लिगलको शारीरिक व्यक्तित्व

झट्ट हेर्दा मझौला कद, पुष्ट परेको शरीर, गहुँगोरो वर्ण, गोलो र हँसिलो मुखाकृति, आकर्षक आँखा, ठूलो निधार, कालो लामो केश सधैं जसो एकै किसिमले रानीको जस्तो बनाउने, साडी ब्लाउजमा नै सुसज्जित देखिने आकर्षक जिउडाल भएकी गङ्गा लिगलले आफ्नो जीवनको आधा शताब्दी पूरा गरिसकेर पनि आधुनिक परिवेश र युगको चाहना अनुरूप आफूलाई परिवर्तन गर्दै

[1] सहप्रा.बालकृष्ण भट्टराईबाट प्राप्त जानकारी ।

पाइला चालेको देखिन्छ । कहिलेकाँही सुरुवाल कुर्था लगाउने लिगल घरमा बस्दा गाउन र सुती साडी लगाउन रुचाउँछिन् । प्राय जसो अध्ययन अध्यापनमा नै व्यस्त देखिने लिगल बिहान ७ बजेदेखि ९ बजेसम्मको समय बाहेक अरू समय घरमा बिताउने गर्छिन् । बुढयौलीको सङ्केत हो या आँखा कमजोरकै कारण हो सधैं चश्मा लगाएर हिड्ने गर्छिन् । आकर्षक पहिरनमा हिँडडुल गर्न मन पराउने लिगलको हिडाइ शान्त स्वभावको छ । कहिल्यै हतार भएको जस्तो महसुस नहुने लिगलको बाह्य व्यक्तित्व शान्त प्रकृतिको अनुहार हृष्टपुष्ठ चटक्क परेको शारीरिक संरचना आकर्षक रहेको छ । उनी मृदुभाषी सुन्दर पनि देखिन्छन् ।

### ३.३ गङ्गा लिगलको आन्तरिक व्यक्तित्व

व्यक्तिमा हुने भाव वा अर्थ नै व्यक्तित्व हो । मान्छेको बाह्य व्यक्तित्व जति भिन्न भिन्न देखिन्छ । त्यत्तिकै रूपमा आन्तरिक व्यक्तित्व पनि फरक हुन्छ । मानवीय आन्तरिक व्यक्तित्व भन्नाले मान्छेका शील, स्वभाव गुण चिन्तन मनन, आचरण र प्रभाव जस्ता उनका आन्तरिक प्रवृत्तिलाई बुझ्नुपर्दछ । यसै परिपेक्ष्यमा गङ्गा लिगलको आन्तरिक व्यक्तित्व पनि दृढ, स्वच्छ, उदार र समुन्नत छ । यसैको फलस्वरूप धेरै नबोल्ने तर अर्थपूर्ण बोल्ने गङ्गा लिगलको सानै उमेरदेखि मिजासिलो स्वभाव आफूभन्दा ठूलाले भनेको खुरुक्क मान्ने, ठूलालाई आदर र सानालाई माया गर्ने स्वभाव थियो । कसैसँग झैझगडा नगर्ने, संसर्गमा बस्न मन पराउने लिगल अनावश्यक रूपमा झर्कने, रिसाउने उनको बानी छैन । कहिलेकाहीँ हलुका ख्याल ठट्टा गर्न मन पराउने लिगल कसैले नमिठो भने पनि उनी नराम्रो नमानी हाँसोमा उढाउने गर्छिन् । आफ्नो भुलसुधारलाई सहज रूपमा ग्रहण गर्ने स्वभाव उनको रहेको छ । पुरुषप्रधान नेपाली समाजमा पनि नारीहरूले आफूलाई पुरुष जत्तिकै र कतिपय स्थितिमा पुरुषभन्दा पनि सक्षम, सबल र योग्य तुल्याउन सक्छन् भन्ने आत्मविश्वास नै उनका आन्तरिक व्यक्तित्वको आधारभूमि रहेको पाइन्छ ।[२] यसै आधारमा उठेको गङ्गा लिगलको आन्तरिक व्यक्तित्व सजग, सचेत, दयालु, सक्रिय र स्वाभिमानी किसिमको देखिन्छ ।

### ३.४ गङ्गा लिगलका व्यक्तित्वका विभिन्न पाटाहरू

गङ्गा लिगल बहुमुखी व्यक्तित्वकी धनी देखिन्छिन् । यसै आधारमा उनको व्यक्तित्वलाई साहित्यिक र साहित्येतर व्यक्तित्वका रूपमा विभाजन गर्न सकिन्छ ।

#### ३.४.१ साहित्यिक व्यक्तित्व

गङ्गा लिगलको सिर्जनशील व्यक्तित्वलाई सामान्य रूपमा कवि, कथाकार, निबन्धकार, मुक्तककार आदि व्यक्तित्वको रूपमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । २०५३ सालको समयावधिबाट नेपाली साहित्यका फाँटमा उदाएकी गङ्गा लिगलले २०५८-५९ मा दुई वटा कृतिहरू प्रकाशनमा ल्याई नेपाली साहित्यका क्षेत्रमा पाइला राख्न सफल भएकी हुन् । **बिहानी** कविता

---

[२] शोधनायिकाका पति जनक प्रसाद लिगलबाट प्राप्त जानकारी ।

सङ्ग्रह लिएर कविता क्षेत्रमा देखापरिन् भने **गङ्गाको लहर** लेख रचनाको सँगालो लिएर कथा, निबन्ध, मुक्तक, ठटयौली र अन्य लेखरचनाहरूका साथमा उदाउन सक्षम भइन् । यसै अनुरूप उनको अन्य व्यक्तित्व भन्दा कवि व्यक्तित्वनै बढी मौलाएको पाइन्छ । यसरी आफ्नो जीवनको अधिकांश समय साहित्य साधनामा नै बिताउन मन पराउने लिगलले आफ्ना रचनाको मन्तव्यमा साहित्यलाई आफ्नो प्राण हो भनेको समेत पाइन्छ ।[३]

### ३.४.१.१ कवि व्यक्तित्व

विद्यार्थी जीवनबाटै फाटफुट पूर्वाभ्यास गरे तापनि अभिलेखमा मात्रै सीमित रहेको जानकारीका कारण २०५३ सालमा 'आमाको सपना' नामक कविता लिएर नेपाली साहित्यका फाँटमा देखा पर्न सफल भएकी लिगल एक सहज कवयित्रीका रूपमा परिचित छन् । विशेष गरी एकान्तमा प्रकृतिको काखमा बस्दा र हिजोआज त झन् उायास्पोरामा रहँदा मातृभूमिप्रतिको प्रेम, आमाको अगाध मायाका भावहरूले कविता सिर्जना गर्न सक्ने काव्य प्रतिभा उनमा पाइन्छ ।[४] उनी प्रायः गद्यमा भन्दा शास्त्रीय वा लोक लयमा कविता लेख्ने गर्छिन् । कवयित्री लिगलको साहित्य साधना फुटकर लेख रचना प्रकाशन भन्दा कृति रचना प्रकाशनतर्फ सक्रिय रहेको देखिन्छ । यस क्रममा रचिएका प्रकाशित कृतिहरू **'बिहानी'** कविता सङ्ग्रह (२०५८) **'आमा'** कविता सङ्ग्रह ( २०६४),**गङ्गाका तरङ्गहरू** कविता सङ्ग्रह (२०६४), **संगीतको आभास** कविता सङ्ग्रह (२००७) र **ममताको खास्टो** (२०६६) खण्डकाव्य क्रमशः, न्यू क्षेष्ठ छापाखानाबाट महाशिवरात्रीका दिन दुई कृति प्रकाशित र अन्तर्राष्ट्रिय नेपाली समाज वासिङ्गटन डि.सी. बाट दुई कृति गरी कविता कृतिहरू हालसम्म पाँच वटा प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त विभिन्न संघसंस्थाद्वारा आयोजित कार्यक्रमहरूमा सहभागी भएर मीठा मीठा फुटकर कविता वाचन गर्ने लिगलले सबैलाई आनन्दित तुल्याउँछिन् ।

यसरी उनका प्रकाशित काव्य कृतिलाई मात्र आधार मानेर हेर्दा उनको अन्य विधामा भन्दा काव्य विधामा नै बढी समय खर्च भएको देखिन्छ । गङ्गा लिगलले देखेभोगेका अनुभव, मातृत्वप्रेमका भावहरू, मातृभूमिप्रतिको अगाध प्रेम, राष्ट्रियताको वर्णन, प्रकृतिको वर्णन आदिलाई प्रस्तुत गर्ने कवि शैली प्रभावपूर्ण रहेको देखिन्छ ।

### ३.४.१.२ कथाकार व्यक्तित्व

गङ्गा लिगलको पहिलो कथा 'परिवर्तन' २०५० सालमा **देउराली** पत्रिकामा प्रकाशित भएको देखिन्छ ।[५] यसै कथाका माध्यमबाट कथा क्षेत्रमा देखिन पुगे तापनि आफ्नो साहित्यिक जीवनमा

---

३ शोधनायिकाबाट प्राप्त जानकारी ।
४ शोधनायिकाका पति जनकप्रसाद लिगलबाट प्राप्त जानकारी ।
५ शोधनायिकाबाट प्राप्त जानकारी ।

जम्मा चारवटा कथाहरू मात्र रचना गरेकी छन् । लिगलले ती कथाहरूलाई **गङ्गाको लहर** नामक पुस्तकमा अन्य लेख रचनाहरूका साथमा राखेकी छन् । ती कथाहरू हुन्- नारी बिडम्बना, परिवर्तन, विपन्नताको आभास र ऐना आदि कथा लेखेकी छन् । उनका कथाहरूमा नारी विघटन, सामाजिक परिवेश, गरीबीका कारण अर्काको घरमा काम गर्नुपर्ने अवस्था र यौन मनोविज्ञानका विषयमा रहेका कथाहरूका मूलभूत प्रवृत्ति यस्ता खालका पाइन्छन् ।

### ३.४.१.३ निबन्धकार व्यक्तित्व

बहुमुखी प्रतिभाशाली नारी हस्ताक्षर गङ्गा लिगलले निबन्ध विधामा पनि कलम चलाएकी छन् । 'शिक्षा' नामक निबन्धबाट सुरु भएको उनको निबन्धकारिता हाल छिट्पुट रूपमा लेखिरहेतापनि कृतिका रूपमा भने रहेको देखिदैन ।

### ३.४.१.४ मुक्तककार व्यक्तित्व

साहित्यका सबै जसो विधामा फाटफुट कलम चलाएकी लिगलले कविता विधा अन्तर्गतको मुक्तक विधामा पनि कलम चलाउने प्रयास गरेकी छन् । कुनै छुट्टै कृतिकै रूपमा प्रकाशनमा नल्याए तापनि एउटै कृतिमा सबै साहित्यिक रचनाहरूलाई एकीकृत गरी प्रकाशनमा ल्याएको कृति गङ्गाको लहर हो । यसमा कतै देशमा बढेको कुप्रथालाई व्यङ्ग गरिएको छ त कतै मानिसलाई नै व्यङ्ग गरिएको छ । यसरी थोरै भए पनि तार्किक खालका मुक्तकहरू उनले प्रस्तुत गरेकी छन् ।

## ३.५ साहित्येतर व्यक्तित्व

मानिस सधैं एउटै बाटोमा हिँडिरहन सक्तैन । उसका जीवनका बाटाहरू चारैतिर फिजारिएका हुन्छन् । त्यस्तै गङ्गा लिगलले पनि व्यक्तित्व निर्माण गरेकी छन् । उनमा लेखिका व्यक्तित्व, व्यापारिक व्यक्तित्व, समाजसेवी वा सामाजिक व्यक्तित्व, शिक्षिका व्यक्तित्व, प्राध्यापक व्यक्तित्व, गृहिणी व्यक्तित्व, नारी सुलभ व्यक्तित्व पाइन्छ । यिनै व्यक्तित्वहरूले साहित्यकार लिगललाई अझै उत्कर्षमा पुऱ्याएको छ ।

### ३.५.१ लेखक व्यक्तित्व

**हाम्रो प्रेरणा** मासिक पत्रिकामा गङ्गा लिगलले संस्कृतिसम्बन्धी थुप्रै रचनाहरू प्रकाशित गरेकी छन् । मूलतः संस्कृति विषयकी अध्यापिका भएका कारणले गर्दा पनि साहित्यका अन्य विधाहरूका साथै संस्कृति विषयका रचनाहरू पनि उनले सिर्जना गरेकी छन् । यसका साथै आध्यात्मिक विचार धाराको चिन्तन गर्ने साइँभक्त गङ्गा लिगलले साईबाबाको ८० औं जन्मोत्सवका उपलक्ष्यमा आध्यात्मिक चिन्तनमा आधारित रही कृति प्रकाशन समेत गरेकी छन् । त्यस्तै कला संस्कृति सम्बन्धी विभिन्न रोचक रचनाहरू पनि कृति तथा अन्य मासिक पत्रिकामा प्रकाशित गरिसकेकी छन् ।

### ३.५.२ शिक्षक/प्राध्यापक व्यक्तित्व

साहित्यकार गङ्गा लिगलको साहित्येतर व्यक्तित्वको महत्त्वपूर्ण पाटो शिक्षक/ प्राध्यापक व्यक्तित्व हो । उनको जीवनको महत्त्वपूर्ण समय र चिन्तन यसै व्यक्तित्व निर्माणमा खर्च भएको छ । २०२२ सालदेखि उनी इन्द्रराज्य लक्ष्मी मिडिल कन्या नि.मा.वि मा सेवारत रहँदा रहदै २०२४ मा सोही विद्यालयमा प्रधानाध्यापकको रिक्त पद पूर्ति गरी सोही अवधिमा उक्त विद्यालयलाई मा.वि बनाउने पहल गरी उनकै सक्रियतामा मा.वि हुन पुग्यो । आफ्नो योग्यताको कमीका कारण सो पद छोडी शिक्षक पदमा नै २०५२ सालसम्म सेवारत थिइन् । उनले २०४८ मा एम.ए अध्ययन पूरा गरी २०४९ सालदेखि भैरहवा बहुमुखी क्याम्पसमा प्राध्यापन पेशामा कार्यरत रहँदा रहँदै २०६२ सालको अन्त्यतिर आफ्ना छोराबुहारीसँग संयुक्तराज्य अमेरिका गई हाल त्यही नै कार्यरत छन् ।

### ३.५.३ व्यापारिक व्यक्तित्व

नेवार समुदायको मुख्य पेशा व्यापार भएकोले आफ्नो परम्परा र संस्कारलाई धान्नका लागि भएपनि जीवनको केही समय व्यापारिक पेशामा संलग्न रहेको देखिन्छ ।[६] २०४५ सालमा भैरहवास्थित चैराहामा फेन्सी दुकान राखी व्यापारिक व्यक्तित्वमा सरिक देखिएकी छिन् ।

### ३.५.४ सामाजिक व्यक्तित्व

समाजविहिन भएर रहन नसक्ने मानिस सामाजिक प्राणी हुनाले प्रत्येक मानिसको आफ्नो रुचि र साधनाको क्षेत्र साहित्य भएकाले विभिन्न साहित्यक गतिविधिमा संलग्न भएर समाजलाई एक सुन्दर र निश्चित मार्गतर्फ अगाडि बढाउने प्रयास गङ्गा लिगलबाट भएको देखिन्छ । पेसाले शिक्षक भएकाले विभिन्न शैक्षिक गतिविधिमा लिगल सक्रिय देखिन्छिन् ।

प्रत्येक शोषणरहित, छुवाछुतरहित, सानोठूलो रहित समाजको परिकल्पना गर्ने लिगलले साहित्य सिर्जना गर्नुको प्रमुख लक्ष्य नै यस्तै समाजको निर्माणका लागि हो भन्ने गर्छिन् ।[७] सुन्दर समाज बनाउने अभिलाषा भएका कारणले होला प्रत्येक महिलालाई साक्षरता बनाउने उद्देश्य राखी भैरहवाको १३ वटा वडामा निःशुल्क महिला साक्षरता अभियान २०५५ बाट लगभग पाँच वर्षसम्म सोही कार्यमा संलग्न भई सफलता पूर्वक काम गर्न सक्षम भइन् । नेत्र ज्योति संघ, नेपाल परिवार नियोजन संघ, नेपाल रेडक्रस सोसाइटी, विश्वहिन्दू महासङ्घ रूपन्देही, अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाज आदिमा आजीवन सदस्य, जनमत मासिक पत्रिका, ज्ञानज्योति त्रैमासिक पत्रिका आदिको सदस्य पदमा आबद्ध रहनुका साथै २०५९ मा सिद्धार्थ साहित्य परिषदमा कोषाध्यक्ष, श्री

---

[६] शोधनायिकाका पति जनकप्रसाद लिगलबाट प्राप्त जानकारी ।
[७] शोधनायिकाबाट प्राप्त जानकारी ।

सत्यसाई सेवा केन्द्रको भू.पू. अध्यक्ष र वासु शशी स्मृति केन्द्रको सदस्य पदमा रही यी संस्थाहरूमा सेवा गरेको देखिन्छ।[८]

यिनै विभिन्न संघ-संस्थाहरूमा आवद्ध रही विभिन्न सेवा र सहयोग गर्दै आएकी साहित्यकार गङ्गा लिगल समाजसेवी समेत भएको पुष्टि हुन्छ ।

### ३.५.५ गृहिणी व्यक्तित्व

नारीहरूको महत्त्वपूर्ण पहिचान भनेको गृहिणी व्यक्तित्व हो । त्यसै व्यक्तित्वमा आधारित रही उसको गृहिणी व्यक्तित्व कस्तो छ भन्ने प्रमाणित गरिएको हुन्छ । त्यसै अनुरूप गङ्गा लिगलको गृहिणी व्यक्तित्व पनि अत्यन्त सफल देखिन्छ । २०२० सालमा वैवाहिक जीवनमा बाँधिन पुगेपछि संयुक्त परिवारमा एक असल बुहारीको भूमिका निर्वाह गर्छिन् । सासू, ससुरा, देवर, जेठाजु, जेठानी र नन्दहरू भएको ठूलो परिवारमा रहेर आफ्नो मर्यादा र कर्तव्यबाट कत्ति पनि हलचल नभई छोराछोरीहरूको राम्रो स्याहार सम्भार गर्दै जागिरे जीवन समेत बिताउन पुगेकी लिगलको गृहिणी व्यक्तित्व कुशल देखिन्छ ।

## ३.६ नारी सुलभ गुणहरू

गङ्गा लिगलका नारी सुलभ गुणहरूमा मृदुभाषी बोली, मिलनसार मिजासिलो स्वभाव, घर परिवार वरपर छरछिमेकी सबैसँग राम्रो व्यवहार गर्ने, मुसुक्क हाँसेर बोल्ने बानी कसैसँग पनि नरिसाउने जस्ता कुशल व्यक्तित्वहरू उनमा देखिन्छ ।

समग्रमा अनुकूल र प्रतिकूल परिस्थितिबाट गुज्रिनै पर्ने जीवन भोगाइबाट आर्जित अनुभूतिहरूले मानिसहरूलाई परिपक्व अनुभव प्रदान गर्दछ । त्यस्तै आफूले देखे भोगेका यथार्थ परिस्थितिप्रति संवेदनशील साहित्यकार हृदय स्वतःआकृष्ट हुन्छ । त्यस्तै गङ्गा लिगलको व्यक्तित्वलाई साहित्यतेर व्यक्तित्वका साथै साहित्य सिर्जनातर्फ अझै सघाउदै लैजानाले उनीबाट अझ धेरै उत्कृष्ट खालका साहित्यिक रचनाहरू प्रकाशित हुनेछन् ।

यसरी उनको जीवन भोगाइ एवम् व्यक्तित्वले स्वतःसाहित्यलेखन प्रभावित भएको देखिन्छ भने साहित्यक लेखनको सबलतामा यिनको समग्र व्यक्तित्व केन्द्रित रहेको पाइन्छ ।

---

[८] पूर्ववत्।

## परिच्छेद चार

# साहित्यकार गङ्गा लिगलको कविता यात्रा र प्रवृत्तिको निरूपरण

### ४.१ नेपाली साहित्यमा गङ्गा लिगलको आगमन र उनको कविता यात्रा

पाल्पाको तानसेनमा जन्मे हुर्केकी गङ्गा लिगलले विशेषतःआफ्नी सखी श्रीलक्ष्मीको वियोगपछि साहित्य सेवामा समर्पित हुने उत्प्रेरणा प्राप्त गरेकी हुन् । यसका साथै आफ्नो घरमा फुपू एवं आमाहरूले पूजापाठ गर्दा भन्ने गरेका गीता तथा रामायणका श्लोकहरूबाट साहित्यसाधनातर्फ अगाडि बढ्ने अवसर प्राप्त गरेकी हुन् । उनले विद्यालयीय जीवनबाट नै विभिन्न प्रतियोगिताहरूमा सहभागी हुने र त्यस समयमा प्रथम, द्वितीय स्थान समेत प्राप्त गर्ने गर्थिन् ।[१] यसरी बेलाबेलामा कविता प्रतियोगितामा सहभागी हुने क्रममा उनलाई आफ्ना गुरु एवम् गुरु आमाहरूका साथै आफ्ना संगीसाथीहरू र घरपरिवारहरूले साहित्य साधनामा लाग्ने प्रेरणा दिने गर्दथे । तैपनि उनले २०३५ सालतिर कविता लेखी **देउराली** पत्रिकामा छपाउने अवसर प्राप्त गरिन् । तर त्यो कविता अहिले अभिलेखमै रहेको पाइन्छ । त्यसपछि फाटफुट रूपमा विभिन्न कार्यक्रममा कविताहरू वाचन गर्ने गरेको सुन्नमा आउँछ । गङ्गा लिगलले धेरै पहिले लगभग बीसको दशकतिर नै साहित्यका विविध विधामा कलम चलाएकी थिइन् । २०५३ मा प्रकाशित 'आमाको सपना' नामक फुटकर कविता उनको पहिलो प्रकाशित रचना भए पनि २०५८/५९ सालतिर आएर मात्र उनका कविता सङ्ग्रह र लेख रचनाको सङ्गालो प्रकाशित भएको पाइन्छ । त्यसपछि मात्र उनले आफ्नो लेखन कार्यलाई निरन्तरता दिएको पाइन्छ ।

नेपाली साहित्यका फाँटमा झन्डै आधा दर्जन पुस्तकहरूको रचना गर्न सफल गङ्गा लिगल नेपाली साहित्यका फाँटमा अपरिचित नै छन् । उनी २०५८ सालमा प्रकाशित **बिहानी** कविता सङ्ग्रह र **गङ्गाको लहर** लेख रचनाको सङ्गालो लिएर प्रथम पटक नेपाली साहित्यमा देखा परेकी हुन् । सानै उमेरदेखि कविता सुन्न मन पराउने, सरल साहित्यिक पुस्तकहरू पढ्न मनपराउने लिगललाई भानुभक्तीय श्लोकले आकर्षण गऱ्यो ।[२]

यसरी भानुक्तीय श्लोकले आकर्षित भएकी गङ्गा लिगल नेपाली साहित्यका क्षेत्रमा विशेष अभिरुचिका साथ लागिपर्दै आजसम्म क्रियाशील रहेकी छिन् । मोटामोटी रूपमा लगभग दुई दशक जति नेपाली साहित्यका क्षेत्रमा आफ्नो अमूल्य समय खर्च गरेकी लिगलले आजसम्म झन्डै आधा दर्जन जति कविता संङ्ग्रह, एक वटा लेख रचनाको सङ्गालो र एउटा धार्मिक ग्रन्थ आदि प्रकाशित

---

[१] शोधनायिकाको दाजुबाट प्राप्त जानकारी ।
[२] शोधनायिकाबाट प्राप्त जानकारी ।

भइ सकेकी छन् । प्रकाशनका दृष्टिले २०५३ सालदेखि नेपाली साहित्यको सेवामा साहित्य साधना र संस्थागत माध्यमबाट संलग्न रहँदै आएकी लिगलको साहित्यिक यात्रा साहित्यिक रूपमा विविधता रहेको पाइन्छ । सुरूदेखि आजसम्म आइपुग्दा उनको लेखनमा विभिन्न परिवर्तनहरू देखा परे तापनि यसबीच विषयवस्तु, भाषाशैली, उद्देश्य आदिमा नवीनता स्तरीयता केही मात्रामा थपिदैं आएका छन् । यसरी उनको दुई दशकको साहित्य यात्रालाई मोटामोटी रूपमा पूर्वार्द्ध र उत्तरार्द्ध गरी मुख्य रूपमा दुई चरणमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ । यस क्रममा २०५३ देखि २०६० सम्मको अवधिलाई पूर्वार्द्ध चरण र २०६१ देखि हालसम्मको अवधिलाई उत्तरार्द्ध चरण मानिएको छ ।

### ४.१.२ गङ्गा लिगलको साहित्यिक यात्रा

नेपाली साहित्यका फाँटमा २०३५ सालमा 'मानवता' कविता लेखेर **देउराली** पत्रिकामा प्रकाशित गरेकी गङ्गा लिगलको उक्त कविता हाल फेला नपरेको हुँदा भैरहवा बहुमुखी क्याम्पसबाट निस्कने **बौद्धिक उद्यान** नामक पत्रिकामा २०५३ सालमा प्रकाशित 'आमाको सपना' नामक फुटकर कविता लेखेर नेपाली साहित्य लेखनको प्रारम्भ गरेकी गङ्गा लिगल हालसम्म पनि साहित्य रचनामा क्रियाशील रहेकी छन् । १५ वर्षीय लामो साहित्यक यात्रामा उनले निरन्तर रूपमा कलम चलाउँदै नेपाली साहित्यका क्षेत्रमा योगदान पुऱ्याँउदै आएकी छन् । प्रारम्भदेखि नै उनको लेखन कार्य अगाडि बढेको छ ।

यसका आधारमा रहेर उनको साहित्यक यात्रालाई निम्न दुई चरणमा विभाजन गर्न सकिन्छ :

(क) २०५३ देखि २०६० सम्मको पूर्वार्द्ध चरण

(ख) २०६१ देखि हालसम्म उत्तरार्द्ध चरण

**(क) पूर्वार्द्ध चरण (२०५३ – २०६० सम्म)**

सर्वप्रथम वि.सं २०५३ सालमा भैरहवा बहुमुखी क्याम्पसबाट प्रकाशित 'बौद्धिक उद्यान' नामक पत्रिकामा प्रकाशित 'आमाको सपना' नामक फुटकर कविताको माध्यमबाट नेपाली साहित्यका फाँटमा लिगल देखापरेकी हुन् । लिगलको २०५३ सालदेखि २०६० सालसम्मको झन्डै एक दशकको अवधिमा उनका फुटकर रचनाहरू प्रकाशित भए तापनि पुस्तकका रूपमा दुई कृतिहरू प्रकाशित भएको पाइन्छ । २०५८ सालमा यी दुई कृतिहरू प्रकाशित भएका हुन् । **गङ्गाको लहर** लेख रचनाको सँगालो पुस्तकमा 'आफ्नै कलमः आफ्नै विषय' भनेर दिइएको शीर्षकमा लेखिकाले पुस्तकको आकारमा यो मेरो प्रथम प्रयास हो भनेकी छन् । अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा प्रकाशित यी कृतिहरूमा दुःख सुख नारी वेदनाका विषयलाई लिएकी छन् भने **बिहानी** कविता सङ्ग्रहमा पनि नारी उत्पीडन दुःख सुखको पीर गुनासा राष्ट्र प्रेम, मातृभूमि र इतिहासको चर्चा गरेकी छन् । यी कृतिहरूमा सरल र सहज भाषाको प्रयोग गरिएको छ ।

**(ख) उत्तरार्द्ध चरण** (**२०६१ – हालसम्म** )

उत्तरार्द्ध चरण  २०६१ सालबाट सुरू भए तापनि उनको २०६१ सालमा कुनै पनि कृति प्रकाशन भएको भने पाइँदैन । यो साल प्रकाशनको हिसाबले शून्य भए पनि लेखन कार्यमा भने निरन्तरता नै भएको पाइन्छ किनभने २०६२ सालमा गएर उनको **युगज्योति** नामक धार्मिक लेख रचनाको संगालो कृति प्रकाशन भएको छ । यसलाई लिगलले श्री सत्यसाई बाबाको ८० औं शुभजन्मोत्सवको उपलक्ष्यमा प्रकाशित गरेकी हुन् । उनको यो कृतिमा सम्पूर्ण रूपमा धार्मिक पक्षलाई मात्र विषय बनाई लेखिएको छ । २०६४ सालमा महाशिवरात्रिको अवसरमा उनको एकैचोटि दुईवटा कृति प्रकाशित भएका छन् । ती कृतिहरू हुन् **आमा** र **गङ्गाका तरङ्गहरू** । त्यसपछि २०६५ सालमा **संगीतको आभास** नामक कविता सङ्ग्रह र २०६६ सालमा **ममताको खास्टो** नामक खण्डकाव्य प्रकाशित गरी नेपाली साहित्यका फाँटमा सबल नारी हस्ताक्षरको रूपमा देखिएकी छन् । मूलतः यी कृतिहरूमा राष्ट्रियता, मातृभूमिप्रतिको अगाध प्रेम, वात्सल्य प्रेम, मातृत्व भाव, राष्ट्रप्रेम, प्रकृतिप्रेम, नारी विडम्बना, आप्रवासी स्वरमा प्रकृति चित्रणका साथै डायास्पोराको वर्णन जस्ता विषयलाई कवितामा राखिएको छ । उनका कविताहरू देशप्रेम, मातृत्वप्रेम, प्रकृति चित्रण, नारी जागरण, समाज सुधार जस्ता विभिन्न सन्दर्भहरूले कवितालाई ओजपूर्ण बनाएका  छन् ।

# परिच्छेद पाँच

# गङ्गा लिगलका कृतित्व

## ५.१ कविताको सैद्धान्तिक पक्ष र गङ्गा लिगलका कविता सङ्ग्रहको अध्ययन

### ५.१.१ कविताको परिचय

ज्ञान विज्ञानको सिङ्गो वाङ्मयभित्रको एउटा विधा यो वाङ्मयको रागात्मक वा बौद्धिक प्रयोजन भन्दा भिन्न सौन्दर्यात्मक प्रयोजन मुख्य भएको भावप्रधान प्रयोगस्थल हो ।[1] कविता भनेको भाव, विचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचना हो ।[2] कविताको परिभाषा पूर्वीय तथा पाश्चात्य आचार्यहरूले आ-आफ्नो किसिमले गरेका छन् । कविताको परिभाषा दिने क्रममा कुनै विद्वान्ले रसात्मक वाक्यलाई कविता भनेका छन् त कुनै विद्वान्ले कल्पनाको अभिव्यक्तिलाई नै कविता मानेका छन् ।

कवितामा भावानाभूतिको प्रबर्द्धन र विषयवस्तुमा आख्यानीकरणका दृष्टिले कविताका विधा उपविधात्मक रूपलाई वर्गीकरण यसरी गरिन्छ :

क) लघुत्तम रूप : मुक्तक

ख) लघु रूप : फुटकर कविता

ग) मझौला रूप : खण्डकाव्य

घ) वृहत् रूप : महाकाव्य

ङ) वृहत्तर रूप : विकसित महाकाव्य

### ५.१.२ कविताका तत्त्वहरू

#### ५.१.२.१ शीर्षक

शीर्षकले कविताभित्र सम्पूर्ण सारपूर्ण भाव, विचारको प्रतिनिधित्व, औचित्वपूर्ण र कलात्मकताको छनौट गरेको हुन्छ । शीर्षकको चयनमा कविताभित्र अटाएका समग्र विषयवस्तुको भावले सामान्य अर्थ दिने गर्दछ । तसर्थ शीर्षक भन्नाले कविताकृतिको नामाकरण भन्ने बुझिन्छ ।

---

[1] वासुदेव त्रिपाठी र अन्य ,सम्पा, कविताको विधागत चिनारी नेपाली कविता भाग ४, दो.सं., काठमाडौं साझा प्रकाशन २०५३ पृ. १५ ।

[2] खगेन्द्र लुइटेल, नेपाली कविताको संरचनात्मक विश्लेषण , काठमाडौं : विधार्थी पुस्तक भण्डार, पृ. १५ ।

### ५.१.२.२ संरचना

संरचना वस्तुको बनोट हो । यो नै वस्तुको वृहत् घटक वा अवयव हो । यसभन्दा ठूलो वा माथिल्लो अरू कुनै घटक हुन्न । वृहत् घटक अर्थात् संरचनाका विपरीत लघु घटकहरू स्थूल र मूर्त हुन्छन् । यिनै स्थूल एवम् लघुटकहरूलाई पक्रेर वस्तुको संरचनालाई बुझ्ने र मूर्त पार्ने प्रयास गरिन्छ ।[३]

### ५.१.२.३ विषयवस्तु

काव्य संरचनाका लागि छनौट गरिएको वस्तुलाई नै मूल रूपमा कविताको विषयवस्तु भनिन्छ । यसलाई सारभूत अंश सारतत्त्व पनि भनिन्छ । कविताका विषयवस्तु मानवीय स्वभाव, प्रवृत्ति ज्ञानविज्ञान, धर्म, संस्कार, संस्कृति, देश, समाज, राजनैतिक प्रवृत्तिका साथै जीवनका भोगाइका, प्रतीकात्मक भावका साथै सुन्दर, कलापूर्ण, आकर्षक एवम् प्रभावकारी हुनुपर्छ ।

### ५.१.२.४ लयविधान

कविताको मुख्य विधागत तत्त्व लय विधान हो । लय भनेको ताल हो । कविताका सन्दर्भमा तान, अनुदान, विराम आदिद्वारा लिखितांशमा आरोह अवरोह प्रदान गरी साङ्गीतिक झङ्कार प्रदान गर्ने तत्त्व नै लय हो । छन्द विना कविता हुन सक्छ तर लयविना कविता हुन सक्तैन । त्यसैले यो कविताको अनिवार्य तत्त्व हो ।

### ५.१.२.५ पात्रविधान

कुनै कवितामा संलग्न व्यक्ति, पात्र वा चरित्र नै सहभागी हो । मानव र मानवरत दुवै सहभागीको प्रयोग कृतिमा हुनसक्छ । पात्रविधान लिङ्गका आधारमा स्त्री-पुरुष, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र स्थीर, जीवनका आधारमा व्यक्तिगत र वर्गीय, आसन्नताका आधारमा नेपथ्यीय र मञ्चीय एवम् आवद्धताका आधारमा बद्ध र मुक्त हुन्छन् ।[४]

### ५.१.२.६ भावविधान

भाव कविताको मूल तत्त्व हो । जुन विना कविताको कल्पना गर्न पनि सकिन्न । त्यसैले कवितामा भावलाई मूल मेरूदण्डको रूपमा लिइन्छ । भावलाई भाषामा अन्तर्निहित सत्ता मानिन्छ र यसबाट बाह्यजगत् वा मानवीय मनका सम्पूर्ण अनुभूतिहरूलाई अभिव्यक्त गरिन्छ ।[५]

---

३ मोहन राज शर्मा, समकालीन समालोचना सिद्धान्त र प्रयोग, काठमाडौं ।

४ खगेन्द्र प्रसाद लुईटेल र अन्य, सम्पा, नेपाली कविताको संरचनात्मक विश्लेषण, काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

५ पूर्ववत् ।

### ५.१.२.७ अलङ्करण वा बिम्ब विधान

अलङ्करणका निम्ति प्रयोग गरिने अलङ्कार, बिम्ब, प्रतीक कविताका अनिवार्य तत्त्व हुन् । यस प्रक्रियामा अलङ्कारका शब्द र अर्थ गरी दुई भेद हुन्छन् । शब्दालङ्कारका अनुप्रास, यमक, श्लेष, आदि र अर्थालङ्कारका उपमा, यमक, उत्प्रेक्षा, अतिशयोक्ति, अर्थान्तरन्यास जस्ता अलङ्कारले कवित्वपूर्ण भावलाई शब्द गाम्भीर्य र अर्थ गाम्भीर्य प्रदान गर्दछ ।

### ५.१.२.८ भाषाशैली

भाषा विचार विनिमयको सशक्त साधन हो । कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाका वर्ण पद शब्दले रागात्मकता लयमयता लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । कविताको भाषाशैली कलात्मक, लयात्मक, रागात्मक अभिधेयात्मक भन्दा बढी लाक्षणिक, व्यञ्जनात्मक, प्रतीकात्मक, बिम्बपरक र सङ्केतात्मक हुनुपर्छ ।

### ५.१.२.९ कथनपद्धति

कवितामा कथनपद्धति एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । कवितामा कविले कुन स्थानमा रहेर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ । त्यस आधारमा कथन पद्धतिको निर्क्योल गर्न सकिन्छ । जुन कुरालाई दृष्टिविन्दु पनि भन्ने गरिन्छ । कवि आफै सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रोढोक्ति हुन्छ । कविले पात्रका माध्यमबाट आफ्ना भाव वा विचार अभिव्यक्त गर्दछ भने कविनिबद्ध वक्तृप्रौढोक्ति हुन्छ । यदि कवितामा आख्यानीकरणका क्रममा अगाल्दै आत्मलापको आत्म गुञ्जन समेत प्रस्तुत गर्ने गर्दछ । जुन कथन पद्धतिको वैकल्पिक तेस्रो पद्धति प्रकट हुन्छ । सामाख्याता प्रष्टसँग देखाइएमा दृष्टिविन्दु प्रथम पुरुष हुन्छ भने प्रष्टसँग नदेखाइएमा दृष्टिविन्दु तृतीय पुरुष हुन्छ ।[६]

### ५.१.२.१० उद्देश्य (प्रयोजन)

कुनै विषयवस्तुमा आधारित भएर भावले भरिपूर्ण अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नु नै कविताको उद्देश्य हो । त्यसैले साहित्य रचना गर्दा कुनै पनि उद्देश्य र प्रयोजनमूलक हिसाबले लेखिन्छ । तसर्थ काव्यको प्रयोजन वा उद्देश्यका बारेमा मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रकटीकरण गर्नु नै कविता लेखनको उद्देश्य हुन्छ ।[७]

[६] वासुदेव त्रिपाठी र अन्य, सम्पा : साझा प्रकाशन ।
[७] वासुदेव त्रिपाठी र अन्य, सम्पा : साझा प्रकाशन ।

## ५.२ कवयित्रीका रूपमा गङ्गा लिगल

नेपाली भाषामा लेख्य कविताको परम्परा विक्रमको १९ औं शताब्दीको प्रारम्भ सँगसँगै भएको हो । श्री ५ पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियानले नेपाली जनमानसमा उठेका विजय र उनकै उत्साहका भावनाहरूलाई सर्वप्रथम सुवानन्द दासले काव्यरूप प्रदान गरे । उनकै माध्यमबाटै सदियौंदेखि लोकपरम्परामा अगाडि बढ्दै आएको नेपाली कविता लिखित साहित्यमा ओर्ल्यो । बडामहाराजधिराजा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूको विजय गाथालाई सुवानन्द दास, शक्ति बल्लभ अर्याल, राजवल्लभ, उदयानन्द, यदुनाथ लगायतका कविताहरूद्वारा वीर रसको केन्द्रीयतामा काव्य रूप दिदैं अघि बढिरहेको नेपाली काव्य परम्परा सुगौली सन्धि पश्चात् भक्ति रस (१८७२ -१९४०) तिर उन्मुख हुँदै माध्यमिककालीन नेपाली काव्यनायक मोतीरामको नेतृत्त्वमा श्रृङ्गारिक धाराको (१९४१-१९९०) थालनी भएतापनि सुक्तिसिन्धुको (१९७४) को प्रकाशन पश्चात् श्रृङ्गारिक धाराको अन्त्य हुन्छ र यो काल ओझेलमा पर्दछ । पछि १९९१ म आइपुग्दा आधुनिक कालका विविध धारा तथा उपधाराहरू पार गर्दै हालसम्म आइपुगेको देखिन्छ ।

यसरी विभिन्न तगाराहरू पार गर्दै अगाडि बढ्दै आएको नेपाली कविता विभिन्न शैली र धाराबाट प्रवाहित हुँदै आइरहेको छ । माध्यमिककालीन शृङ्गाारिक धारालाई परिष्कृत शैली र बौद्धिकताका साथ परिष्कारवादी/शास्त्रीय धारासँग आधुनिकतामा प्रवेश गराई शास्त्रीय धाराको अन्त्यगर्दै स्वच्छन्दतावादी धारा प्रयोगवादी धारा र समसामयिक धाराको विकास भएको पाइन्छ । यिनै धाराहरू मध्ये लक्ष्मीप्रसाद देवकोटाले थालनी गरेको स्वच्छन्दतावादी धारालाई अङ्गीकार गर्दै भानुभक्तीय श्लोकबाट प्रभावित भई काव्य सिर्जनातर्फ उन्मुख भएको देखिन्छ । उनका काव्य रचनाहरू लोकलय र मात्रिक लयमा लेखिएका छन् । यसरी नेपाली साहित्यका फाँटमा नारी हस्ताक्षरका रूपमा देखापरेकी लिगल कवयित्री मात्र नभई खण्डकाव्यकार पनि बनेकी छन् । औपचारिक रूपमा २०५८ सालदेखि काव्य साधनामा लागिरहेकी लिगलले नेपाली साहित्यका फाँटमा योगदान पुऱ्याउँदै आइरहेकी छन् ।

## ५.३ गङ्गा लिगलका कृतित्वको अध्ययन र विश्लेषण

वि.सं २०५३ सालदेखि आफ्नो कवितायात्रालाई औपचारिक रूपमा अगाडि बढाउन थालेकी लिगलले करीब दुई दशकव्यापी साहित्यक यात्रामा अगाडि बढेकी छन् । परिमाणात्मक रूपबाट उनको कवितायात्रालाई अध्ययन गर्दा यिनको साहित्यक गति निरन्तर नै देखापर्दछ । हालसम्म उनका आधा दर्जन जति कविता यात्राको मूल्याङ्कन गर्न सकिन्छ ।

२०५९ सालमा प्रकाशित **बिहानी** कविता सङ्ग्रहभित्र तेत्तीसवटा कविताहरू रहेका छन् । त्यसपछि २०६४ सालमा प्रकाशित **आमा** र **गङ्गाका तरङ्गहरू** कविता संङ्ग्रह, इ.स.२००७ साल **संगीतको आभास** र २०६६ मा **ममताको खास्टो** खण्डकाव्य यहाँ विश्लेषण गरिएको छ ।

### ५.३.१ 'बिहानी' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

#### ५.३.१.१ पृष्ठभूमि

**बिहानी** कविता सङ्ग्रह २०५९ सालमा भैरहवाबाट पुनम पाण्डेद्वारा प्रकाशित पहिलो कृति हो । यसपूर्वका फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन भएको र विभिन्न साहित्यिक कार्यक्रमहरूमा वाचन गरिएका विवरण अभिलेखमा मात्र सीमित रहेको पाइन्छ ।[८] यसै कविता सङ्ग्रह सँगसँगै प्रकाशित **गङ्गाको लहर** लेखरचनाको सङ्गालो नारी विशेषाङ्क भन्दा छुट्टै स्वरूप भएको कविता सङ्ग्रहमा ३३ वटा शीर्षकमा कविताहरू संरचित छन् । कवयित्रीले समसामयिक विषयवस्तु मानवीय जीवनका भोगाइका यथार्थता, अनुभवका साथै राष्ट्रप्रेम, प्रकृतिप्रेम, वात्सल्यप्रेमका साथै मातृत्वप्रेमको चित्रण गरेकी छन् । **बिहानी** कविता सङ्ग्रहका कविताहरूलाई मिल्दाजुल्दा विषयलाई समेटेर राजनीति र राष्ट्रियता सम्बन्धी राष्ट्रप्रेमका भाव बोकेका कविताहरू, प्रकृति र संस्कृति सम्बन्धी कविताहरू जीवनका विभिन्न अनुभूतिहरू सम्बन्धी कविता र विविध कविताहरू गरी वर्गीकरण गरिएको छ ।

**प्रकृतिसँग सम्बद्ध कविताहरू**

नव प्रभात, सुन्दर शान्त विशाल, चेतना, नेपाली धर्ती, ज्ञानको ज्योति, मेरो कविता, जीवन, आस्थाको संसार, माटो, प्रकृतिको मौनता आदि ।

**मानवीय स्वभाव तथा मानवतासँग सम्बद्ध र अर्ती उपदेश सम्बन्धी कविताहरू**

मानवता, वसुधैव कुटुम्वकम्, सन्ध्या, हिमाली गौरव, पवित्रता, गुरु, मूल्य, म बाँच्न चाहन्छु , चोखो, ज्ञान मार्ग, मृत्यु एक विडम्बना आदि ।

**राष्ट्रियता र राजनीतिसँग सम्बद्ध कविताहरू**

यो देशमा चाहिएको छ, दुई थोपा आँसु आदि ।

**जीवनसँग सम्बद्ध कविताहरू**

क्षितिज, कविता, चक्रव्यूह आदि ।

**नारीसँग सम्बद्ध कविताहरू**

नारीजागृति, कुण्ठित समाज आदि ।

[८] शोधनायिकाबाट प्राप्त जानकारी ।

**विविध कविताहरू**

बिहानी, इतिहास, साहित्य जगत्, प्रकृतिका मुहान आदि ।

### ५.३.१.२ प्रकृतिसँग सम्वद्ध कविताहरू

प्रकृतिसम्वन्धी 'नव प्रभात' कवितामा कवयित्रीले यस देशमा रहेका प्राकृतिक चीजहरू सगरमाथा जस्ता विभिन्न हिमाल चरा चुरुङ्गीहरू, धार्मिक ग्रन्थहरू र अन्य प्राकृतिक सौन्दर्यका साथै राष्ट्रप्रतिको गहिरो मायालाई स्वच्छन्द ढङ्गले व्यक्त गरिएको छ ।

'सुन्दर-शान्त विशाल' कवितामा कवयित्रीले यस देशमा रहेका विभिन्न फूल, नदी, नाला, झरना, वन पर्वतहरूले चारैतिर हरियाली छाएको विषयलाई कवितामा प्राकृतिक सौन्दर्यले कविता अमूर्त राखेको छ भने अभिव्यक्ति पाइन्छ ।

'चेतना' कवितामा हामीसबै मिलेर प्राकृतिक सौन्दर्यलाई जोगाउनु पर्छ । जसरी मौरीले फूलका रसहरू चुसेर मह जम्मा गरी मानिसलाई चखाउँछ । त्यसैगरी मानिसले पनि आफ्ना अमूल्य श्रमहरू बगाएर प्रकृतिको संरक्षण गनुपर्छ भन्ने भावार्थ कवितामा ब्यक्त भएको छ ।

'नेपाली धरती' कवितामा नेपाली भूमिमा विभिन्न थरीका फूल, तरु लतिकाहरू, सुरिलो स्वरमा वन पाखाहलाई गुञ्जाएमान बनाउने चरा कोइली मयूरका साथै सधै यस भूमिलाई उच्चस्तरमा राख्ने हिम शिखरहरू र वीर पौरखीहरूको गाथालाई यस कवितामा मूर्त रूप दिई कविता व्यक्त गरिएको छ ।

'ज्ञानको ज्योति' कवितामा प्रकृतिमा बिरुवा लगाएर अमृतरूपी जल शेचन गर्नाले विरुवा राम्रो हुँदै जान्छ । इन्द्रणीको जस्तो रङ्ग बोकेर विभिन्न फूलका थुँगाहरू कमलका फूलहरूले यस धर्तीमा नयाँ उमङ्ग ल्याउँछ । त्यसका साथै विभिन्न फोहर मैलाहरूलाई वर्षाले पखाली दिएर शरदको स्वागत गर्दछ । यसरी प्रकृतिका विभिन्न चक्रहरूले वसन्तलाई मरूभूमि तुल्य धरतीलाई रमाइलो गराइ सिगारिदिने काम गर्दछ भन्ने सन्देश ज्ञानको ज्योति कविताले दिएको छ ।

'मेरो कविता' नामक कवितामा प्रकृतिका विभिन्न सौन्दर्यहरूलाई अनुभूतिको रूप प्रवाह गरिएको छ । कवितामा कविको भावनालाई जसरी नदीको तरङ्ग, पहाडका झरनाहरूबाट सु-मधुर ध्वनिहरू निस्कन्छ त्यसैगरी मानव हृदयका भावनाहरू बग्ने गर्दछन् भनी कवितालाई प्रकृतिसँग तुलना गरिएको छ । उक्त कवितामा वनजङ्गलमा रहेका चराहरूको सुरिलो स्वरको अमर गाथालाई कविताका रूपमा अभिव्यक्त गरिएको छ ।

'जीवन' कवितामा वसन्त ऋतुमा कोइली चरीले वन-वन गाउदै रमाउदै हिडेको रमाइलो दृश्य नेपाल आमाको मुहारमा झल्केको छ । यो सुन्दर आँगनमा एकले अर्कालाई हृदय भरिको माया गाँसेको छ । कुहिरोले छोडेपछि आकाश स्वच्छ र निर्मल हुन्छ । गर्मीले निसासिएर छहारीमा बसी

जीवन बिताएको हुन्छ । जीवन भन्ने कुरा सबैलाई थाहा हुन्छ । जन्मे पछि मर्नुपर्छ भन्ने कुरा सबैलाई थाहा छ । जीवनको यथार्थलाई बिर्सियो भने अन्तरहृदयका स्वर्णिम सपनालाई आफ्नो जीवन मात्र होइन नेपाल आमाको भावनामा चोट पुग्छ भन्ने भावार्थ प्रस्तुत गरिएको छ ।

'आस्थाको संसार' कवितामा यस संसारमा सबैको आ-आफ्नो सोच हुन्छ । त्यसलाई समय र प्रस्तुती अनुसार परिमार्जित गर्दै गयो भने रमणीय, दर्शनीय एवम् जगमगाउँदो हुन्छ । त्यसैभित्र अनगिन्ती फूलहरू सुवास छर्दै लटपटिएका हुन्छन् भने केही विषाक्त नशामा रोमलिएका हुन्छन् । त्यहाँ तपस्या गर्ने तपस्वीहरू रहेका हुन्छन् । फलले भरिएका रुखहरू पनि हुन्छ । अनेकै हिमशृङ्खलाहरू पनि रहेको ठाउँमा आरोहीहरूले आरोहण गर्दछन् भनी प्रकृतिका विभिन्न वस्तुहरूलाई प्रकृति र संस्कृतिसँग तुलना गरिएको छ ।

'माटो' कवितामा धर्तीलाई सबैले उपभोग गरेका छन् । रचनाकारहरूले रचनाको माध्यमबाट कृषकहरूले खेतीपाती गरेर जीवन यापन गर्दछ । कोही देशको भूमिलाई छाडेर विदेशी भूमिमा काम गर्न जान्छन् र पछि फर्केर यही धर्तीमा आउँछन् । आफ्नो महत्त्वाकाङ्क्षा पूरा गर्न विभिन्न अफ्ठ्याराहरू पार गर्दै काम गरिरहेका हुन्छन् । जीवन कर्कलाको पातमा अडिएको पानी जस्तै क्षणिक हुन्छ । यही क्षणिक जीवनलाई आफ्नो देशको माटोसँग रम्नुपर्छ भन्ने प्रकृतिप्रेमी अभिव्यक्ति प्रस्तुत कवितामा रहेको पाइन्छ ।

'प्रकृतिको मौनता' कवितामा प्रकृति नबोले पनि रमाएको हुन्छ, मस्त हुन्छ न त कुनै कुराको चिन्ता छ । सबै कुरालाई सहेर प्रकृति खुसी छन् । तुषारो, कोलाहल उडानको आवाज आदि संसारमा कतै खुसी छ त कतै रोदन कोलाहल छ । कर्कलाको पातमा रहेका पानीका थोपाले टिल्पिल टिल्पिल गर्दै जीवनको प्रतिबिम्वलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

### ५.३.१.३ मानवीयस्वभाव र अर्ती उपदेश सम्बन्धी कविताहरू

'मानवता' कवितामा मानवीय स्वभावसँग सम्बन्धित छ । यस कवितामा जसमा जुन गुण हुनु पर्ने त्यसमा त्यो गुण नहुँदा त्यो शुन्य हुन्छ भन्ने विचार अभिव्यक्ति भएको छ । जस्तै मान्छेमा मानवता, रुखमा छायाँ, आमामा ममता, वाबुमा पथ प्रदर्शन, जीवनमा सास, हृदयमा धड्कन, कविमा भावुकता, उच्च व्यक्तिमा नम्रता नभएको कामयाबी हुँदैन भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

'वसुधैव कुटुम्बकम्' कवितामा वसुधा एवं कुटुम्बकम् पृथ्वीका सबै जीवहरू कुटुम्व हुन् । एक मानवले अर्को मानवप्रतिको व्यवहार असल राख्नु पर्छ । अरूमा कुदृष्टि, कुविचार, ईर्ष्या र द्वोष राख्नु हुदैन भन्ने भाव प्रस्तुत गरिएको छ ।

'सन्ध्या' कवितामा सन्ध्याले अँध्यारोको आभास दिन्छ भने जीवनको नौलो आयामले रातिमा देखिने मिठो सपनाले आनन्द दिलाउँछ । दैनिक जीवनका तिक्ततालाई बिर्सिएर नृत्यमञ्चमा रमाइरहेको आभास दिन्छ । निद्रादेवीको काखमा पुगेर आफ्ना सबै दुःख कष्ट, रिस राग द्वोष बिर्साइ आनन्दको अनुभूतिगर्दै सम्पूर्ण जीवनका सार खिची जीवनको सहयात्री रात नै हुन्छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

'हिमाली गौरव' कवितामा विश्वको सर्वोच्च शिखर सगरमाथा हाम्रो देशमा भएको कारण हामी नेपालीको शिर ठाडो भएको छ । त्यसैले जनकको ज्ञान, सीताको सीप, रामको आदर्शता, कृष्णको दुरदर्शिता, शिवको सत्यता, बुद्धको हृदय भएको देशमा खराव कुरा जति फ्याकेर पबित्र हृदय बनाएर अगाडि बढ्नुपर्छ । साहसी तथा स्वावलम्वी बन्नु, बाँच्दासम्म अरूको उपकार गर्नु, हिमालबाट निस्केको पवित्र जलले पाखा पखेरा सिचाई गर्दै हरियाली बनाएको छ । त्यसबाट बिजुली निकालेर उज्यालो बनाएको छ । हिमालकै फेदमा डाँफे मुनाल नाचेको दृश्य एवम् गुराँस, परास जस्ता फूलहरू फुलेर ढकमक्क पारेको देखिन्छ भन्ने केही मात्रामा नेपाली सधैं गौरवान्वित भई अमर बन्नुपर्छ भन्ने उपदेश यस कवितामा व्यक्त गरिएको छ ।

'पवित्रता' कवितामा मानवीय अर्ती उपदेश सम्बन्धी भावहरू रहेको देखिन्छ । यस कवितामा जसले पवित्र भाव लिएर हिड्ने गर्छ त्यो विश्वमा पारदर्शी बन्दछ । जसरी एउटा ढुङ्गा शालिग्राम बन्दछ त्यसरी नै रिस राग द्वेष र निन्दा आफूबाट हटाइदिने हो भने मानिस भगवान् हुनसक्दछ भन्ने भावलाई कवितामा अभिव्यक्त गरिएको छ ।

'मूल्य' कवितामा मानवताको सुवास भएको पाइन्छ । मान्छे भएपछि मानिसभित्र ढुकढुकी हुनुपर्छ । पवित्र हृदय हुनु पर्छ र मात्र त्यसले केही गर्न सक्छ । जसरी एउटा बिरुवाले धर्तीलाई प्रज्वलित तुल्याउँछ । त्यसैगरी मानिसभित्र मानवता हुँदा उसले महानता प्राप्त गर्न सक्छ । पसिनाको मूल्यले यस धर्तीलाई सिगारेर धर्तीमा सुवासित फूल फूलाउन सकिन्छ भन्ने कुरा यस कवितामा प्रस्तुत गरिएको छ ।

'गुरु' कवितामा गुरु विनाको शिक्षा अधुरो हुने हुँदा असल गुरुको खोजी गरी सुकार्यमा लाग्ने सत् प्रेरणाका लागि सत् कार्यमा लाग्ने प्रेरणा पाईन्छ । यसमा महाभारतको युधिष्ठिर, अर्जुन, एकलव्य आदिको द्रिष्टान्त पेश गरिएको छ । रामायण, कृष्णचरित्र र पुराणको सत र असत् पात्रको दृष्टान्त प्रस्तुत कवितामा पाइन्छ ।

'म बाँच्न चाहान्छु' कवितामा राष्ट्रको सान हिमाल हाँसेको देशमा मानिसले अनेकौ चुनौतीहरू पार गर्दै देशको गौरवलाई निर्माण गर्नका लागि अनेकौ ज्ञान मार्ग दर्शन गर्दै सौन्दर्यको प्रतिमूर्ति गुलाबको फूल टिपी ईश्वरलाई चढाइ योग्यता र स्थानको कदर गरी यस देशमा बाच्न चाहान्छु भन्ने भावार्थ प्रस्तुत गरिएको छ ।

'चोखो' कवितामा सोल्टी रंगीन नृत्य र एड्सको शिकार भएको सुन्दरी भन्दा गुन्द्रुक र ढिडो नेपाली खाना नै स्वादिलो हुन्छ । राम्रो काम गरेर स्वदेशमा मर्नु ठूलो गर्व हुन्छ । जसले गर्दा सन्तोषको सास फेर्न सकिन्छ । नराम्रो काममा परिसकेपछि त्यसबाट मुक्त हुनका लागि गंगाजलले स्नान गरेर चोखो र जिउँदो हुन खोज्नु महानता हो भन्ने भावार्थ यस कविताले व्यक्त गरेको छ ।

'ज्ञानमार्ग' कवितामा लालीगुँरास र परासको रहस्य, डाँफे मुनाल र कोइलीको मिठो आवाज, छहराको मधुर धुन र निर्दोष प्रज्ञाको उज्यालोले सधैं सही बाटो पहिल्याइ हिड्नु पर्छ । समय जस्तो बहुमूल्य वस्तुलाई सदुपयोग गरी अज्ञानतालाई त्यागी ज्ञानमार्गलाई दिप्तीमाला बनाई गौरववान भई पहिरिनुपर्छ भन्ने अभिव्यक्ति यस कविताले दिएको पाइन्छ ।

'मृत्यु एक बिडम्बना' कवितामा मानवलाई विश्वको शक्तिशाली पुरुषको रूपमा चित्रण गरिएको छ । यस कविताले प्रकृतिको पनि चित्रण गरेको छ । मानिसले प्रकृतिलाई बदली भौतिक उन्नति र विकासको चरम चुलीमा पुऱ्याउन सफल भएको छ । त्यस्तो मानवले मृत्युलाई मुठ्ठीमा बाँधेर राख्न नसकेको कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

### ५.३.१.४ राष्ट्रियता र राजनीतिसँग सम्बन्धित कविताहरू

'यो देशमा चाहिएको छ' कवितामा यस देशलाई आवश्यक जन जागृति, उदारता, निष्पक्षता, सहिष्णुता पवित्र र सौहार्दका भावनाहरू चोखो सफा पानीले सिंचिएको पवित्र आत्माहरूका साथै होस्टेमा हैंसे गर्ने वीर पुरुषहरूको सहयोगी पाखुरीहरूले देशलाई स्वर्गसरी बनाउनका लागि आवश्यक हुन्छन् भन्ने कुरा यस कवितामा प्रस्तुत गरिएको छ ।

'दुई थोपा आँसु' कवितामा कर्कलाको पातमा रहेको मोतीका दाना जस्तो शीतका थोपाले जीवन दान मागे पनि त्यसलाई सूर्यको प्रचण्डतापले टुङ्ग्याइदिन्छ । त्यसैगरी नारीको जीवनमा पनि अनगिन्ती त्याग समर्पण र सामाजिक दायित्वको बोझ भएको जीवनमा उसले केही स्वतन्त्रता खोज्दा दुई थोपा आँसु सिवाय केही नपाएको अभिव्यक्ति प्रस्तुत कवितामा पाइन्छ ।

### ५.३.१.५ जीवनसँग सम्बन्धित कविताहरू

'क्षितिज' कवितामा जीवनका अन्तर व्यथा वेदनाहरूलाई सुखीमा परिणत गर्न अनेक कठिनाईहरूसँग झेल्दै साहसका साथ जिउने अभ्यास गरेको छ तर उसको अन्तरदिलको रोदन सुनिदिने कोही पनि छैन । तैपनि गाइरहेको छ केवल कवयित्रीले मात्र सुनिरहेको अभिव्यक्ति प्रस्तुत कवितामा पाइन्छ ।

'कविता' प्रस्तुत कवितामा जीवनको दुःख सुखमा आफूलाई आधार दिने साथीको रूपमा कवितालाई चित्रण गर्दै कविता प्रस्तुत भएको छ ।

'चक्रव्यूह' कविता मानवजीवन विसङ्गतिपूर्ण जटिलताले गाँजिएको छ । आफ्नो दायित्व पूरा गर्न खोज्दा खोज्दै दायित्व पूरा गर्न नसकेर पूरा गर्ने प्रयत्नमा बसेको कुरालाई चक्रव्यूह कवितामा व्यक्त गरिएको छ ।

### ५.३.१.६ नारीसँग सम्बन्धित कविताहरू

'नारी जागृति' कवितामा नारीले दुर्वलतालाई त्यागेर होस्टेमा हैंसे गर्दै राष्ट्रको उन्नतिमा लाग्न नारी जातिलाई आव्हान गरी कविता प्रस्तुत भएको छ ।

'कुण्ठित समाज' कवितामा जुन समाजमा नारी कुण्ठित छन् । नारी हक हित प्राप्त छैन । त्यस ठाउँमा उसले ठाडो शिर गरेर हिड्न सक्दिन ऊ अशिक्षाले ग्रस्त छ । आधा आकाश ढाकेका नारीहरू शिक्षाबाट कुण्ठित हुँदा सिङ्गो समाज नै कुण्ठित बन्न पुगेको कुरालाई प्रस्तुत कवितामा अभिव्यक्त गरिएको छ ।

### ५.३.१.७ विविध विषयसँग सम्बन्धित कविताहरू

'बिहानी' कवितामा प्रभातकाल र नव जागरणको बेलालाई यस कवितामा व्यक्त गरिएको छ । 'इतिहास' कवितामा इतिहासबाट पाठ सिकेर देशले सुखदुःखका गाथा असल संस्कारको गीत र असल चिन्तनको बिजारोपण गर्दछ । त्यसैले इतिहास आमा हो, देश हो ।  यसले सबैको न्यानो माया सँगालेको हुन्छ भन्ने कुरा इतिहास कवितामा व्यक्त गरिएको छ । 'साहित्य जगत्' कवितामा नेपाली धर्तीमा अनेकौ साहित्यिक प्रतिभाहरूको प्रस्फुरण कवितामा अभिव्यक्त भएको छ । रहस्यमय भावुकता स्वच्छन्द र यथार्थवादी कविहरू यस धर्तीका सुन्दर क्षेत्रहरू हेर्दै सगरमाथा र जुनकिरीको टिलपिलमा उषाको ज्योतिसँगै आफ्ना मनका अन्तर भावनालाई नेपाली साहित्यमा साहित्यजगत् छर्छन् भन्ने कुरा प्रस्तुत कवितामा व्यक्त भएको छ । 'प्रगतिका मुहानहरू' कवितामा मानिसले साहस र धैर्यका साथ कार्य गर्ने हो भने ती क्रियाशील पाखुरीहरूले राम्रो भावनाका साथ विवेकको प्रयोग गरेर कठिनाइहरूसँग जुध्दै कार्य गर्ने हो भने प्रगतिको सुअवसर प्राप्त गर्न सक्छ । कार्य नगर्ने हो भने अनेकौं अफ्ठ्यारा र चुनौतीहरू खोक्रिएको बटवृक्ष झै ढल्न सक्छ । त्यसैले मानिससँग अनेकौ सृजनाका मूलहरू छन् । प्रगतिका सुन्दर ज्यावलहरू छन् । यसलाई सदुपयोग गर भन्ने सन्देश प्रस्तुत कविताले दिएको छ ।

### ५.३.१.८ शीर्षक

शीर्षक कविताको महत्त्वपूर्ण अङ्ग हो । शीर्षक कविताको नामाकरण भएकोले अनिवार्य तत्त्व हो । यस आधारमा सिङ्गो कविता सङ्ग्रहको शीर्षक 'बिहानी' कवितामा प्रभातकाल र नव जागरणले बिहानी ल्याउँछ । जसरी बिहानीको किरणले धर्तीलाई रमणीय बनाउँछ । त्यसैगरी शिक्षारूपी ज्ञानको ज्योतिले जीवनलाई सार्थक बनाइ प्रगतिको शिखरमा पुऱ्याउँछ भन्ने भावलाई कविताले

बोकेको हुँदा उक्त कविता सङग्रहको प्रत्येक कवितामा यस्तै यस्तै भावलाई कविताले व्यक्त भएको छ । यसरी प्रकृतिको प्रतीक र मूलपक्ष **बिहानी** कविता सङ्ग्रहको शीर्षक सार्थक देखिन्छ ।

### ५.३.१.९ संरचना

कविताको बनोटको स्थितिलाई संरचना भनिन्छ । संरचना आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । बाह्य संरचनाले कविताको बाहिरी तत्त्वभित्र देखापर्ने हरफ, पाउ वा सर्गलाई देखाउँछ भने आन्तरिक संरचनाले कविताको कथनपद्धति, भाव विधान र छन्द ढाँचा भित्रको अन्तर्लयलाई समेत बुझाउँछ । त्यस्तै **बिहानी** कविता सङ्ग्रहको आवरण पृष्ठ बाहेक जम्मा ४८ पृष्ठमा संरचित छ । यस कविता सङ्ग्रहमा तीन हरफदेखि सात हरफ सम्मका ३३ वटा कविताहरू रहेका छन् । एउटा कविताको लागि न्यूनतम १ देखि ३ पृष्ठसम्म खर्च गरिएका कविताहरू समाविष्ट गरिएका छन् । उनका कविताहरू लामा छोटा जे भए पनि प्रभावमय देखिन्छ । व्यञ्जनात्मकता, आलङ्कारिता र विम्वविधान भन्दा विषयवस्तुको बयानमा बढी केन्द्रीत देखिन्छ । लय र भावको समीकरण, अनुप्रासीयता जस्ता गुणले लिगलको कविताकृति ‘बिहानी’को आन्तरिक संरचना प्रवल नै देखिन्छ ।

### ५.३.१.१० लय विधान

लय कविताको मुटु हो । यही लयगत विशेषताले गर्दा साहित्यका अन्य विधाबाट यो अलग हुन्छ । त्यसैले लय कविताको एक महत्त्वपूर्ण तत्त्व हो । लय विधानका दृष्टिले हेर्दा यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा लोकलय प्रकृतिकै अन्य लय र गद्य लयको प्रयोग गरिएको छ । छन्दबद्ध कविता रचना गर्ने कवयित्रीको रहर भएतापनि गण, मात्रा आदिको पूर्ण मेल भने भएको देखिदैन ।

### ५.३.१.११ भाषाशैली

कवितामा काव्यात्मक उचाई प्राप्त गरी स्रष्टालाई पहिचान दिने काम भाषाशैलीले गर्दछ । भाषिक शिल्पले नै मुक्तलय र बद्धलयभित्र लयात्मकता स्थापित गराउँछ । यसरी भाषाशैलीको दृष्टिले हेर्दा यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा वसुधैव कुटुम्वकम्, चक्षु, ज्योत्स्ना जस्ता थुप्रै संस्कृत तत्सम शब्दहरूको प्रयोग गरिएको छ । त्यसका साथै चलनचल्तीमा नेपाली जनजिभ्रोले बानी परेका शब्दहरूको पनि प्रयोग गरेकी छन् । लिगलले यस कृतिमा प्रथम, द्वितीय र तृतीय तीनै पुरुषशैली अपनाएकी छन् । यस सङ्ग्रहमा देशप्रेम, अर्ती उपदेश, प्रकृतिप्रेम जस्ता भावनालाई कविताहरूमा लिगलले सरल र सहज शैलीमा प्रस्तुत गरेकी छन् ।

### ५.३.१.१२ अलङ्कार विधान

कवितालाई सरसता र रोचकता प्रदान गर्नको लागि अलङ्कारको प्रयोग गरिन्छ । यो कविताको बाहिरी आभूषण हो । त्यसैले कवितामा यसलाई अनिवार्य तत्त्वको रूपमा लिने गरिन्छ ।

उनका कविताहरूमा कतै अनुप्रास, उपमा र विम्वको प्रयोग भएको पाइन्छ । उनका कविताकृतिमा अलङ्कारको नमुना यसप्रकार छ :

त्यो मानव होइन
जस्मा मानवता छैन
त्यो आत्मा होइन
जस्ले परमात्मा चिन्दैन ।

(मानवता, पृ.३, अन्त्यानुप्रास अलङ्कार )

निष्कर्षमा भन्नुपर्दा उनी आफ्ना अनुभूतिहरूलाई देशप्रेम, प्रकृतिप्रेम, मानवीय स्वभाव र अर्ती उपदेश लिने खालका कविताहरूका साथै नारी जागृति सम्बन्धी धारणामा केन्द्रित रही सरल सहज भाषामा गद्य तथा पद्य शैलीको प्रयोग गरी कविता लेख्ने स्वछन्दतावादी कवयित्री हुन् भन्न सकिन्छ ।

## ५.४ 'आमा' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

### ५.४.१ पृष्ठभूमि

**आमा** कविता सङ्ग्रह २०६४ सालमा महाशिवरात्रिका दिन न्यू श्रेष्ठ छापाखाना भैरहवाबाट जनकप्रसाद लिगलद्वारा प्रकाशित गङ्गा लिगलको चौथो कृति हो । यस कविता सङ्ग्रहमा ६८ वटा शीर्षकका कविताहरू छन् । कवितामा समसामयिक विषयवस्तु, मानवीय जीवनका भोगाइका यथार्थता, अनुभव, अनुभूतिको चित्रण गरिएको छ । 'आमा' कविता सङ्ग्रहका कविताहरूलाई मिल्दा जुल्दा विषयलाई समेटेर वात्सल्य भावसँग सम्बन्धित मातृत्व र मातृभूमिसँग सम्बन्धित, प्रकृति र संस्कृतिसँग सम्बन्धित, राष्ट्रियतासँग सम्बन्धित, चिन्ता र वेदनासँग सम्बन्धित कविताहरू र आस्तिक विश्वाससँग सम्बन्धित कविताहरू गरी जम्मा ६  किसिममा वर्गीकरण गरिएको छ ।

**वात्सल्यभावसँग सम्बन्धित कविताहरू**

बिर्सन्न म, सोध्न मन लाग्छ , न्यानो काख, सन्ताप, आमाले दिएको माया, सिर्जनाको मूल, शान्ति र शीतलता आदि कविताहरू ।

**मातृत्व र मातृभूमिसँग सम्बन्धित कविताहरू**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी, स्नेहको भाषा, सपना, आमाको माया, नजिकिदेऊ, आवाजको खोजी, भन न, कता हराए, सङ्कल्प, अभिषेक, पारदर्शी जीवन, वास्तविकता, चोखो, ममताको मूल्य, मातृत्वको छहारी, एउटै खास्टो, आशा, खाँचो छ यहाँ, पृथ्वी, मोडमा आदि कविताहरू ।

**प्रकृति र संस्कृतिसँग सम्बन्धित कविताहरू**

तिमी यही छौ, हावासँग, किन पलायन भयौ तिमी, छहारी, धर्ती हाँस्छ, विश्वास, चन्द्रमासँग, आभास छैन, पारिलो घाम, हेर हामीलाई, मिठो छाया, आई देऊ तिमी, आषाढको मेलो रोइरहेको छ, अनगिन्ती आशाहरू, धर्तीको गीत, दिवा स्वप्न, यो धरती, वृक्ष छहारी, कथै कथा, देन, मातृ हृदय, रूपमा, शान छ आदि कविताहरू ।

**राष्ट्रियतासँग सम्बन्धित कविताहरू**

कहाँ पाऊँ, कथा सागर, चोखो माया, स्वतन्त्र छु म, आदि कविताहरू ।

**चिन्ता र वेदनासँग सम्बन्धित कविताहरू**

निष्ठुरी भयौ, टाढा भयौ, बिरानो भो, तिमी आइनौ, आखिर किन, खोजेर त्यो पाईदैन, सम्भनाको धार, सुखको माहौल, मनोवाञ्छा, प्रतीक्षा आदि कविताहरू ।

**आस्तिक विश्वाससँग सम्बन्धित कविताहरू**

परम व्यक्तित्व, विपना, ईश्वरीय प्रेम भैं आदि कविताहरू ।

**५.४.२ वात्सल्यभावसँग सम्बन्धित कविताहरू**

'बिर्सन्न म' कवितालाई 'आमा' द्वयक्षरी शीर्षकको सङ्ग्रहमा ममतामयी आमाको वियोगमा तडपिएकी छोरीको मनोभावको वात्यसल्यप्रेमलाई, मैले तिम्रो त्यो न्यानो मायालाई, तिमीले दिएको पलपलको खुसीलाई, कसरी संरक्षण गरी राखुँ तिम्रो आदर्शलाई कसरी बिर्सु भन्ने भाव कवितामा चित्रण गरिएको छ ।

'सोध्न मन लाग्छ' कवितामा कवयित्रीले आमाको वात्सल्यप्रेम पाउनको लागि उनले आमाको मृत्यु पश्चात् आमाको त्यो प्यारो मायालाई प्रकृतिका हरेक चीजहरूसँग तुलना गर्दै भरनाबाट निस्केको आवाजसँग, पोखरीको पानीसँग, रंगीन माछासँग तिमी कहाँ छौ भनी सोधेको विषयलाई यस कवितामा विश्लेषण गरिएको छ ।

'न्यानो काख' कवितामा आमाको मायाप्रेम, आमाले बोलाएका ती मधुर स्वरहरूमा ममताको हात फैलाई अँगालोमा बाधिए जस्तो मनोभाव यस कवितामा टाढा भएकी छोरीले आमालाई भेट्न नपाएका गुनासाहरू प्रस्तुत गरिएको छ ।

'सन्ताप' कवितामा आमाको त्यो वात्सल्यप्रेम कसरी बिर्सन सक्नुभो भन्ने गुनासाहरू प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'आमाले दिएको माया' कवितामा कवयित्री मातृवियोगको पीडामा कतै आमाको न्यानो ममताबाट आफू कहिल्यै टाढा नहुने विश्वास व्यक्त गरिएको छ ।

'सिर्जनाकी मूल' कवितामा कवयित्रीले आमाले आफ्ना सन्तानका लागि आफू भोकै बसेर पनि उनीहरूलाई स्तनपान गराई तन्दुरुस्त गराउँछिन् । यसरी आफ्ना सिर्जनाको मूललाई हरेक क्षेत्रमा अगाडि बढाई सुयोग्य नागरिक बनाउने, आदर्शको पाठ पढाउने, आफ्ना सन्ततिका लागि प्राण त्याग गर्न सक्ने भएर तिमीले आफ्नो वात्सल्य प्रेमलाई भुल्न हुँदैन भन्ने विश्वास यस कवितामा व्यक्त गरिएको छ ।

'शान्ति र शीतलता' कवितामा आमाको वियोगमा तड्पिएकी छोरीको मनोभावनालाई आमासँग विछोडिनु पर्दाको पीडाबाट मुक्ति पाउने कामना गर्दै उक्त कविता प्रस्तुत गरिएको छ ।

### ५.४.३ मातृत्व र मातृभूमिसँग सम्बन्धित कविताहरू

'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' कवितामा कवयित्रीले प्रेरणाको स्रोत उनकै जीवनदायिनी आमा र जन्मभूमिलाई बनाएकी छन् । यस कवितामा उनले शव्दका माध्यमबाट जननी जन्मभूमिश्च स्वर्गादपि गरियसीका उदात्त भावहरूलाई आदर्श मानेर मातृत्व र मातृभूमिको उपासना गरेकी छन् ।

'स्नेहको भाषा' कवितामा कवयित्री लिगलले आफ्नो कवितामा मातृप्रेमको स्नेहलाई व्यक्त गरेकी छन् । उक्त कवितामा उनले देश बाहिरबाट आमाको न्यानो ममता, मीठो मुस्कान, हृदयमा रहेको स्नेहको बोली भए पनि सपनीमा आउँछ्यौं कि भनी पर्खेर बसे तर आँखाबाट आँसु आयो आमाको त्यो मोहरूपी स्नेहको भाषा आएन भन्ने विषयलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

'सपना' कवितामा आफू टाढा हुँदा आमाको देहावसान भएको खबरले पीडित भएकी एक छोरीले तिमी त पृथ्वी हौ सूर्यको प्रकाश हौ, धर्ती हौ तैपनि किन पलाएन भयौं । यसरी यस संसारबाट तिमी नहराऊ भन्ने गुनासाहरू प्रस्तुत कवितामा दिइएको छ ।

'आमाको माया' कवितामा कवयित्रीले आमाले दिने माया र आमाको न्यानो काखले स्वर्गको आनन्द दिन्छ । आमाको मायालाई, उनको हेराइलाई विश्वसँग तुलना गर्दै आफ्ना सन्ततिको अनुहारमा आमाको माया बिर्सन नसकिने हुन्छ भन्ने मातृत्वप्रेमको भावना प्रस्तुत कवितामा अभिव्यक्त गरिएको छ ।

'नजिकिइदेऊ' कवितामा मातृभूमिप्रतिको अगाध मायाका साथै मातृप्रेमका भावनाहरूलाई विभिन्न उपमाहरूको साथ तुलना गर्दै विभिन्न पालुवाहरू, माघको पारिलो घाम, बादल, आकाश जस्ता विभिन्न वस्तुहरूसँग तुलना गर्दै स्वर्गीय आनन्दमा रम्न देऊ, सपनामा भएपनि मुस्कुराइदेऊ

भन्ने स्नेहरूपी क्षणहरूलाई सदाबहार फैलाइ राख नजिकिइदेऊ भन्ने भावना प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

'आवाजको खोजी' कवितामा मातृभूमिप्रतिको प्रेमलाई नदी किनार, गाउँ शहरका सडक, खेतका कान्ला, सुनसान जङ्गलको बाटो हिडेको, बाघ सिंहको गर्जन सुन्दै आमाको आवाजको खोजीमा मातृभूमिका हरेक चीजहरूको गीत सुन्दै हिडेको भन्ने भाव प्रकट गरिएको छ ।

'भन न' कवितामा मातृभूमिप्रतिको प्रेमलाई विभिन्न पहाडी चिसो हावाको वन कन्दराहरूमा रमाउँदै काफल र लालीगुँरास टिप्दै विभिन्न चुनौतीहरू पार गर्दै आमाले आफ्ना सन्ततिहरूको सेवामा निरन्तर लागि रहने तिमी यस प्यारो भूमिलाई छाडेर कहाँ गयौ भन न भन्ने अभिव्यक्ति पाइन्छ ।

'कता हराए' कवितामा तिमीले तिम्रो सागररूपी जीवनमा विभिन्न आँधीबेरी, भूकम्प, बाढीहरूलाई झेल्दै आफूलाई आइपरेका जस्ता सुकै चुनौतीहरूको पनि सामना गर्न सक्ने तिमी खोई कता हरायौ भन्ने भाव यसमा पाइन्छ ।

'सङ्कल्प' कवितामा आमाले विभिन्न दुःख कष्ट पीडा सहेर आफ्नो जीवनको अन्त्यसम्म पनि आफ्ना सन्ततिकालागि सदैव लागि परेको अभिव्यक्ति सङ्कल्प कवितामा पाइन्छ ।

'अभिषेक' कवितामा मातृभूमिको हरेक कण कणका क्षणहरूमा रमाएको शरीरले मातृत्वको छहारीले सिञ्चिएको जीवनका हरेक पलपलमा शुभ दिवसका लागि आशीर्वचनको सधै अभिषेक आमाको मायाले दिएको छ भन्ने भाव प्रस्तुत कवितामा रहेको छ ।

'पारदर्शी जीवन' कवितामा एउटी नारी वा आमाले आफ्नो सन्तानलाई यस धर्तीमा जन्म मात्र नदिई कर्म समेत दिलाई उसलाई आफ्नो खुट्टामा उभिन सिकाई हरेक क्षणमा जीवनलनई पारदर्शी बनाउन सक्ने क्षमता आमाले सिकाएको हो भन्ने सन्देश यस कवितामा दिइएको छ ।

'चोखो' कवितामा जसरी नदी, झरनाबाट बग्ने पानीमा जतिसुकै फोहर फाले पनि त्यो निरन्तर रूपमा बगिरहन्छ । पानीको प्रत्येक थोपामा पवित्रता हुन्छ । त्यस्तै पवित्र प्रेम आमाको माया हुन्छ । त्यस्तै अत्यन्त चोखो बात्सल्य प्रेमलाई आफ्ना सन्तातिहरूले सदैव खुशी राख्न सकेमा धर्तीको रूपमा आमा हाँस्नेछिन् । त्यसैले जन्मदिने आमा र पालनपोषण गर्ने यस धर्तीलाई सधै सिगार्नुपर्छ भन्ने यथार्थता यस कवितामा जतिसुकै हत्या हिंसा अन्याय अत्याचार हुँदा पनि पृथ्वीरूपी आमाले मौन रहेर सहन्छिन् । यस्तो सहनशिलतालाई बुझेर आमाको ममताको मूल्य चुकाउन हामी सबै एक जुट भई यस देशमा प्रगतिको ढोका खोल्नुपर्छ भन्ने सन्देश यस कविताले दिएको छ ।

'मातृत्वको छहारी' कवितामा कवयित्री लिगलले यो सुन्दर हरियाली पूर्ण मातृभूमिलाई मरूभूमितुल्य बनाउनु हुँदैन । मातृत्वको छहारीमा ओत लिनका लागि भाइ भाइमा कुदृष्टि नराखी

आमाको ममताको मूल्य बुझेर मात्र मातृत्वको न्यानो छहारी पाउन सकिन्छ । यसरी एकातिर मातृवियोगको पीडामा भक्कानो फुटेर आएको छ भने अर्कातिर नेपालको प्राकृतिक सौन्दर्यको विनाश हुँदै गइरहेकोमा चिन्ता प्रकट गर्दै मातृत्वको प्रतीक लाई प्रकृति संरक्षणका निम्ति आह्वान पनि गरिएको छ ।

'एउटै खास्टो' कवितामा जसरी गर्मी याममा एउटा रुखले आफ्नो छहारीमा सबैलाई शीतलता दिदै राखेको हुन्छ । त्यसैगरी आमाले पनि आफ्नो एउटा खास्टो ओढाएर आफ्ना सन्तानलाई काखमा लिदै एकातिर न्यानो माया प्रदान गरेकी हुन्छिन् भने अर्कातिर प्राकृतिक सौन्दर्यको सधैं संरक्षण गर्दै त्यसलाई जोगाइ एकै खास्टोमुनि राख्नुपर्छ भन्ने भावनालाई यहाँ व्यक्त गरिएको छ ।

'आशा' कवितामा प्राकृतिक सौन्दर्यहरूसँग आमाका हरेक इच्छाहरूलाई तुलना गर्दै यस देशले खोजेको नयाँ युगको थालनी गरी दुःखदायी जीवन गाथाको अन्त्य गरी सुखमय संसारको थालनी गर्नुपर्छ भन्ने सन्देश कविताले दिएको छ ।

'खाँचो छ यहाँ' कवितामा मातृवियोगमा तड्पिएकी कवयित्रीले हरेक क्षणमा आमाको खाँचो रहेको चिन्ता प्रकट गरेकी छन् ।

'पृथ्वी' कवितामा कवयित्रीले पृथ्वी भनेकी आमा हुन् । जसरी पृथ्वीले जतिसुकै दुःख कष्ट परे पनि सहन सक्छिन् । सबैलाई माया प्रेम दिन सक्छिन् । त्यस्तै गरी जन्म दिने आमाले पनि आफ्ना सन्तानका लागि जस्तो सुकै दुःख कष्ट झरी बादल शीत ताप भोक प्यास भएपनि ती सबैलाई सहेर आफ्ना सन्तानको सुखमा आफू समर्पित हुन्छिन् भन्ने भावार्थ यस कवितामा प्रस्तुत गरिएको छ ।

'मोड' कवितामा धर्ती मातालाई विम्बका रूपमा प्रस्तुत गरिएको छ । उक्त कवितामा एकातिर देशमा भएको राजनैतिक गतिविधिको विषयलाई केही मात्रामा व्यङ्ग्य गरिएको छ भने अर्कोतिर नेपाल आमाको छातीमा लात हानी आपसी मेलमिलापलाई बिर्सिएको विषयलाई उतारिएको छ । यस्तो नेपाल आमाको भावनाको कदर गरेर आपसी वैमनष्यता, मातृत्वमा द्वेष, इर्ष्या तथा एक अर्कामा मनोमालिन्य हटाई अघि बढेमा नेपाल आमाको आकाङ्क्षा पूरा हुनेछ भन्ने भावार्थ प्रस्तुत कविताले दिएको छ ।

### ५.४.४ प्रकृति र संस्कृतिसँग सम्बन्धित कविताहरू

'तिमी यहीं छौ' कवितामा प्राकृतिक सौन्दर्यमा आधारित रही ऋतुहरूको वर्णन गर्दै विभिन्न उपमाहरू दिदै मातृत्व प्रेमलाई दर्शाउन खोजेको भावार्थ उक्त कवितामा प्रस्तुत गरिएको छ । यस कवितामा कवयित्रीले ऋतुहरूमा वसन्त, बगैचामा लालुपाते, आँगनमा हरियो दुबो, शिशिरमा सदाबहार रुखहरू, गृष्ममा झरनाको चिसो पानी, पन्छीहरूमा मयूर, पशुहरूमा हरिण, फूलहरूमा

कमल, तीर्थहरूमा देवघाट, सूर्यमा किरण, रात्रिमा जुनको उज्यालो र ताराहरूमा सप्त ऋषिका रूपमा आमाको सजीव चित्रण पाएको गुनासो उक्त कवितामा रहेको पाइन्छ । आमाको मृत्यु पश्चात् मातृप्रेमबाट वञ्चित हुन पुगेकी कवयित्रीले प्रकृतिका हरेक सौदर्न्यहरूलाई आमाको रूपमा देखेका कुरा कवितामा प्रस्तुत गरेकी छन् ।

'हावासँग' कवितामा आमाको सम्झनालाई प्रकृतिमा रहेका हरेक चिजहरू जस्तै हावाको झोक्काका साथमा आएर आनन्दित तुल्याउँछ । पन्छीहरूको मधुर स्वरमा गुन गुनाउँछ । बच्चाहरूको मिठासपूर्ण आवाजमा बोलीदिदा खुशी हुन्छ । लतावृक्षको हल्लाइमा, निलो सफा आकाशमा ताराको रूपमा आउँदा, जुनको रातमा जुनका आँखाले हेर्दा वास्तवमा हामी तिम्रो साथ पाएको अनुभूतिमा आनन्दित भई निदाउन सक्छौं भन्ने भावार्थलाई प्रकृतिका हरेक चिजहरूमा तुलनात्मक रूपमा वर्णन गर्दै कवितामा प्रस्तुत गरिएको छ ।

'किन पलाएन भयौ तिमी' कवितामा हराएको संस्कृतिलाई आमाको रूपमा तुलना गरिएको छ । जसरी प्राचीनकालदेखि चलिआएको धर्म-संस्कृति र संस्कारले ठाँउ लिदै आएको, धर्तीको प्रत्येक स्पन्दनले स्पर्श गरेको हृदयमा मानव माया छाएको मुटुमा खल्लो कहाली लाग्दो, उराठ लाग्दो जीवनको अनुभूति गरी रमाइला क्षणहरू पनि पार गर्दै जब जीवनका सम्पूर्ण दुःख सुखका गाथालाई कथामा परिणत गर्न बाँकी छाडेर तिमी किन हरायौ भन्ने भाव प्रस्तुत कवितामा रहेको पाइन्छ ।

'छहारी' कवितामा जसरी आमाले आफ्ना सन्तानलाई भोक प्यास शीत ताप सबै सहेर आफ्नो न्यानो छहारीमा राखेकी हुन्छन् । त्यसै गरी प्रकृतिमा रहेका सुन्दर हरियाली पालुवाहरूले पनि छिटै बढी आफ्ना सन्तानहरूलाई छहारीमा राखी दक्ष बन्न सक्षम तुल्याउँछ भन्ने भावार्थका साथै प्रकृतिलाई आमासँग तुलना गरिएको छ ।

'धर्ती हाँस्छ' कवितामा आमालाई धर्तीमाताका उपमाका रूपमा राखिएको छ । यस कवितामा आमाले यस संसारलाई छाडेर गए पनि सबैका मुटुको स्पन्दनमा रहनेछ । कलाकारको कलाको रूपमा वनजङ्गलमा गुराँस भै मुस्कुराउँछ । फूलवारीमा बेली चमेली बस्छ, इन्द्रकमल भई सुवास फैलाइ सबैको मनलाई आनन्द दिन्छ । यसरी गीतको बोलमा, संगीतको धूनमा रमाइ, आकाश भई विश्व निहार्दै शीतलताले आनन्द दिई धर्तीलाई हसाँउने छु भन्ने भाव प्रस्तुत गरिएको छ ।

'विश्वास' कवितामा कवयित्रीले आमाको मृत्युको खबरलाई विश्वास नगरी सपना, विपना, घर-आँगन, छरछिमेक, वनजङ्गल, गाउँ शहर, प्रकृतिमा रहेका हरेक चीजहरूलाई, पधेर्नी, वनका लतावृक्षहरू, पशु-पन्छीहरू, पिंजराको सुगा सबैले यस धर्तीमा नरहेको सङ्केत गरेपछि भगवान्को साथमा रहेको विश्वास गर्दै प्रकृतिका हरेक चीजहरूसँग आमालाई सोध्दै कविता प्रस्तुत गरेकी छन् ।

'चन्द्रमा सँग' कवितामा आकाशमा रहने चन्द्रमा घरि घरि कालो बादल भित्र किन लुकाएर राखेको छ भन्ने कवयित्रीलाई लागेको छ । जब चन्द्रमा उदाउँछ केटाकेटीहरू रमाइ रमाइ लुकामारी खेल्दछन् । एकै छिनमा पुन चन्द्रमा लुकी दिदामा खेलमा खिन्नता उदाउँछ । यस्तो खिन्नता नल्याउनका लागि कवयित्रीले चन्द्रमालाई बादलको घुम्टो नओढी आफ्नो सौन्दर्यलाई देखाउन आग्रह गर्छिन् किनकी चन्द्रमा उनले आफ्नी आमालाई देख्ने हुँदा तिम्रो रूपमा केही दाग लाग्ने छैन भन्ने भावलाई कवितामा चित्रण गरिएको छ ।

'आभास छैन' कवितामा कवयित्रीले प्रकृतिको चित्रण गर्दै प्रकृतिमा रहेका विभिन्न चीजहरू आकाश पातल धरातल चारैतिर खोज्दा पनि कतै केही पाइएन । आकाशमा हुने सूर्यले दिनमा किरण भई उज्यालो देखाउँछ भने रातमा हुने चन्द्रमाले जुन भई रातलाई उज्यालो छर्दा निलो आकाशमा ताराहरू मात्र देखिन्छन् । त्यस्तै समुन्द्रले तरङ्ग, नदीमा लहर, झरनाले कुञ्जन ध्वनि, माछाले पानीमा मनोरम दृश्य देखाई आनन्दित तुल्याउँछ । फूलवारीमा भवँरा घुम्छन् । वसन्तले हरियाली ल्याउँछ, इन्द्रेणीले पर्दा खोल्दा पानी पर्छ तर जस्तोसुकै परिस्थिति भएपनि यस प्रकृतिमा कतै केही आभास पाइँदैन भन्ने भावलाई प्रस्तुत कविताले सङ्केत गरेको छ ।

'पारिलो घाम' कवितामा जाडोयामको घाम नाप्दै, कथा सुनाउँदै, प्रकृतिका रमणीय दृश्यहरूलाई नियाल्दै, बाटो हिड्ने बटुवा, गाडीका रफ्तारहरूलाई नियाल्दै, केटाकेटीहरू हास्दै खेल्दै गरेको दृश्यहरूलाई हेर्नको लागि कौसीमा बसेर बोलाउने गर्थिन् । अब ती सबै कहाँ छन् भन्ने प्रश्नका साथमा आमा स्मरणलाई प्रकृतिका मनोरम दृश्यहरूसँग तुलना गदै कविता प्रस्तुत गरिएको छ ।

'हेर हामीलाई' कवितामा हामीलाई हेर्दा आकाशको आँखाले, वसन्तको घुम्टो खोलेर, पीपलको बोटले छहारी दिदा, नदीको पवित्र जलले सेचन गर्दा, झरनाको सुमधुर ध्वनि सुन्दा, जूनले उज्वलता प्रदान गर्दा, चराचुरुङ्गीको चिरवीर ध्वनि सुन्दा हामी खुशीले आनन्दित हुन्छौं भन्ने भाव प्रस्तुत कवितामा पाइन्छ ।

'मीठो छाया' कवितामा प्रकृतिमा रहेका हरेक चीजहरूसँग आमाको मायालाई तुलना गरिएको छ । यस कवितामा कवयित्रीले गर्मी याममा रुखको छहारीले जति आनन्द दिन्छ, पवित्र नदीको चिसो जलले जति आनन्द दिन्छ । त्यस्तै आनन्द आमाको स्नेहरूपी छायाले दिन्छ । प्रकृतिको साथमा, वन्यजन्तुको साथमा खेल्दै चराहरूको माझमा खेल्दै गुँरास टिपी शिरमा लगाउदै खेतमा, फूलवारीमा खेल्दै गीत गाउँछ । जहाँको वातावरणमा फूलमा पुतली घुम्छ त्यहीको सुवासमा मलाई छोडी शून्यतामा नजाऊ भन्ने भावका साथै मातृत्वप्रेमलाई प्राकृतिक सौन्दर्यसँग तुलना कवितामा व्यक्त गरिएको छ ।

'आई देऊ तिमी' कवितामा कवयित्री साझको बेलामा यस धर्तीमा तिमी नहुँदा सबैको मुहारमा मलिनता छाएको छ । यस हृदयमा देखापरेको खिन्नता, इर्ष्यालु भावलाई हटाउनका लागि

मात्र नभई यस धर्तीमा रहेको उर्वरा शक्ति र पशुपन्छीहरू र सदाबहार वृक्षहरू सबैको नाश हुदै गएकाले यस रमणीय धर्ती नै शून्यतामा परिणत हुन थालेको छ । यस्तो हुन नदिनका लागि यस धर्तीमा तिमी आईदेऊ भन्ने मातृत्व प्रेमलाई प्रकृतिसँग तुलना गर्दै कविता प्रस्तुत गरिएको छ ।

'अषाढको मेलो रोइरहेको छ' कवितामा किसानहरूले मानो खाएर मुरी अन्न उब्जाउने बेलामा पानी नपरेर जमीन सबै फुटेको बेला धर्ती रुन्छ । यस धर्तीको सेवक भएर तिमी कहाँ छौ ? किन तिमीले धर्तीलाई हँसाउनका लागि पहल गर्दैनौ ? केही सङ्केत देउ अनि मात्र हामीले त्यसलाई योग्य तुल्याइ उर्वरा शक्तिको आगनमा धर्तीलाई हसाउने छौं अर्थात् वर्षात् गराइ सारा किसानहरूको भकारी भरिदिई कीर्तिमान गराउने छन्, त्यसपछि वर्षायाममा पानी परी अषाढको मेलोलाई हसाइदेऊ भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ ।

'अनगिन्ती आशाहरू' कवितामा धर्ती आमालाई सिगार्नका लागि अनगिन्ती आशाहरू बोकेर अघि बढेका पाइलाहरूले आशाका अनगिन्ती खुड्किलाहरू बोकेका पाखुराहरूले सधै अग्रसर हुने सङ्कल्प लिएका मस्तिष्कहरू सधै आसै आसमा अडेका छन् भन्ने भावार्थ यस कवितामा प्रस्तुत गरिएको छ ।

'दिवा स्वप्न' कवितामा आमालाई पाउने आशाहरूका टुसा वा अङ्कुर पलाए जस्तै गरी पलाउँदै क्षणभर मै बढ्दै गएका पालुवाहरू झाँङ्गिदै प्रसस्त हाँगा बिगाको संख्यामा बृद्धि हुँदै ठूलो वृक्षको रूपमा परिणत भई छहारी प्रदान गर्छ । त्यसैगरी आमाको मातृत्व प्रेमरूपी छहारीमा आरामको निद्रामा आफूलाई निद्रित भएको अनुभूति दिलाएको केवल क्षणिक दिवा स्वप्न मात्र रहेछ । सपना सपना मात्र हुँदो रहेछ विपनामा परिणत नहुँदो रहेछ भन्ने भाव यस कवितामा प्रस्तुत गरिएको छ ।

'धर्तीको गीत' कवितामा तिमी यस धर्तीको गीत, प्रीत भएर पनि कता हरायौ भन्ने प्रश्न गर्दै जहाँ भए पनि हाम्रो सङ्कल्प पूरा गर्न आइदेऊ । तिमीले सन्देश मात्र देऊ । म यहाँ छु भन्ने हामी तिमीलाई पाउनका लागि अँध्यारो, उज्यालो, नभ, थल, जल जहाँ पनि खोज्न तयार छौ भनी धर्तीको गीत कविता मार्फत कवयित्रीले आमाको स्नेहरूपी छहारी खोजेकी छन् ।

'यो धर्ती' कवितामा कवयित्रीले पवित्र जलले सचेत गर्दा जसरी उर्वराशक्ति बढेर अन्नवालीहरू उब्जाऊ हुन्छ अथवा पोसिन्छ । त्यस्तैगरी पशुपन्छी प्राणीहरू र बालबच्चाहरू सबै धर्ती आमाको ममताले पोसिएका छन् । जसरी यस धर्तीमा मौलाएका सृजनारूपी फूलहरूले आनन्द दिन्छ । त्यही फूल र स-साना बिरुवाहरू बढ्दै ठूलो वृक्षमा परिणत भई छहारी प्रदान गर्छन् । त्यसैगरी धर्तीरूपी आमाले माया ममताका साथ गरिमामय शान दिन सकिन्छ भन्ने सन्देश यस कविताले दिएको छ ।

'वृक्ष छहारी' कवितामा जुन धर्ती आमाले बिर्सन नसकिने खालका सम्भनाहरू दिएको छ । जस्तै चमेली फूलको वासना, जाइ जुहीको लहरा तलाउको कमल कोइलीको मधुर स्वर पानको पातको मधुर गुञ्जन आदिले हाम्रो जीवनमा बिर्सन नसकिने शीतलता प्रदान गरेको छ भन्ने भावार्थ प्रस्तुत गरिएको छ ।

'कथै कथा' कवितामा यस देशमा रहेको सर्वोच्च शिखरले जसरी विश्वमै नाम राखेको छ । हिउँ पग्लेर हिमनदीका रूपमा प्रवाहित नदीहरू जस्तै गङ्गा-जमुना, गण्डकी त्रिवेणी आदि नामले पवित्र तीर्थ स्थलका रूपमा चर्चित छन् । यी हिमाल पहाड नदी नालाहरूले कति दुःख कष्ट भेल्दै कथा प्रस्तुत गरेका छन् । त्यस्तै यस कथाकी प्रमुख नायिका आमाले पनि जीवनका कथालाई अविस्मरणी रूपमा छाडेकी छन् भन्ने भावार्थका साथ कविता प्रस्तुत भएको छ ।

'रूपमा' कवितामा आमालाई प्राकृतिक सौन्दर्यहरूको उपमा हिमाल भै हास्ने, गँरास भै वन सजाउने, भरनाको रूपमा भरभर गरी सबैलाई शीतलता दिने, गुलाबको रूपमा बगैंचा सिगार्ने, कोइलीको स्वरमा संगीत छर्ने, भँवराको आवाजसँगै महको मिठास दिने, गौमाताको रूपमा दूध दिने, चराहरूको चिरविर सँगै जागरणको रूपमा प्रकृतिसँग तुलना गर्दै आमाको गुणगान प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'शान छ' कवितामा आमालाई प्रकृतिसँग तुलना गरी धर्तीमाताको उपमाको रूपमा आमालाई लिइएको छ । प्रस्तुत कवितामा यस धर्तीमा रहेका वृक्षहरूले जसरी मधुर मिठासका साथै शीतलता प्रदान गरेको छ । त्यस्तै देशको कला सँस्कृति र राष्ट्रिय संगीतको धूनमा राष्ट्रको शान छ । त्यही राष्ट्रको शानमा सन्तानको मान छ । त्यही मानमा आमाको मुस्कुरावट छ भन्ने भाव प्रस्तुत कवितामा रहेको छ ।

'फूलवारीको वेदना' कवितामा कवयित्रीले फूलको बगैचामा भएका रङ्गीविरङ्गी फूलहरूले जसरी बगैंचा सिगारेर घर लगायत बगैंचालाई सौंन्दर्यमान तुल्याउँछ । त्यही फूलबारीलाई गोडमेल, मलजल गरी स्याहार सुसार नगर्ने हो भने ती सौन्दर्यमय फूलहरू सबै आफै ओइलाउँदै, पहेलिदै, भर्छन् र फूलबारीलाई उजाड तुल्याइदिन्छन् । जसरी फूलवारीको स्याहार गर्ने माली नहुँदा फूलवारी उजाड हुन्छ  त्यसै गरी आमाको कमीमा जीवन उजाड हुन्छ भन्दै प्राकृतिक सौन्दर्यका उपमाको रूपमा आमालाई लिइएको छ ।

### ५.४.५ राष्ट्रियतासँग सम्बन्धित कविताहरू

**आमा** कविता सङ्ग्रहमा कवयित्रीले आफूले देखे, सुने र भोगेका घटनाहरूलाई आमाको रूपमा तुलना गर्दै कविता प्रस्तुत गरेकी छन् । त्यही मध्येको 'कहाँ पाउँ' कविता पनि एक देशप्रेम सम्बन्धी कविता हो । प्रस्तुत कवितामा कवयित्रीले विदेश गई विदेशी संस्कारमा रमाइ आफ्नो मातृभूमिलाई बिर्सी विदेशिन पुगेकी कवयित्रीलाई एकातिर आमाको माया गुमेको पीडा छ भने

अर्कोतिर विदेशमा रहँदा नयाँ संसार पाए तापनि देशको सम्झनाले पिरोली आँसु खसेका वेदनायुक्त भावहरू प्रस्तुत गरिएको छ ।

'कथाको सागर' कवितामा देशप्रेमको आभास लुकेको पाइन्छ । यस कवितामा नदी नाला, झरना आदि पवित्र जलको लागि वृक्षको आवश्यक पर्दछ । त्यस्तै गरी आफ्नो देशको इतिहासलाई अटल राख्नको लागि राष्ट्रिय शक्ति चाहिन्छ भनी जन्म दिने आमालाई विभिन्न उपमाका रूपमा प्रयोग गर्दै राष्ट्रियता सम्बन्धी कविताहरू प्रस्तुत गरेकी छन् ।

'चोखो माया' कवितामा जन्म दिने आमा र कर्म दिने आमा अर्थात मातृभूमिको अगाध माया साँचेकी कवयित्रीले बाध्यता वा स्वेच्छाले विदेशिन पुगेका नागरिकहरूलाई आमाको र स्वदेशको माया संगालिराख्न सचेत गराउछिन् । यस्तो स्वर्गसरी यस धर्तीलाई नेपाली पुर्खाले सिर्जना गरी विभिन्न कला संस्कृतिले सिगारेको देशलाई भुल्न हुँदैन भन्ने सन्देश यस कवितामा दिइएको छ ।

'स्वतन्त्र छु म' कवितामा बाध्यता वा स्वेच्छाले विदेशिन पुगेका नागरिकहरूलाई तिमी स्वतन्त्र भै हिड्न, घुम्न र प्राकृतिक सौन्दर्यहरूको साथमा आनन्दित भई घुम अव अरूको अधिनमा नबस भन्ने सन्देशका साथ स्वतन्त्र छु भन्ने भाव प्रकट गरिएको छ ।

### ५.४.६ चिन्ता र वेदनासँग सम्बन्धित कविताहरू

'निष्ठुरी भयौ' कवितामा आमाको मृत्युले चिन्तित भएकी कवयित्रीले आफ्नो आमाको माया पाउनका लागि सबै ठाऊँ खोजे तर कतै पाइन । सपनी विपनी केहीमा पनि आइनौ ? किन यति साह्रै निष्ठुरी भयौ भनी चिन्ता प्रकट गर्दै कविता प्रस्तुत गरिएको छ ।

'टाढा भयौ' कवितामा पनि आमाको विछोडको पिडाले छट्पटिएकी कवयित्रीले आमालाई हामीले केही गल्ती नगर्दा नगर्दै पनि किन यसरी छाडेर गयौं । तिमी हुँदा तिम्रो शीतल छहारी र मायाको प्रेरणाले सधै अगाडि बढ्ने भएका हामीलाई अव कसले हौसला दिन्छ भन्दै चिन्ता र वेदनायुक्त भावहरू कवितामा व्यक्त भएका छन् ।

'विरानो भो' कवितामा कवयित्री लिगलले आमाको मृत्यु भएको घटनाले अत्यन्तै दुःखी हुँदै प्राकृतिक सौन्दर्यहरू गाउँ शहर चारैतर विराना भए किन यस्तो भयौ ? किन यसरी सबैलाई माया मारेर गयौ भन्ने गुनासायुक्त अभिव्यक्तिहरू प्रस्तुत गरिएको पाइन्छ ।

'तिमी आइनौ' कवितामा आमाको विछोडको घटनाले पिरोलिन पुगेकी कवयित्रीले गुनाशायुक्त भावहरू प्रस्तुत गर्छिन् । प्रकृतिका चारैदिशा, मन्दिरका ढोका चारैतिर खोज्छिन् । प्रकृतिका सम्पूर्ण चीजहरू रोए तर तिमी फर्केर आइनौ भनी चिन्ताले भरिएका अभिव्यक्तिहरू यस कवितामा दिइएको छ ।

'आखिर किन ?' कवितामा जीवनमा कति दुःख कष्ट काटी अव दुःखका जीवन बिताइरहेको बेला तिमीलाई के कमी भयो र आफू आफैमा यसरी हराउँदै गयौ आखिर किन भन्ने प्रश्नयुक्त भावहरू प्रस्तुत कवितामा रहेको छ ।

'खोजेर त्यो पाइंदैन' कवितामा आमाले दिएको अपार प्रेमलाई सन्तानले सधैंभरि खोजी रहन्छ तर त्यो माया इतिहास लेखिए झैं केही समय पछि छाडेर जान्छ । त्यसलाई खोजेर पाउन सकिदैन । केवल जीवनका इतिहासका कथा बन्न जान्छ । ती कथा कसरी बिर्सिनु भन्ने चिन्तायुक्त अभिव्यक्तिहरू उक्त कवितामा प्रस्तुत गरिएको छ ।

'संझनाको धार' कवितामा जीवनमा भोग्नु परेका दुःख सुखका घटनाहरूलाई नदी, समुन्द्रको लहर झैं बगिरहने सम्झनाका अनुभूतिहरूलाई मातृस्नेहको कमीमा दुःखद भएको वेदनायुक्त अभिव्यक्ति पाइन्छ ।

'सुखको माहौल' कवितामा कवयित्रीले एकातिर आफू विदेशी जीवन बिताइ आफ्नो देश भन्दा धेरै टाढा भएको कुरालाई बिम्वित गरेको छ । अर्कोतिर जन्म दिने आमाले यस संसारलाई छाडेर अर्को नयाँ संसारमा पुगी अर्को सुखको माहौलमा रहेको विषयलाई विम्वित गरी कविता प्रस्तुत गरिएको छ ।

'मनोवाञ्छा' कवितामा कवयित्रीले आफ्नो आमाको मृत्यु पश्चात् आफूमा आएका उथलपुथल विषमता र दर्दनादक बाढीले जलन हुन पुगेकी कवयित्रीको आमाको अन्तिम इच्छा पूरा गर्न देवघाटमा लगी विसर्जन गरेका शोकयुक्त अभिव्यक्तिहरू कवितामा पाइन्छ ।

'प्रतीक्षा' कवितामा मृत्यु शैयामा सुतेकी आमाको प्रतीक्षा गरी उनको आगमनको प्रतीक्षा गर्दागर्दै दिन रात सबै बिते तर तिमी आइनौ । प्रतीक्षा प्रतीक्षामै बिते तर तिमी फर्किनौ भन्ने भाव प्रस्तुत कवितामा रहेको छ ।

### ५.४.७ आस्तिक विश्वाससँग सम्बन्धित कविताहरू

आस्तिक विश्वाससँग सम्बन्धित कविताहरू 'परम व्यक्तित्व', 'विपना' र 'ईश्वरीय प्रेम झैं' आदि हुन् । यी मध्ये 'परम व्यक्तित्व' कवितामा ईश्वरमा समर्पित भई योग साधनामा रहेका पवित्र आत्माहरू हो, तिमीले सत्य जवाफ देऊ । मेरी आमा कहाँ छिन् भनी प्रश्न गर्दा त्यस प्रश्नको रूपमा अदृश्य आत्माको रूपमा स्थापित भई परम व्यक्तित्वको रूपमा रहेको अभिव्यक्ति प्रस्तुत कवितामा पाइन्छ । जस्तै :

तिनमा दैवी शक्ति
प्रदत्त भै सकेको छ
तसर्थ, तिनी

अदृश्य आत्माको
रूपमा
चिरस्थायी हुन्
सफल भएकी छिन्
तिमीहरूले
केही चिन्ता
गर्नुपर्दैन ।

- परम व्यक्तित्व पृ.नं.४०

'विपना' कवितामा मन्दिरका वरिपरि पवित्र नदीको जलले शरीरलाई स्वच्छ दिलाउँछ । ऋषि-मुनिको संसर्गमा धार्मिक प्रवचनहरू सुन्दा, प्राकृतिक सौन्दर्यहरू आनन्दित भई ईश्वरप्रति समर्पित हुँदा यस धर्तीका रूपमा आमा मुस्कुराएको सपना ठानेको त केवल विपना रहेछ । यसरी आमा त ईश्वरीय शक्तिका रूपमा पो रहेको भन्ने भावार्थ यस कवितामा रहेको पाइन्छ ।

'ईश्वरीय प्रेम भैं' कवितामा  कवयित्रीले आफ्नो आमाको मृत्यु पश्चात् आमालाई विभिन्न रूपमा तुलना गर्छिन् । जसरी ईश्वरले यस धर्तीका सम्पूर्ण चीजलाई मायाममता पुऱ्याएका छन् । त्यसैगरी आफू मरेर पनि आफ्ना सन्तानप्रति गहिरो प्रेम छाडेको भाव यस कवितामा आस्तिक विश्वासका रूपमा प्रस्तुत गरिएको छ ।

**५.४.८ शीर्षक**

शीर्षक कविताको महत्त्वपूर्ण तत्त्व हो । यो कविता कृतिको नामाकरण मात्र नभई कृतिको सारभूत भाव विचारको सूचक सङ्केत समेत हुनु पर्ने हो । कृतिमा व्यक्तिएको विषय र शीर्षकबीच अन्योन्याश्रित सम्बन्ध रहनुपर्छ । शीर्षकले अभिधात्मक र प्रतीकात्मकमध्ये कुनै एकलाई समातेको हुनुपर्दछ । यस्तो शीर्षक नै बढी सार्थक हुन जान्छ।

शीर्षक कविताको नामकरण भएकाले अनिवार्य तत्त्व हो । यस आधारमा सिङ्गो सङ्ग्रहको शीर्षक 'आमा' कवयित्रीको कविताहरूको मूल आवाजलाई प्रतिबिम्वित गरी जननी र जन्मभूमिप्रतिको श्रद्धाभाव प्रतिविम्वित हुने गरी शीर्षक राखिएको पाइन्छ ।

**आमा** कविता सङ्ग्रहमा रहेका ६८ वटा कविताहरूको शीर्षक चयनमा विविधता रहेको पाइन्छ । वात्सल्यप्रेमसँग सम्बन्धित कविता, मातृभूमिसँग सम्बन्धित कविता, प्रकृति र सँस्कृतिसँग सम्बन्धित कविता, राष्ट्रियता तथा देशप्रेमसँग सम्बन्धित कविता, चिन्ता र वेदना सम्बन्धित कविता र आस्तिक विश्वास सम्बन्धित कविताहरू यसमा समावेश भएका छन् । यसरी कवितामा मातृत्व प्रेम र मातृभूमिप्रतिको अगाधप्रेमलाई कविताहरूमा समेटिएकाले यस कविता सङ्ग्रहको शीर्षक सार्थक छ ।

### ५.४.९ संरचना

कविताको बनोटको स्थितिलाई संरचना भनिन्छ । संरचना आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । बाह्य संरचनाले कविताको बाहिरी तत्त्वभित्र देखापर्ने हरफ, पाउ वा सर्गलाई देखाउँछ । आन्तरिक संरचनाले चाँहि कविताको कथन पद्धति, भाव विधान र छन्द ढाँचाभित्रको अर्न्तलयलाई समेत बुझाउँछ । त्यसैले संरचना ज्ञानको चुरोको रूपमा रहेको कविताको महत्त्वपूर्ण अङ्ग हो । यो विना कुनै रचना निर्माण हुन नसक्ने भएकाले यसलाई कविताको अनिवार्य तत्त्वको रूपमा मानिन्छ ।

**आमा** कविता सङ्ग्रहको आवरण पृष्ठबाहेक जम्मा ८८ पृष्ठमा संरचित रहेको छ । यस कविता सङ्ग्रहमा ३ हरफ देखि १२ हरफ सम्मका ६८ वटा कविताहरू रहेका छन् । यस सङ्ग्रहमा अधिकतम २ पृष्ठसम्मका छन् । उनका कविताहरू लामा छोटा दुबै खालका रहेका छन् ।

### ५.४.१० लय विधान

कविताको मुटु वा धुकधुकी नै लय हो । यही लयगत विशेषताले गर्दा साहित्यका अन्य विधाबाट यो अलग हुन्छ । भाषामा प्रयोग हुने स्वरव्यञ्जन वर्णहरूको उच्चारणकालमा निस्कने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । यी पनि कविताको एक महत्त्वपूर्ण तत्त्व हो ।

लय विधानका दृष्टिले हेर्दा यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा लोकलय वा झ्याउरेलय र लोकलय प्रकृतिकै अन्य लय र गद्यलयको प्रयोग गरिएको छ । शास्त्रीय छन्दमा कविता रचना गर्ने कवयित्रीको रहर कुनै कुनै कवितामा भएको पाइन्छ तर गण, मात्रा, यति आदि शास्त्रीय काव्यरचनाका नियममा आबद्ध नहुँदा ती रचना पनि लोकलयकै सूचीमा रहेका छन् ।[1]

### ५.४.११ भाषाशैली

कवितामा काव्यात्मक उचाइ प्राप्त गरी स्रष्टालाई निजी पहिचान दिने काम भाषाशैलीले गर्दछ । भाषिक शिल्पले नै मुक्तलय र बद्धलयभित्र लयात्मकता स्थापित गराउँदछ । कवितामा प्रयोग गरिने सङ्गठनगत पद्धतिलाई शैली भनिन्छ । शैली व्यक्ति पिच्छे फरक-फरक हुने गर्दछ । सरल, नाटकीय, आलङ्कारिक, वर्णनात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छ तर यिनका कविताहरूमा भने अभिधामूलक सहज अभिव्यक्ति पाइन्छ । कवयित्रीले यस सङग्रहका कविताहरूमा सहज र सरल शैलीमा आफ्नो अनुभूति व्यक्त गरेकी छन् ।

### ५.४.१२ केन्द्रीय कथ्य तथा भाव विधान

प्रस्तुत कविता सङ्ग्रहमा ममतामयी आमाको वियोगमा तड्पिएकी छोरीको मनोभावलाई देखाइएको छ । त्यसका साथै आफ्ना जीवन भोगाइका तीता मीठा अनुभूतिलाई देशमा भएका

[1] बालकृष्ण भट्टराई , 'मान्तव्य' आमा कविता सङ्ग्रह (ले. गङ्गा लिगल) भैरहवा न्यू श्रेष्ठ प्रकाशन २०६४ ।

प्राकृतिक वैभवहरू मासिदै र नासिदै गइरहेकोमा चिन्ता प्रकट गर्दै यस्तो हुन दिनु हुँदैन । आफूलाई जन्मदिने आमा जस्तै यस धर्तीलाई पनि माया गर्नुपर्छ । प्राकृतिक वैभवहरूको संरक्षण गर्दै देशप्रेम को भाव जगाउनु नै यस कविता सङ्ग्रहको केन्द्रीय भाव रहेको छ ।

### ५.४.१३ अलङ्कार विधान

कवितालाई सरसता र रोचकता प्रदान गर्नको लागि अलङ्कारको प्रयोग गरिदैं आएको पाइन्छ । जसले कविताको बाहिरी आभूषणको रूपमा काम गरेको पाइन्छ । अलङ्कार कविताको बाहिरी पक्ष भएर पनि भाव र विषयवस्तुका बीच यसको सम्बन्ध गहिरो हुन्छ । कवितालाई सरस र रोचक बनाउन यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैगरी कथ्य विषयलाई कलात्मक र भाव संवेद्य बनाउन कवितामा अलङ्कारको प्रयोग हुने भएकाले यसलाई अनिवार्य तत्त्वका रूपमा लिने गरिन्छ ।

कवयित्री लिगलका कवितामा कतै उपमा अलङ्कार त कतै विम्वको प्रयोग भएको पाइन्छ । यसले कवितालाई रोचक बनाउँछ ।

उपमा अलङ्कार

हिमालको रूपमा
आमा हाँसिछन्
गुराँस भै
वन सजाउँछिन्

पृ ८४ 'आमा कविता'

'मोड कवितामा' धर्तीमातालाई विम्बको रूपमा लिइएको पाइन्छ ।

यसरी निष्कर्षमा भन्नुपर्दा कवयित्री लिगल स्वच्छन्दतावादी भावधारामा आधारित रही आमा विनाको जीवन खल्लो र निस्सार हुन्छ भन्दै आमालाई धर्तीको गीत, प्रभाती किरण र जुनको उज्यालोको संज्ञा दिदै देश र जन्मदिने आमाको वियोगमा मनका अन्तर तहबाट निःसृत वेदनाका भावलाई स्वतःस्फूर्त रूपमा अभिव्यक्त गरेको पाइन्छ । गङ्गा लिगल देशप्रेम, आस्तिक विश्वास, समाजसुधार, नारीजागरण, प्राचीन-परम्परागत प्राकृतिक साँस्कृतिक वैभवको संरक्षण, वात्सल्यप्रेम, मातृत्व र मातृभूमि प्रतिको अगाध प्रेम आदि जीवनमा भोगेका अनुभवहरूलाई विश्लेषण गर्दै गद्य र पद्य शैलीमा कविता लेख्ने कवयित्री हुन् ।

## ५.५ 'गङ्गाका तरङ्गहरू' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

### ५.५.१ पृष्ठभूमि

**गङ्गाका तरङ्गहरू** कविता सङ्ग्रह २०६४ सालमा महाशिवरात्रिका दिन मुद्रक न्यू श्रेष्ठ छापाखाना भैरहवाबाट प्रकाशन जनकप्रसाद लिगलद्वारा प्रकाशित गङ्गा लिगलको पाँचौं कृति हो । यस कृतिमा ७७ वटा शीर्षकका फुटकर कविताहरू सङ्कलित छन् । कवयित्रीले समसामयिक विषयवस्तु, मानवीय जीवनका भोगाइका यथार्थता, मनमा लागेका साना-ठूला अनुभूति, देश-विदेशका अनुभव र विभिन्न विचारहरूको चित्रण गरेकी छन् । यस सङ्ग्रहमा प्रकृतिको रमणीयता, माटोको सुगन्ध, जीवनका उकाली ओरालीहरू, मानवीय संवेदना, आमाको सपना, समयको महत्त्व र जीवनको सार्थकताबारेमा विभिन्न कविताहरू सँगालिएका छन् । नेपाली जनजीवनका परिदृश्यहरू, नेपाली संस्कृति र परम्परा, सत्यको जित, द्वन्द्वका कारण मुलुकले भोग्नु परेको कहाली लाग्दा क्षण लगाएतको प्रसङ्गहरू यस सङ्ग्रहमा सङ्ग्रहित गरिएको छ । एकातिर नारी जीवनका विविध सन्दर्भलाई समावेश गरिएको छ भने अर्कोतिर सामाजिक विसङ्गतिप्रतिको आक्रोश र त्यसको निराकरणको लागि सुधारवादी दृष्टिकोण समेत अभिव्यक्त गरिएको पाइन्छ । 'गङ्गाका तरङ्गहरू' कविता सङ्ग्रहका कविताहरूमा मिल्दाजुल्दा विषयलाई समेटिएको छ । ती निम्नानुसार छन् : मातृत्वप्रेम र मातृभूमिसँग सम्बन्धित कविताहरू, नेपालको प्रकृति र संस्कृति परम्परासँग सम्बन्धित कविताहरू, जैविक विविधता र नेपालको प्रकृति र भूगोलसँग सम्बन्धित कविताहरू, नारी विघटन हुँदै गइरहेको परम्परा अर्थात नारी जनजीवनसँग सम्बन्धित कविताहरू, धार्मिक विश्वाससँग सम्बन्धित कविताहरू, जीवनसँग सम्बन्धित कविताहरू र विविध विषयसँग सम्बन्धित कविताहरू सङ्कलित छन् ।

### मातृत्वप्रेम र मातृभूमि सम्बन्धी कविताहरू

बालमुस्कान, नेपाली सपना, मान्छे, उ चाहन्छ ,चोखो सँगालो, सफलता, देशको माटो, मनभरि, हिमाल हाँसेको देश, आमाको इच्छा, अनगिन्ती आकाङ्क्षा, प्रज्ञाको ज्योत्स्ना, आमाको सपना, नबिर्स यसलाई, न्यास्रो लाग्छ,, के भो त?, चैतन्यताको दियो, रहर छैन, नयाँ आयाम, ममताको खास्टो, बालनयन, नकुल्चिदेऊ आदि ।

### नेपालको प्राकृतिक र सांस्कृतिक परम्परासँग सम्बन्धित कविताहरू

गङ्गाका तरङ्गहरू, सत्यमेव जयते, सरित प्रवाह, सृष्टिको धूलो, कञ्चन नदी, सुनको धर्ती, उषाको आह्वान, कल्पना, लालीगुराँस, विवश छन् सबै यहाँ, भ्रमर, निर्झर झरना, स्वर्गको आभास, नील गगन, नव वर्षको स्वर्णिम लालिमा, कविताको ढोका, आस्थाको सँगालो, क्षितिज, त्याग, पुष्प वाटिका, पवन आदि ।

**जैविक विविधतासँग सम्बन्धित कविताहरू**

जुनकिरी, वसुधैव कुटुम्वकम्, नैराश्य, अनुशासन, वेग, उदारता, सम्झनाको धार, बाघ आउँदैन अब, बाँझो बारी आदि ।

**नारी विघटन हुँदै गइरहेको परम्परा अर्थात् नारी जीवनसँग सम्बन्धित कविताहरू**

नारी विडम्वना, एक आव्हान, प्रतिविम्ब, अभिलाषा, यहाँ चाहिएको छ नारी जागृति, व्यूँझ नारी, झुण्डिएको जीवन आदि ।

**धार्मिक विश्वाससँग सम्बन्धित कविताहरू**

ईश्वर प्रेम हो, परिज्ञान, जिउँदो आदर्श, सार्थक जीवन, आत्मविश्वास आदि ।

**जीवनसँग सम्बन्धित कविताहरू**

जीवन दुख्छ,, जीवनको वहाव, जीवन बगैंचा, फूलको त्याग, समयको महत्त्व, मह किन्छ जीवन आदि ।

**विविध विषयसँग सम्बन्धित कविताहरू**

विश्वासका त्यान्द्राहरू, सपना, राँको, तोरी बारी, सङ्गीतको लयमा, मन, विपना, शान्तिको भोक, व्यूँझ मानव आदि ।

**५.५.२ मातृत्वप्रेम र मातृभूमिप्रतिको प्रेम सम्बन्धी कविताहरू**

'बाल मुस्कान' कवितामा एउटा बालकको आँखामा आमाको मायाले जुन खुशियाली ल्याउँछ । त्यस्तै खुशियाली एक कविको जीवनमा साहित्य लेखनले ल्याउँछ । जुन खुशियालीको महिमा गान विश्वमै गाउँछ । जसले गर्दा मानिस स्वर्गीय आनन्दमा रमाउन पुग्छ भन्ने भाव प्रस्तुत कवितामा अभिव्यक्त भएको पाइन्छ ।

'नेपाली सपना' कवितामा आफ्नो जन्मभूमि र राष्ट्रलाई सर्वोपरी ठान्ने कवयित्रीले राष्ट्रको महिमा र गुणगान गाउँदै नेपालीहरूको जीवनमा यस धर्तीको माटोले सधैं पवित्रतालाई नेपाली सपनालाई साकार पार्नेछ भनी मातृभूमिप्रतिको अगाध प्रेमलाई प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'मान्छे' कवितामा मान्छेले मान्छेलाई चिन्न छाड्दा अजिंगरको आहार बनी मान्छेको अस्तित्व नै मेटी मान्छेको मूल्य नै हुँदैन । त्यसैले मान्छे भएपछि अहँङ्कारी नबनी आफ्नो सीमाभित्र रहन सकेमा आफ्नो अस्तित्व कायम गर्न सक्छ भन्ने मानवतावादी धारणा प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

'उ चाहन्छ' नामक कवितामा एउटै छानामुनि बस्ने दाजुभाइ भएपछि आफ्नो देशको लागि निःस्वार्थ भावले लडी सपनाको संसारलाई विपनामा ढाल्नका लागि आफ्नो उत्तरदायित्व पूरा गर्न सधै लाग्नुपर्छ भन्ने भावनालाई उक्त कवितामा प्रस्तुत भएको  पाइन्छ ।

'चोखो संगालो' कवितामा जीवनलाई सार्थक बनाउनकालागि महान् सङ्कल्प बोकी जीवनको लक्ष्यलाई पूरा गर्न शिक्षारूपी पवित्र जलको आवश्यकता पर्दछ । त्यही शिक्षा प्राप्तिका लागि चोखो मायाको सँगालोरूपी पवित्रताको धागोमा गाँस्दा जीवनका आकाङ्क्षाहरू पूरा हुन्छन् भन्ने भाव प्रस्तुत कवितामा पाइन्छ ।

'सफलता' कवितामा जसरी एउटा गुलाबको फूलले जीवनको प्रारम्भबाटै काँढै-काँढाले घेरिएपनि अन्तमा उसले सुन्दर गुलाबको रूपमा आफूलाई प्राप्त गर्दछ । त्यसैगरी लगनशील हातहरूको तन मन र धन सम्पूर्ण रूपले काम गरेमा अवश्य सफलता पाइन्छ ।  शिक्षारूपी गुलाबको उदारताले मानवलाई त्याग र बलिदानको पाठ सिकाउदै जीवनमा त्याग गर्न सकेमा सफल भइन्छ भन्ने भाव प्रस्तुत कवितामा दिइएको छ ।

'देशको माटो' कवितामा मातृभूमिलाई छाडेर विदेशिन पुगेकी कवयित्रीले मातृभूमिलाई भूल्न नसकी सपनामा भएपनि देशको माटोको सम्झना गरेका भावहरू प्रस्तुत कवितामा पाइन्छ ।

'मनभरि' कवितामा विभिन्न कारणवश विदेशिन पुगेकी कवयित्रीले आफ्नो मातृभूमि त्यहाँका प्राकृतिक सौन्दर्य संगीसाथीका साथै जन्म दिने आमालाई बिर्सन नसकी देशको सम्झनामा विदेशमा रहँदा आफ्नो मनभरि मातृभूमिकै माया रहेको भाव कवितामा प्रस्तुत गरिएको छ ।

'हिमाल हाँसेको देश' कवितामा विभिन्न प्राकृतिक सौन्दर्यहरूले हराभरा तुल्याउँछ । वन-कन्दरामा ज्ञानरूपी दियोले प्रकाशमय वातावरणलाई मातृभूमिमा समर्पण गर्दछ । यसरी देश विकासको लागि गौरव गाथाको श्रेणीमा नेपाल आमालाई केन्द्रविन्दु बनाई हिमाललाई अझ हँसाउने इच्छा प्रस्तुत कवितामा कवयित्रीले व्यक्त गरेकी छन् ।

'आमाको इच्छा' कवितामा आमाले आफ्ना सन्तानहरूलाई दुःखकष्ट गरी हुर्काइ शिक्षादीक्षा प्रदान गरी सन्तानलाई हिमश्रृङ्खलाको प्रथम पंक्तिमा पुऱ्याउने सपना देखेकी आमाको इच्छालाई पूरा गर्नुपर्छ । त्यसको लागि द्वेष, ईर्ष्या, अशिक्षा र वैमनष्य जस्ता वस्तुको निर्मूल गरी अनुशासित जीवनको पाठ पढी प्रफूल्लताले भूमि सिगारे झै आमाको इच्छालाई पूर्णतामा उतार्नु सन्तानको कर्तब्य हो भन्ने भाव प्रस्तुत कवितामा अभिव्यक्त गरिएको छ ।

'अनगिन्ती आकाङ्क्षा' कवितामा राष्ट्रलाई उन्नतिको बाटोतर्फ लैजानका लागि क्रियाशील पाखुरीहरूले सपनाको तगारोलाई नाघ्दै विभिन्न दुःख कष्टका उकाली ओह्राली पार गर्दै देश विकासको कार्यमा सधै लाग्नु पर्छ भन्दै राष्ट्रका अनगिन्ती आकाङ्क्षाहरू पूरा गर्नुपर्छ भन्ने भाव प्रस्तुत कवितामा पाइन्छ ।

'प्रज्ञाको ज्योत्स्ना' कवितामा जसरी चन्द्रमाको रातमा प्रज्ञाको उज्यालोले प्रकृतिलाई सौन्दर्य बनाउँछ । त्यसैगरी मानवहृदयमा श्रद्धा भक्ति संस्कृतिरूपी ज्ञानको परिपूर्णता भयो भने विश्वनै सद्भाव र सहिष्णुताले प्रज्वलिलत भई ज्ञानमार्गको दर्शन हुन्छ । जुन ज्ञानरूपी पीयूषको परिपक्वताले हृदयलाई आनन्दित बनाई देशको सुन्दरतालाई सजाउने गर्छ भन्ने भाव प्रस्तुत कवितामा दिइएको छ ।

'आमाको सपना' नामक कवितामा नेपाल आमाको रोदनपूर्ण अनुहारमा खुशीयाली ल्याउनका लागि द्वैष, इर्ष्या र मदलाई त्यागी उदार र धैर्यशील बनी स्वार्थतालाई त्याग्नुपर्छ । अनिमात्र विश्व शान्तिको हतियार लिएर सफलताको केन्द्रविन्दुमा पुगी देशलाई शान्ति कुञ्ज बनाउन चारैतिर उज्वल प्रकाश छर्न सकेमा मात्र आमाको सपना पुरा हुन्छ भन्ने सन्देश कवितामा अभिव्यक्त भएको पाइन्छ ।

'नबिर्स यसलाई' कवितामा तिमी यस धर्तीमा जन्मी यहीको माटोमा हुर्केर, बढेको यस धर्तीलाई सुरम्य बनाउनुपर्छ । अनि आफू हिडेको र खेलेको धर्तीमा गुन्द्रक र ढिंडो खाएको सम्झी नेपाली संस्कृतिको जगेर्ना गर्नुपर्छ । यसरी देश उन्नतिको थालनीमा आफ्नो जिम्मेवारीलाई पूर्णता बहन गर्दै मातृभूमिको सपनालाई साकार पार्न बिर्सनु हुँदैन भन्ने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'न्यास्रो लाग्छ' कवितामा विदेशमा बसेकी कवयित्रीले मातृभूमिको सम्झनामा तड्पिएर यहाँको प्राकृतिक सौन्दर्य, भेषभूषा, रहनसहन आदिको याद आई आफूले बाटो बिराउदा न्यास्रो लागेको अनुभूति प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

'के भो त ?' कवितामा देशले नयाँ मोड लिइ उन्नतिको बाटोतिर लागि नयाँ सभ्यताको तर्जुमा गरी अगाडि बढ्न खोजेको बेला देशलाई छिया छिया पार्न खोज्ने हतियारलाई तोड्न देऊ । कलियुगको रामलाई जसले सबै नेपालीलाई शान्तिले बाँच्न नदिइ देशको उन्नतिमा तगारो लगाउँछ त्यसलाई फ्याकेर केही हुँदैन भनी कविता प्रकट गरिएको छ ।

'चैतन्यको दियो' कवितामा हाम्रो राष्ट्रको शान राष्ट्रिय झन्डा जसमा चन्द्र सूर्यले सजिएर विश्वको उच्च शिखर सगरमाथाको चिसो बतासले फरफराइ अमर कीर्ति राखी यस देशलाई चिनाएको छ । त्यस्तै गरी चेतनाको दियो बाली सगरमाथा जस्तै उच्च भई अटल रहनु पर्छ भन्ने भाव प्रस्तुत कविताले व्यक्त गरेको पाइन्छ ।

'रहर छैन' कवितामा देशप्रेम, आमाको ममता र प्रकृतिको गुणगान गाउँदै कविता प्रस्तुत भएको देखिन्छ । प्रस्तुत कवितामा कवयित्रीलाई विदेशका ठूलाठूला महलमा बस्न गाडीमा हिड्न रहर छैन । बरु स्वदेशमा गाउँका झुप्रा, गोरेटो बाटो, यहाँका वनजङ्गलका लालीगुराँस, मृगका

बच्चा, डाँफे मुनाल र यहाँका नदी नालाहरू मयूरको नाच हेर्दै आमाको पोषिलो काखमा बस्ने रहर भएको अभिव्यक्ति प्रस्तुत कवितामा प्रकट गरिएको छ ।

'नयाँ आयाम' कवितामा देश विकास गर्नका लागि काँधमा काध मिलाई एक जुट हुनुपर्छ । यसरी एक जुट हुँदा नेपाली जनताले स्वावलम्बी र लगनशील भई जोश जाँगर थप्दै अगाडि बढेमा नेपाली जीवनमा नयाँ इतिहास कोरिदै देश विकसित हुनेछ भन्ने अभिव्यक्ति प्रस्तुत कविताले दिएको छ ।

'ममताको खास्टो' कवितामा वसन्तको आगमनमा जसरी प्रकृति झकीझकाऊ भएर सजिन्छ । त्यस्तैगरी आमाले पनि निजी स्वार्थका लागि मात्र नभई सम्पूर्ण नेपाली सन्तानका लागि सफलताको मीठो फल पाउन सके आमाको अनुहारमा खुशीयाली थपिन्छ । जव भाइ भाइमा मर्यादित भावनाको विकास जागृत भएमा यस धर्तीमाताले सबैलाई आफ्नो ममताको खास्टो ओढाई सबैलाई एउटै छहारीमुनी राख्छिन् भन्ने भाव प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।

'बालनयन' कवितामा बालकका रसिला आँखाहरूमा मुस्कान छर्दा, ओठमा गुलाब फुल्दा, गालामा लालिमा खेल्दा आमाको जीवनका सबै दुःख पीडाहरू बिर्साइदिन्छ र चारैतिर खुसीयाली छाउँछ । यस्तो खुसीले वास्तवमा स्वर्गीय आभास दिए जस्तो अनुभव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'नकुल्चिदेऊ' कवितामा निराशा र दीन-हीन अवस्थाका नेपालीको दुःख र पीडाका बारेमा मात्र नभई देशमा जन-आन्दोलनपछि देखा परेका सकारात्मक परिवर्तनलाई जोगाइराख्नका लागि आपसी भेदभाव हटाई सबैलाई समान अधिकार दिई स्वतन्त्र भै बाच्न पाउँनुपर्छ भन्ने कुरालाई प्रस्तुत कवितामा आह्वान गरिएको पाइन्छ ।

### ५.५.३ नेपालको प्राकृतिक र सांस्कृतिक परम्परा सम्बन्धी कविताहरू

'गङ्गाका तरङ्गहरू' कवितामा गङ्गाका तरङ्गहरूले जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि प्यारो हुन्छ । यस्तो जन्मभूमिमा रहेको हिमाल, पहाड, नदी नाला, वनजङ्गल त्यहाँका फूल, सूर्यको प्रभातीय किरणहरू आदिले प्रकृतिलाई सिगारेको छ भनी प्राकृतिक सौन्दर्यको स्वच्छन्द ढङ्गले कवितामा वर्णन गरिएको छ ।

'सत्यमेव जगते' कवितामा सत्य सदा विजय बन्ने दृढता व्यक्त गरेकी छन् । राष्ट्रको धन प्रकृतिलाई नास गर्न नदिई जोगाई राख्नका लागि असत्य बाटोलाई त्यागी सत्य बाटोमा लाग्ने हो भने जीवन सफल हुन्छ र देशको सम्पत्ति पनि जोगिन्छ भन्ने अभिव्यक्ति पाइन्छ ।

'सरित-प्रवाह' कवितामा कल-कल गर्दै दिनरात बगिरहने नदीको प्रवाह प्रकृतिको आड र शृङ्गार हो । जसले धर्तीको उर्वरा शक्ति बढाई प्राणीहरूको जीवनलाई जोगाइदिने यस्तो प्राकृतिक सम्पत्तिबाट आनन्द लिन प्राणीलाई आह्वान गरेको अभिव्यक्ति पाइन्छ ।

'सृष्टिको धूलो' कवितामा हामी सबै मिलेर प्राकृतिक सौन्दर्यको, वातावरणको, जैविक विविधताको संरक्षण गर्यौं भने यहाँ सबै थोक छ । यस्तो छत्तीस जातिको फूलवारीमा रहेका अनगिन्ती फूलहरूदेखि लिएर कष्टमय जीवन गुजारी रहेका जीवात्माहरू सबै छन् । त्यसलाई संरक्षण गरी आनन्द प्राप्त गरौं भन्ने अभिव्यक्ति प्रस्तुत कवितामा प्रकट गरिएको छ ।

'कञ्चन नदी' कवितामा जसरी नदीको स्वच्छ जलले पवित्रता प्रदान गर्दछ । त्यसैगरी धर्तीमा नव जागरणले जीवन सार्थकतालाई सुरम्य पारी मानव जीवनमा स्वर्गानन्दको अनुभूति प्रदान गर्दै कञ्चन नदी आफ्नो नौलो सपना सँगालेर बग्ने गर्दछ भन्ने अभिव्यक्ति प्रस्तुत कवितामा पाइन्छ ।

'सुनको धर्ती' कवितामा देश बनाउने जिम्मेवारी बोकी नेपालमा जन्मेका फूलहरू आफ्नो देशको न्यानो मायालाई हृदयभरि राख्छन् । तिनैले वन कन्दरामा ऐसेंलु, गुराँस टिप्दै चन्दनको टीका लगाई देशको संरक्षण गर्दै उन्नति मार्गको जिम्मेवारी सुनको धर्ती नेपालमा जन्मेका नेपाली को हो भन्ने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'उषाको आह्वान' कवितामा समयमै बिहानीको ढोका खोल्ने नियममा बाँधिएका सूर्यका किरणहरू हो, वनका वन्यजन्तुहरूले अव उज्यालो भयो भनी सङ्केत गर्न थाले । रातिको चन्द्रमा र ताराहरू पनि उज्यालो भयो भनी सङ्केत गर्न थाले । रातिको चन्द्रमा र ताराहरू पनि उज्ज्वलता र शीतलताको मार्गदर्शनतिर लागे । देशले काचुली फेर्ने बेला भयो  अव ढीला नगर भन्ने सङ्केत प्रस्तुत कविताले गरेको छ ।

'कल्पना' कवितामा जीवनको अधरमा रहेका कल्पनारूपी लहराहरूले विशाल छहारी प्रदान गरी क्षणिक आनन्द प्रदान गर्दछन् । त्यस्तै वनकन्दराका हरियालीमा पशुपंक्षीको मधुर स्वर गञ्जाएमान हुँदा जीवन आनन्दित भई कल्पनारूपी स्वर्णिम संसारलाई, विपनाको आँगनलाई रमणीय वातावरण बनाईदिन्छ । जहाँ फूलै-फूल बिछ्याई जीवनको सफलतामा पुगेको आभास हुन्छ । त्यहाँ कल्पनाले पनि साकारता प्रदान गर्न सक्छ । त्यसैले हामीले ठूलो कल्पना गर्नुपर्छ भन्ने भावार्थ प्रस्तुत कवितामा पाइन्छ ।

'लालीगुराँस' कवितामा धर्तीको गरिमामय सौन्दर्यको प्रतीक यस देशको राष्ट्रिय फूल लालीगुराँसले वातावरणलाई स्वशोभित बनाएको छ । जसरी जीवनमा यौवनको बहार आई जीवनलाई हर्ष र प्रगतिको मार्गमा पुर्‍याउँछ । त्यसैगरी प्रकृतिमा रमणीयताको अनुपम बहार आई वातावरणलाई सौन्दर्य बनाई राखेको हुन्छ भन्ने अभिव्यक्ति प्रस्तुत कवितामा दिइएको छ ।

‘विवश छन् सबै यहाँ’ कवितामा द्वन्द्वका कारण ग्रामीण जनजीवनमा देखापरेका दुर्दशाको चित्रण वनजङ्गललाई नङ्ग्याएको डाँफे मुनाल जस्ता पंक्षीहरूको पखेटा काटी उड्न बन्देज गराइएको छ । धानका बालाहरू मूर्छित भइ भकारीमा भोकका दुर्गन्ध मडारिएको अवस्थालाई प्रकृति मौन नबसी वसन्त आई चारैतिर हरियाली छाई यस पतझडलाई अन्त्य पारिदेउ भन्ने मार्मिक अभिव्यक्ति प्रस्तुत भएको पाइन्छ ।

‘भ्रमर’ कवितामा जीवनरूपी वनलाई स्वर्ग तुल्याई हावासँग मीत लगाई स्वर्गीय आनन्दको अनुभूति लिदै बगैचाका फूलमा सुगन्धित पार्दै भमराहरूले आफ्नो जीवन खुशीयालीमा बिताएको अभिव्यक्ति प्रस्तुत भएको पाइन्छ ।

‘निर्झर झरना’ कवितामा झरनाको मनमोहक दृश्यले हृदयलाई जसरी प्रफुल्लित पारी पशुपन्छी लता वृक्षहरूलाई पोषण प्रदान गरी विरही मनको उदासीनतालाई पूर्ण प्रफुल्लित बनाउँछ । त्यस्तैगरी प्राकृतिक सौन्दर्यले सबैको हृदय प्रसन्न तुल्याई खुशीले यौवनको प्रदर्शन गर्छ भनी प्राकृतिक सौन्दर्यको स्वच्छन्द ढङ्गले प्रस्तुत कवितामा वर्णन गरेको पाइन्छ ।

‘क्षितिज’ कवितामा वसन्तले प्रकृतिलाई सिगारे झैं मानव परिश्रमले सुशोभित भई सङ्गीतमय क्षितिज आउँछ भनी प्राकृतिक स्वच्छन्दतामा क्षितिज प्राप्त गर्न सकिन्छ भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

‘त्याग’ कवितामा जसरी काढैं काढाको बोटमा सौन्दर्यको प्रतीक गुलाब फूलले प्रकृतिलाई सोभायमान बनाउँछ । हिलोमा फूल्ने कमलले विभिन्न दुःख कष्टका साथ आफ्नो सौन्दर्यता प्रदान गर्छ । मौरीले महको मिठासमा जीवन त्याग गर्छ । नदीले उजाड भूमिलाई उर्वराशक्ति दिन्छ । आँपको बोटले अमृतफल दिन्छ । गुराँस र परास फुलेर वनलाई मनमोहक बनाउँछ । गाईले आफूले घाँस पराल खाएर अरूलाई अमृतसरि दूध दान गरी आफ्नो जीवनलाई मोक्ष प्राप्त गर्दछ । त्यस्तैगरी हामीले पनि जीवनको मोक्ष मार्ग प्राप्तीको लागि त्याग र परोपकार गर्नुपर्छ भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

‘पुष्प बाटिका’ कवितामा फूलका बगैचाहरूले सुन्दर प्रकृतिलाई आनन्दको प्रवेशद्वारबाट रमाइलो वातावरणको सिर्जना गरी जीवन सुवासिलो बनाउँछ । झरना र नदीका कलकल ध्वनिले नभ जल थल चारैतिर सौन्दर्य प्रदान गरेको छ भनी कवितामा प्रस्तुत भएको छ ।

‘पवन’ कवितामा पवन वा हावा विना जीवन जिउन सकिदैन । यसले हिमालदेखि क्षितिजसम्म जीवनदान दिएर धर्तीलाई उर्वरा वनाई अन्नबालीले सिगारी मानव जीवन सौन्दर्यमय छ भनी कविता प्रस्तुत भएको छ ।

‘कविताको ढोका’ कवितामा प्रकृतिले सबैलाई सीमित गर्छ । त्यस्तै समुन्द्रको वेग र तरङ्गलाई, आँधीबेरी र भूकम्पलाई आफ्नो अङ्ग प्रत्यङ्ग बनाई विश्वभर चाहार्छ । यसरी संसारलाई

अटाउदै हावा र नदीप्रवाह झै लेखन कलाको प्रवाह निरन्तर चलिरहनका लागि कविताको ढोका अति खुल्ला छन् भनी कविता आफ्नो लेखन प्रवाहलाई निरन्तरता दिनुपर्छ त्यसको लागि केहीले रोक्दैन भन्ने भाव प्रस्तुत भएको पाइन्छ ।

'स्वर्गको आभास' कवितामा प्राकृतिक सौन्दर्यले भरिपूर्ण हरियो चौर बगैचाका रङ्गी विरङ्गी फूल, रङ्गीन पुतली र भमराँहरूले धर्तीलाई रमणीय तुल्याउँदा स्वर्गीय आनन्द प्राप्त भई स्वर्गको आभास वा स्वर्गीय अनुभूति प्राप्त हुन्छ । बालकहरू खेतका कान्लामा दर्गुदै खेलेको दृश्यले आनन्दित बनाउछ । त्यस्तै उठ उठ रे बसुन्धरा बहिनीको सङ्गीतमय निर्मल ध्वनिले प्रकृतिलाई आनन्दित तुल्याउदा स्वर्गको आभास मिल्छ भन्ने अभिव्यक्ति कवितामा प्रकट गरिएको छ ।

'नील गगन' कवितामा सदाबहार एकनाशको देखिने निलो आकाश सौन्दर्यले भरिपूर्ण भएको छ । अझ त्यसमा पनि लामपुछ्रे ताराहरू वायुयानहरू, जुनेली रातको प्रकाश, बादलको गर्जन, रातका ताराहरूले त झन् जीवनलाई आनन्दित बनाएको छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

'नव वर्षको स्वर्णिम लालिमा' कवितामा वसन्तको आगमनले चारैतिर सुगन्धित र रमणीय बनाए झै नव वर्षले क्रान्ति र अशान्तिका क्षणलाई त्याग गर्दछ । जसको फलस्वरुप जनमानसका मन मस्तिष्कमा स्वस्थ बीज बीजारोपण गरी बौद्धिकता र शान्तिले हर्ष उमङ्ग मनाउने शुभकामना दिदैं नव वर्षको स्वर्णिम लालिमा लिएर आँउछ भन्ने सन्देश प्रस्तुत कविताले दिएको छ ।

'आस्थाको संगालो' कवितामा प्रकृतिको बारेमा वर्णन गरिएको छ । यस कवितामा प्रकृतिमा रहेका मनोरम दृश्यमा एकातिर पशुपन्छीहरूको दौडाइ र लता वृक्षहरूको सुमधुर ध्वनिले हरियालीमा स्वर्गीय आभास दिएको अनुभूति हुन्छ भने अर्कातिर मुसलधारे वर्षाले समुन्द्रमा उर्लेको डरलाग्दो आँधीले प्रकृतिलाई त्रसित पारिएको आभास हुन्छ । त्यस्तै प्रकृतिभित्र रम्दै मानव जीवनको विश्वास र आस्थालाई बलियो बनाउदै, दुःख सुखका गाथा पोख्दै, धर्म संस्कृति र इतिहासका गाथाहरू वीरताका कथाहरू आदिलाई आस्थाको रूपमा प्रकृतिले संगालेको छ भन्ने अभिव्यक्ति प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

### **५.५.४ जैविक विविधता सम्बन्धी कविताहरू**

'जुनकिरी' कवितामा जुनकिरी एउटा जीव भएर पनि उसले निस्वार्थ भावले अरूलाई सहयोग गर्न सके जस्तै हामी पनि निस्वार्थी भई अरूको सहयोग गर्नुपर्छ भन्ने सन्देश प्रस्तुत कवितामा दिइएको छ ।

'वसुधैव कुटुम्बकम्' नामक कवितामा अनगिन्ती जीव जीवात्मा अटेको विश्वमा विवेकमा खानी उच्चकोटीका जीव मानव छन् । यही विश्वमा अनगिन्ती मानव जन्तुहरू एक आपसमा मिलेर बस्नुपर्छ भन्ने सन्देश उक्त कविताले दिएको छ ।

'नैराश्य' कवितामा मानव जीवनमा नैराश्यता आयो भने जीवन जर्जर र ख्याउटे बनी रोगी बन्छ । त्यसैले जीवनमा नैराश्यता हटाउनका लागि जोश र जाँगरका साथ अघि बढेमा लक्ष्य प्राप्तिको उद्देश्यमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने भावार्थ प्रस्तुत गरिएको छ ।

'बेग' कवितामा घर संसारलाई स्वर्ग बनाउनका लागि नरभक्ष र स्वार्थी नेतृत्व नभई असल नेतृत्व दिने व्यक्तित्व चाहिन्छ । उर्लेको भेलको वेग जस्तो नभई सदाबहार बग्ने नदी झैं निरन्तरता हुनुपर्छ भनी राष्ट्रप्रेमी भाव उक्त कवितामा दिइएको छ ।

'उदारता' कवितामा जीवनलाई सार्थक र सफल बनाउनका लागि भाइ भाइ वा मानवता बीच आत्मीयता भई जीवात्माको हृदयमा उदारताको भावना राखी पवित्र धर्तीमा पाइला राख्छ । उही मानव जीवन सफलताको उच्च शिखरमा पुग्छ भनी कुकर्म र कुबाटोलाई त्यागी सद्मार्गमा लाग्नुपर्छ  भन्ने सन्देश प्रस्तुत कविताले दिएको छ ।

'अनुशासन' कवितामा अनुशासन विना जीवन विवेकहीन हुन्छ । अनुशासनले मानव जीवनलाई उत्साह र उमङ्ग भर्दै सुमार्गमा लाग्नका लागि अनुशासनका आवश्यकता हुन्छ । अनुशासन विना जीवन पूर्ण हुँदैन भन्ने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'सम्झनाको धार' कवितामा वर्षात्को समयमा निष्फिक्री भई अविरल बगिरहेका खोलाले विशाल रूप लिई जीवनका कैयन निष्कलङ्क सुकोमल, मार्मिक र दर्दनाक कथाहरूलाई अन्त्य गर्दछ । गृष्मकालीन वातावरण शुष्क र फ्वाङ्ग पार्दै मानवलाई क्षत-विक्षत पार्दछ । यसरी खेतीयोग्य स्थानलाई मरूभूमिको उजाड स्थल बनाईदिदा सम्झनारूपी धार तेजिलो र जल्दो बल्दो हुनपुग्छ भन्ने भाव कवितामा प्रकट गरिएको छ ।

'बाघ आउँदैन अब' कवितामा अब गाउँ गाउँमा भयानक जङ्गली जनावरहरूको डर नभई गाउँ शहरमा मान्छेलाई हान्ने आवाजले आफ्ना दाजुभाई मारी आफ्नै दिदी बहिनीको सिन्दुर पुछिदिन्छन् । अनि कैयौ आमाका काख रित्याइदिन्छन् । यस्तो देशमा भएका अशान्ति र द्वन्दका कारण देशलाई क्षत विक्षत पार्ने मानवरूपी बाघसँग मात्र डर छ भनी नेपालको जैविक विविधताले कवितामा परिवर्तनको झल्को प्रस्तुत गरिएको छ ।

'बाँझो बारी' कवितामा ऋतुहरूले आँचल फेरि वसन्त ऋतु आउँदा प्रकृति हरियाली भई नव उमङ्ग छाँए झैं देशमा नयाँ आयामको लहर चल्दा सबै उन्नति पथतिर लाग्दा प्रकृतिका हरेक जीवहरू खुशी हुन थाल्दछ । वसुन्धरा भने उदास भै मौन रहन्छिन् किनकि अन्न वाली उब्जाउने बेला बारी बाँझो भएपछि चिन्तित भई असाढको बेला मेलामा बाँझो बारी रोएको छ । यसलाई रुवाउनु हुदैन भन्ने भाव प्रस्तुत कवितामा दिइएको छ ।

### ५.५.५ नारी जीवनसँग सम्बन्धित कविताहरू

'नारी विडम्बना' कवितामा नारीहरूलाई कठपुतली र नर्तकीहरू दर्शकहरूको तृप्तिमा आनन्द दिनका लागि विवश बनाइएका घटनाहरूलाई यस कविताका माध्यमबाट व्यक्त गरिएको छ ।

'एक आव्हान' कवितामा अब नारीहरूले अज्ञानता, दीनता र सुषुप्तावस्थालाई त्यागी जाँगरिलो र विवेकपूर्ण नेतृत्वलाई अगाँल्दै ज्ञानरूपी ढोका खोली अगाडि बढ्नुपर्छ भन्ने आव्हान यस कविताले गरेको छ ।

'प्रतिविम्व' कवितामा देश विकासको नाराहरू सरल नभए झै नारी विकासका बाटाहरू पनि फराकिला छैनन् । नारी समानताको नारा नै स्पष्ट छैन । तसर्थ नारी जीवनलाई अगाडि बढाउनका लागि विश्व समक्ष ज्ञानरूपी आधारशीला तयार पारी नारी प्रगतिको दायित्व वहन गर्न नारीले आफूलाई प्रतिविम्बको रूपमा ढाल्न सक्नुपर्छ भन्ने भाव प्रस्तुत कवितामा पाइन्छ ।

'अभिलाषा' कवितामा नारीलाई नेपाली धर्तीको रूपमा लिइएको छ । प्रस्तुत कवितामा नारीहरूको जीवनमा खुशीयाली ल्याउनका लागि उनीहरूलाई सक्षम बनाई नारीको दैन्यलाई पखाली स्वच्छ जीवनको गौरवपूर्ण इतिहासहरू सङ्कलित गर्नुपर्छ । अनि मात्र देश निर्माणमा सहयोगी भूमिका निभाउदै नारी दायित्वका भारहरूलाई समेट्दै अगाडि बढाउन सकिन्छ भन्ने अभिलाषा प्रस्तुत कवितामा रहेको छ ।

'यहाँ चाहिएको छ नारी जागृति' कवितामा नारीमा भएका दैवी शक्तिलाई उजागर गरी बौद्धिकतालाई प्रष्ट पारी ज्ञान पुञ्जको दियालो सल्कानुपर्छ । अनि ग्रामीण जीवनमा भएका कुप्रथालाई हटाउन शिक्षारूपी पारिलो घामले डाँडा सिगार्नुपर्छ । त्यसपछि आफ्नो उत्तरदायित्व बहन गरी देश विकासमा सहयोग पुऱ्याउन यहाँ नारी जागरण आवश्यक हुन्छ भन्ने भाव प्रस्तुत कवितामा दिइएको छ ।

'व्यूँझ नारी' कवितामा अन्धकाररूपी दियालो सल्काइ आफ्ना दु:खमय जीवन हटाइ ज्ञानताले जीवन सुरक्षित बनाउनका लागि नारी एक जुट भै ब्यूँझनु पर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

'झुण्डिएको जीवन' कवितामा नारी समाजलाई शिक्षारूपी प्रकाशभन्दा टाढा राखिएकोले उनीहरू अयोग्य र कुण्ठित भई पिंजराको सुगा झै घरभित्र सीमित हुँदा उनीहरूको जीवनको अन्त्य हुन्छ । यसरी शिक्षा विनाको जीवनले नारी समाजलाई अरूकै भरमा झुण्डिएको जीवन जिउन बाध्य गराउँछ भन्ने भाव प्रस्तुत गरिएको छ ।

### ५.५.६ धार्मिक विश्वाससँग सम्बन्धित कविताहरू

'ईश्वर प्रेम हो' कवितामा पवित्र मन नै तीर्थ हो । त्यही पवित्र प्रेममा ईश्वर हुन्छ । त्यही ईश्वरीय प्रेमलाई हृदय लगाई पूजा गर्नाले आनन्द प्राप्ती हुन्छ भनी मनमन्दिरलाई तीर्थका रूपमा लिएको भाव उक्त कवितामा प्रकट गरिएको छ ।

'परिज्ञान' कवितामा कुकर्म र कुभावना त्यागी दुःख गरीबलाई जसले सेवा गर्छ उसलाई नै ईश्वरले प्रेम गर्दछ । त्यसैले रीस, राग, ईर्ष्या हटाई पवित्र प्रेमले हृदय लगाई ईश्वर पुकार्छ । उसैले नै ईश्वरको अदृश्य शक्ति प्राप्त गर्दछ भनी ईश्वरले नै ब्रम्ह आनन्द दिन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

'जिउँदो आदर्श' कवितामा चन्द्र सूर्य अंकित नेपाली झन्डाको जिउँदो आदर्शलाई सधैं प्रज्वल्लित राखी उच्च शिखरमा फर्फराउनका लागि कंश र दुर्योधन जस्ता दुर्जनहरूको नष्ट गर्न कृष्ण र अर्जुन भई यस धर्तीको गौरव गाथालाई स्वतन्त्र र स्वच्छन्दताका साथ जिउन देऊ भनी भगवान कृष्णलाई पुकारेको विषयवस्तु प्रस्तुत कवितामा दिइएको छ ।

'सार्थक जीवन' मा नेपाली समाजमा घटेका घटना, नेपालीहरूको दुर्दशा र ईश्वर- प्रतिको श्रद्धालाई प्रस्तुत कवितामा व्यक्त गरिएको छ । मान्छे भएर मानवताको मूल्य र मान्यताको भाव लिनुपर्छ । अहम् र अहङ्कारी हुनुहँदैन । जहाँ सत्य र आनन्दको अनुभूति हुन्छ त्यहाँ ईश्वरीय रूप हुन्छ । त्यसैले सत्य, धर्म, शान्ति र प्रेमको पाठ पढी अहिंसा नै धर्म हो भनी आफ्नो अमूल्य जीवन नगुमाइ अरूको उपकार गरेमा जीवन सार्थक बन्छ भन्ने भाव प्रस्तुत कवितामा दिइएको छ ।

'आत्म विश्वास' कवितामा विश्वास भनेको चमत्कारी शक्ति हो । विश्वास विनाको जीवन असफल र निरर्थक हुन्छ । त्यसैले आफ्नो शक्ति र योग्यतामा विश्वास गरी उत्साह र जोश जाँगरका साथ अगाडि बढ्ने हो भने आफ्नो गन्तव्य स्थलमा पुगी सफल भइन्छ भन्ने आत्मविश्वास प्रस्तुत कवितामा व्यक्त भएको छ ।

### ५.५.७ जीवनसँग सम्बन्धित कविताहरू

'जीवन दुख्छ' कवितामा जीवन प्रकृतिको संरचना भएकोले जीवनको मूल्यलाई बुझेर जीवनलाई पूर्णता दिनुपर्छ । देशमा अशान्ति र द्वन्द्व हुँदै गयो भने प्राकृतिक सौन्दर्य-देखि लिएर देवी देवताको मन्दिर वृद्धहरूको रूने आँखा सबै दुख्छ । त्यसैले जीवनमा द्वन्द्व हिंसा जस्ता कार्य गरी जीवनलाई दुखाउने काम नगरौ भन्ने सन्देश यस कवितामा दिइएको छ ।

'जीवनको वहाव' कवितामा आफ्नो स्वार्थ पूर्तिका लागि मान्छेले विश्वास घात गरी विवेकहीन भई नजिकको मित्रताले पनि आफ्नो बचावको लागि जे पनि गर्छ । त्यसैले आफ्नो

जीवनको वहावमा कसैलाई पनि विश्वास गर्नु हुँदैन । यदि विश्वास गरेर घात गर्छ भने त्यस्ता मित्रलाई चुनौती दिदै अगाडि बढी सफल बन्न सक्नु पर्छ भन्ने सन्देश कविताले व्यक्त गरेको छ ।

'जीवन बगैंचा' मा जीवन स्वर्णिम छ, सौन्दर्यमय छ । यस्तो जीवनरूपी बगैचामा फुलेका फूलमाथि भँवराहरू आई यौवनको रसस्वादन गरेमा जीवन बिग्रन्छ । त्यसैले चेतनशील भई जीवनको महत्त्वलाई बुझी जीवनरूपी बगैचाको संरक्षण गरेमा कीर्तिमान रहन्छ भन्ने भाव प्रस्तुत कवितामा भनिएको छ ।

'फूलको त्याग' मा एउटा फूलले प्रफुल्लित भई जीवनदान गर्न सधै तत्पर रही सबैलाई मोहित पारी सुवास छर्छ । त्यस्तै मानिसले पनि आफ्नो जीवनमा खुशीको मुस्कान ल्याई फूलले सुवास छरे झै, रात्रिको जुनले राम्रा राम्रा काम गरेर अमर राख्नुपर्छ भन्ने भाव कवितामा रहेको छ ।

'समयको महत्त्व' कवितामा जीवन नष्ट भएको ज्ञान नभएको जस्तै समय बितेको थाहा हुँदैन । त्यसैले समयको महत्त्वलाई बुझी छोटो समयको सही उपयोग गरी हिलोमा फुल्ने कमलले जसरी समयको महत्त्वलाई बुझी छोटो समयमा आफ्नो जीवन प्रफुल्लित पारी सबैलाई मनमोहक पार्छ । त्यसैगरी हामीले पनि समयलाई बुझी जीवनलाई प्रफुल्लित पार्नुपर्छ भनी कवितामा भनिएको छ ।

'महकिन्छ जीवन' कवितामा आफ्नो अहङ्कारीपन, स्वार्थी र निजीपन लाई जीवनबाट त्यागी जीवनलाई पवित्र र पारदर्शी बनाउनका लागि गुलाबले झै सारा यौवन सुम्पी सुवासमय कीर्ति छाड्न सक्नुपर्छ । त्यसपछि मात्र जीवन महकिन सक्छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

### ५.५.८ विविध विषयसँग सम्बन्धित कविताहरू

'विश्वासका त्यान्द्राहरू' कवितामा मानिसका विश्वासका त्यान्द्राहरू झिना हुन्छन् तर कमजोर हुँदैनन् । यिनै विश्वासका लागि ज्ञानचक्षु र दिब्य अनुभूतिको खाँचो छ । त्यही दिब्य अनुभूतिको लागि हिलोमा आत्मदानको बलिदान बोकेर फुलेको कमल फूलको सुगन्धले भ्रमरलाई आकर्षित गरी हर्ष र उमङ्ग भरिदिएझै झिना भएपनि आत्मबल बोकेका विश्वासका त्यान्द्राहरूको अदृश्य शक्तिले आकर्षित गर्छ भन्ने भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'सपना' कवितामा सपना भनेको अचेत अवस्थामा निद्रादेवीको शरणमा हुँदा देखिने वस्तु हो । जसले विपनाको दुखाईलाई बिर्साइ जीवनमा क्षणिक आनन्द दिई आनन्दको पवित्र छहारीमा राखिदिन्छ । विपनामा जतिसुकै दु:खकष्ट भएपनि क्षणिक समयको लागि त्यसलाई हटाइ सपनामा आनन्दित तुल्याउँछ भन्ने अभिव्यक्ति  कवितामा प्रस्तुत भएको छ ।

'राँको' कवितामा राँकोलाई अहङ्कारको प्रतीकको रूपमा लिइएको छ । यस्तो अहङ्कार रूपी आगोको ज्वालाले संसारै शून्य पारी देशको इतिहास मार्नुका साथै रमणीय संसारलाई उजाड पारी

नरकतुल्य बनाइदिन्छ । त्यसैले अहङ्काररूपी बेगलाई निर्मूल पारी जीवनलाई रसिलो बनाई स्वर्गीय आनन्द लिनुपर्छ भन्ने भाव प्रस्तुत कवितामा भनिएको छ ।

'तोरी बारी' कवितामा बारीमा फुलेको तोरीको फूलले संसारमा मनोरम दृश्य  प्रदर्शन गरेझैं शिक्षाको दियालो सल्काउँदै, काफलको रसास्वादन गर्दै, कोइलीको मधुर धून सुन्दै हिड्दा आफूलाई स्वर्गको जीव सम्झदै आनन्दित हुन्छ । यसरी तोरी फुलेको रङ्गीन दुनियाँमा हिड्दा जीवन हलुङ्गो भएको अनुभूति प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'सङ्गीतको लय' कवितामा सङ्गीतको रसिलो धूनले हृदयको अन्धकारकारलाई हटाई प्रकाशमय ज्योति फैलाईदिन्छ । जसको फलस्वरुप चरित्र निर्माणमा धैर्य र लगनशीलताको पाठ पढाइ ज्ञानमार्गको दियालो बोकी पथ प्रदर्शन गराउने प्रेरणा सङ्गीतको लयमा नमासिने जीवन बनाउनका लागि प्रस्तुत कविताले आह्वान गरेको छ ।

'मन' कवितामा मन अति चञ्चल छ । यसले मानव जीवनका दुःख कष्टको वेपर्वाह गरी स्वर्गीय अनुभूति गरी कल्पनाको सागरमा रमाइ अध्यात्म सुखमा रम्न खोज्नु नै जीवन हो । सत्य, धर्म, शान्ति प्रेमले मन स्वच्छ हुन्छ र त्यसैमा जीवनलाई आनन्दित बनाउनु पर्छ भन्ने आध्यात्मिक विचार प्रस्तुत कवितामा अभिव्यक्त गरिएको छ ।

'विपना' कवितामा विपना वास्तविकता हो । यसले आफ्नो कर्तब्य पथमा रही भूमिका निभाउनाले दुःखमय संसारलाई सुखमय संसारतिर लैजान्छ । जसका लागि रिस, राग, द्वेष, ईर्ष्याबाट टाढा रहनुपर्छ । त्यसपछि स्नेह, प्रेम, आत्मीयता र सत्यतालाई औल्याएमा विपनाको दुःखमय जीवन सुखमय बन्न सफल हुन्छ भन्ने अभिव्यक्ति उक्त कवितामा दिइएको छ ।

'व्यूँझ मानव' कवितामा क्रान्तिकारी स्वर उजागर भएको देखिन्छ । मानिस मानिसको महत्त्व हराइ मानवताको नाता तोडी आर्तनदाको घुम्टो ओढी कोलाहलपूर्ण वातावरण बन्न पुगेको जीवन जिउनुको महत्त्वनै हराएको जस्तो छ । तसर्थ मानिस हो कि पिचास चिन्न गाह्रो भएको छ । त्यसैले अव हे मानव यस्तो चारैतिर मौन रोइरहेछ  तिमी चुप लागेर नबस आफ्नो हक अधिकारका लागि व्यूँझ भनी कविता प्रस्तुत भएको छ ।

'शान्तिको भोक' कवितामा मानव जीवन अशान्तिले क्षत विक्षत भई तृष्णारूपी सागरमा लिप्त भई त्यसबाट निस्कन सक्तैन । त्यस्तो अवस्थामा मानव हृदय शान्तिको भोकले मडारिन्छ । यही शान्तिको भोक मिटाउनकालागि दया, माया र निस्वार्थ भावना जस्ता वस्तुहरू बाड्नाले शान्तिको भोक मेटिई स्वर्गीय आनन्द प्राप्त हुन्छ भन्ने भाव कवितामा प्रस्तुत भएको छ ।

### ५.५.९ शीर्षक विधान

प्रस्तुत कविता सङ्ग्रहको शीर्षक **गङ्गाका तरङ्गहरू** हो । 'गङ्गाका तरङ्गहरू' प्रस्तुत कृतिभित्रको प्रथम शीर्षक पनि हो । यस कृतिभित्र रहेका सत्तहत्तर वटा कविताहरूको शीर्षक चयनमा विविधता रहेको पाइन्छ । गङ्गा भनेको नदी हो । यो पृथ्वीमा रहेका वस्तुहरू जीवन हो । यही नदीबाट निस्केका छालहरूलाई तरङ्ग भनी भनिएको छ । यस कविता सङ्ग्रहमा एकातिर नदीको तरङ्गलाई कविताको विषयवस्तु बनाइएको छ भने अर्कातिर मनका भावहरूलाई तरङ्गको रूपमा कवितामा प्रस्तुत गरिएको छ । मातृत्वप्रेम र मातृभूमि वा राष्ट्रप्रेम सम्बन्धित कविताहरू, नेपालको प्रकृति, संस्कृति परम्परा सम्बन्धित कविताहरू, जैविक विविधता सम्बन्धी, नारी सम्वन्धी कविता, धार्मिक विश्वास सम्बन्धी कविता, जीवनसम्बन्धी कविता र विविध विषयसँग सम्बन्धित कविताहरू यसमा समावेश भएका छन् । यसरी न्यूनतम एक शब्ददेखि अधिकतम पाँच शब्दसम्मका शीर्षक चयन गरिएको छ । कवितामा आफ्ना अनुभूति, नेपाली समाजको चित्रण, नेपाली समाजको दुर्दशा, ग्रामीण जनजीवनको द्वन्द्वात्मक परिवेश तथा पछिल्लो जन-आन्दोलन पश्चात् देखिएका परिवर्तनहरू कवितामा समेटिएकाले यस कविता सङ्ग्रहको शीर्षक सार्थक छ ।

### ५.५.१० संरचना

**गङ्गाका तरङ्गहरू** कविता सङग्रहको आवरण पृष्ठ बाहेक जम्मा ११८ पृष्ठमा संरचित रहेको छ । यस कविता सङ्ग्रहमा तीन हरफदेखि बाह्र (१२) हरफ सम्मका ७७ वटा कविताहरू रहेका छन् । एउटा कविताको लागि न्यूनतम १ पृष्ठदेखि अधिकतम ३ पृष्ठसम्म खर्च गरिएका कविताहरू समाविष्ट गरिएका छन् । उनका कविताहरू लामा-छोटा जे भएपनि प्रभावमय नै देखिन्छन् । व्यञ्जनात्मकता, आलङ्कारिता र विम्ब विधानमा भन्दा विषयवस्तुको बयानमा वढी केन्द्रित देखिएतापनि लय र भावको समीकरण, अनुप्रासीयता जस्ता गुणले कवयित्री गङ्गा लिगलको कविता कृति 'गङ्गाका तरङ्गहरू' को आन्तरिक संरचना पनि प्रवल नै देखिन्छ ।

### ५.५.११ लयविधान

लयविधानका दृष्टिले गङ्गा लिगलका कविताहरूलाई हेर्दा अधिकांश कविताहरू गद्यलय, लोकलय र केही कविताहरू पद्यलयमा लेखेको पाइन्छ । तसर्थ प्रस्तुत **गङ्गाका तरङ्गहरू** कविता सङ्ग्रहमा आबद्ध कविताहरूमा विविध छन्दको प्रयोग गरिएको छ । 'गङ्गाका तरङ्ग', 'सृष्टिको धूलो', 'नेपाली सपना', 'नारी विडम्बना', 'मान्छे', 'उ चाहन्छ', 'चोखो संगालो', 'कञ्चन नदी', 'सफलता', 'विश्वासका त्यान्द्राहरू', 'सुनको धर्ती', 'सपना', 'उषाको आह्वान', 'कल्पना', 'एक आव्हान', 'विवश छन् सबै यहाँ', 'भ्रमर', 'जिउँदो आदर्श', 'राँको', 'बसुधैव कुटुम्बकम्', 'जीवनको वहाव', 'तोरी बारी', 'सङ्गीतको लय', 'प्रतिविम्ब', 'विपना', 'नैराश्य', 'अभिलाषा', 'यहाँ चाहिएको छ नारी जागृति', 'जीवन बगैचा', 'फूलको त्याग', 'व्यूँझ नारी, पवन, उदारता, 'स्वर्गको आभास', 'हिमाल हाँसेको देश', 'सम्झनाको धार', 'बाघ आउँदैन अब', 'आस्थाको संगालो', 'ममताको खास्टो', 'आत्मविश्वास',

‘व्यूँझ मानव’, ‘बालनयन’, ‘शान्तिको भोक’, ‘नकुच्किदेऊ’ आदि कविताहरू गद्य लयमा छन् भने ‘सरित प्रवाह’, ‘ईश्वर प्रेम हो’, ‘परिज्ञान’, ‘देशको माटो’, ‘लाली गुराँस’, ‘निर्झर झरना’, ‘जुनकिरी’, ‘जीवन दुख्छ’, ‘मनभरि क्षितीज’, ‘मन’, ‘अनुशासन’, ‘वेग’, ‘पुष्प बाटिका’ ‘कविताका ढोका’, ‘नील गगन’, ‘नव वर्षको स्वर्णिम लालिमा’, ‘प्रज्ञाको ज्योत्स्ना’, ‘सार्थक जीवन’, ‘महकिन्छ जीवन’, ‘आमाको सपना’, ‘न्यास्रो लाग्छ’, ‘नयाँ आयाम’ आदि कविताहरू  मात्रिक छन्दमा लेखिएका छन् । यी कविताहरू मध्ये ‘वेग’, ‘न्यास्रो लाग्छ’ जस्ता कविताहरू मात्रा छन्द भएर पनि मुक्तक शैलीमा लेखिएका छन् । यस्तै ‘सत्यमेव जगते’, ‘त्याग’, ‘समयको महत्त्व’, ‘आमाको इच्छा’, ‘झुण्डिएको जीवन’, ‘अनगिन्ती आकाङ्क्षा’, ‘नबिर्स यसलाई’, ‘बाँझो बारी’, ‘के भो त?’, ‘चैतन्यको दियो’, ‘रहर छैन’ आदि कविताहरू लोकलयका छन् ।

यसरी गङ्गा लिगलले आफ्ना कविताहरूमा विविध छन्दहरूको प्रयोग गर्न खोजेकी छन् । **गङ्गाका तरङ्गहरू** कविता सङ्ग्रहमा रहेका छन्दहरूको नमुना यस प्रकार छन् :

के छैन यस सृष्टिको धूलोमा  
सम्पूर्ण जीवन्त वस्तुहरू  
छन् यहाँ

(सृष्टिको धूलो, पृष्ठ ५१)

कल-कलको मधुरको मधुर ध्वनि  
निम्त्याउदै यसले दिवा-स्वप्न पनि  
प्रवाहित होऊँ म जस्तै भनी  
आव्हान गर्छ प्राणीलाई पनि ।

(सरित्-प्रवाह, पृष्ठ ४)

रसिलो मुस्कान तिम्रो नयनको  
भवुक हुन्छ कलम कविको  
सुशीतल जलको अभिशेकको  
आड लिई रसिलो नयनको ।

(बालमुस्कान, पृष्ठ ७)

### ५.५.१२ अलङ्कार विधान

गङ्गा लिगलले आफ्ना कविताहरूमा विभिन्न काव्यशैलीको परिचय दिने प्रयास गरेकी छन् । यस क्रममा उनको शब्दालङ्कार तथा अर्थालङ्कार दुवैको समुचित प्रयोग रहेको पाइन्छ । शब्दालङ्कार काव्यको बाह्य आभूषण हो भने अर्थालङ्कार आन्तरिक सौन्दर्यको गहना हो । उनका प्राय जसो कविताहरूमा अनुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ । उनले **गङ्गाका तरङ्गहरू** कविता सङ्ग्रहमा

रहेका कविताहरूमा अनुप्रास, उपमा आदि अलङ्कारको प्रयोग गरेकी छन् । उक्त कविताकृतिमा प्रयुक्त अलङ्कारको नमुना यस प्रकार छ :

अति खुला छन् कविताका ढोका
पवनसरि छोपिहान्छ मौका
सरित्प्रवाह लेखन कलामा
उल्लास भई यसले हृदयमा ।

(कविताको ढोका, पृष्ठ ७४, अन्त्यानुप्रास)

प्रवाहित मान्छेको
आँखालाई
मत्स्य नृत्यको उच्छृङ्खलताले
मान्छे मान्छे नभै
माछा अनि अजिंगरको
खुराकबनिसक्यो

(मान्छे, पृष्ठ १० , उपमा अलङ्कार )

### ५.५.१३ भाषाशैली

कवितामा काव्यात्मक उचाई प्राप्त गरी स्रस्टालाई निजी पहिचान दिने काम भाषा शैलीले गर्छ । प्रस्तुत **गङ्गाका तरङ्गहरू** कविता सङ्ग्रहमा कवयित्री गङ्गा लिगलले धर्ती वक्षस्थल, मत्स्य, नृत्य, सप्त, जननी, जन्मभूमिश्च स्वर्गादपि गरियसी जस्ता थुप्रै संस्कृत तत्सम शब्दहरूको प्रयोग गरेकी छन् । त्यसका साथै चलनचल्ती नेपाली जिभ्रोले बानी परेका शब्दहरूको पनि प्रयोग गरेकी छन् । गङ्गा लिगलले यस कृतिमा प्रथम, द्वितीय र तृतीय तीनै पुरुष शैली अपनाएकी छन् । यस सङ्ग्रहका कविताहरू गद्य, पद्य र लोकलय शैलीमा तत्सम केही कतै तत्भव र आगन्तुक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । प्यारालाइसिस, गुमबुट, एम्बुस, ज्योत्स्ना, एड्स जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ ।

**गङ्गाका तरङ्गहरू** कविता सङ्ग्रहमा वर्णनात्मक शैलीको प्रयोग गरी मनका विभिन्न भावनाका तरङ्गहरू, विभिन्न दृष्टिकोण, समसामयिक सन्दर्भका साथै देशप्रेमप्रतिको भावनालाई कविताहरूमा सरल, सहज र शिष्ट भाषाको प्रयोग गरी कविता प्रस्तुत भएको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा आफ्ना अनुभूतिहरूलाई लिगल देशप्रेम आमाको ममता र प्रकृतिको गुणगानमा केन्द्रित रही सरल गद्य र पद्य शैलीमा कविता लेख्ने स्वछन्दतावादी कवयित्री हुन् भन्न सकिन्छ ।

### ५.६ 'सङ्गीतको आभास' कविता सङ्ग्रहको अध्ययन

### ५.६.१ पृष्ठभूमि

**सङ्गीतको आभास** कविता सङ्ग्रह इ.सं.२००७मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गटन डी.सी., संयुक्त राज्य अमेरिकाबाट प्रकाशित गङ्गा लिगलको छैठौं कृति हो । कवयित्री गङ्गा लिगलको यस सङ्ग्रहमा जम्मा ८७ वटा कविताहरूको सूत्रमा बाधिएको मात्र नभई यसका शब्द ब्रह्ममा आकाश भरिएको छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरू गेयात्मक, प्रकृतिको प्राङ्गणमा मानवीय संवेदनाको झन्कार दिने खालका छन् । यस सङ्ग्रहमा स्वच्छन्दतावादी काव्यशिल्पको उपयोग गरी आप्रवासी स्वरमा प्रकृतिको चित्रण गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूलाई मिल्दाजुल्दा विषयमा वर्गीकरण गरी कविताहरूको अध्ययन गरिन्छ । ती विषयवस्तुहरू-कवयित्रीको साहित्यप्रतिको आत्म स्वीकृति सम्बन्धी कविताहरू, कल्पना सम्बन्धी, राष्ट्रियता सम्बन्धी, पुरातन संस्कृतिप्रति श्रद्धा सम्बन्धी, प्रकृतिमा मानवीयताको आरोप सम्बन्धी, उपदेश सम्बन्धी डायास्पोरिक भावना सम्बन्धी र अमेरिका वर्णन सम्बन्धी, जीवनसँग सम्बन्धी कविताहरू हुन् ।

#### राष्ट्रियता सम्बन्धी कविताहरू

सगरमाथाको गौरव, नवप्रभात, नेपाली माटो, जन्मभूमिको माटो, गौरवमय इतिहास, हिमाली गौरव, देशको माटो, आमाको माया, राष्ट्रिय ध्वजा, साहित्य ज्योत्स्ना, चिन्तन, गरिमामय शान, दियो बाल, नयाँ आयाम ।

#### उपदेश सम्बन्धी कविताहरू

माटो छ रातो, विद्या ददाति विनयम्, मनको आँगन, सेवा, प्रगति, सत्य, धर्म, शान्ति, प्रेम अहिंसा, विश्वास, ज्ञानमार्ग, दिव्यता ।

#### प्रकृतिमा मानवीयताको आरोप सम्बन्धी कविताहरू

नटिप है, प्रतीक्षा, तिम्रो खाँचो छ, नवजागरण, संगीत, सन्ध्या, चाहिन्छ यहाँ, पतझड,अमूल्य गुण, दियो को हो त्यो मान्छे जस्तो, निसास्सिएको कहानी ।

#### प्रकृतिसम्बन्धी कवितारू

कहाँ गए ती, संझनाका थुंगाहरू, रमणीय धर्ती, वसन्तको आभास, वसन्तको पदचाप ।

**पुरातन संस्कृतिप्रतिको श्रद्धा सम्बन्धी कविताहरू**

स्वर्ग कहाँ छ?, अतीत, आकाङ्क्षा, मनको धन, दिवा स्वप्न, परिज्ञानको मार्ग, सत्यको आभास, भड्किरहेको जीवन, शिशिरका पातहरू ।

**साहित्यप्रतिको आत्मस्वीकृति सम्बन्धी कवितारू**

चोखो अनुभूति, साहित्य जगत, कलम पुग्छ, कविताको प्रवाह, कविताको महल ।

**कल्पना सम्बन्धी कविताहरू**

संगीतको आभास, मन लाग्छ, ऐना, अमूल्य आँसु ।

**डायास्पोराको चित्रणमा अमेरिका वर्णन सम्बन्धी कविताहरू**

बिरानो भो, कहाँ गए ती, यहाँको परिवेश, प्रकृतिको मुस्कान, चाँदीको छाना, छाया परेछ, फटिक जस्तो, सारथी, जन्मदिन, प्रकाशमय शुभको प्रतीक, वाह ! वाह ! आज यस्तो, भर्जिनिया हाँसेकी छिन्, भर्जिनिया वृद्ध भएछ, दया गरेछ, समय, त्यसो नभन, आई देऊ, वसन्तको स्पर्श आदि ।

**जीवनसँग सम्बन्धित कविताहरू**

ज्ञानपुञ्ज, असीमित रेखा, भावना, नवइतिहास, शुभकामना नववर्षको ।

**५.६.२ नेपाल प्रेम र राष्ट्रियता सम्बन्धी कविताहरू**

**संगीतको आभास** कविता सङ्ग्रह स्वच्छन्दतावादी काव्यशिल्पको प्रयोग गरिएको छ । आप्रवासी स्वरमा डास्यास्पोरिक भावनाको चित्रणमा नेपालप्रेम र राष्ट्रियताको बखान गरी कविताहरू प्रस्तुत गरिएको छ । आफ्ना मनमा लागेका कुरा स्वतन्त्रताका साथ अभिव्यक्त गर्न पाउनु मानिसको नैसर्गिक गुण हो । त्यही गुणलाई अङ्गिकार गर्दै गङ्गा लिगलले पनि विभिन्न कविताहरू व्यक्त गरेकी छन् । उनले आफ्ना कविताहरूमा राष्ट्रियताको बयान गर्ने क्रममा राष्ट्र ध्वनिको एक गाथा 'सगरमाथाको गौरव' भन्ने कवितामा प्रस्तुत गरेकी छन् । जस्तैः

"चन्द्रसूर्य अंकित गौरवमय झण्डा हाम्रो
त्यसमाथि उच्च सगरमाथा अत्यन्त राम्रो"

(पृ.सं १, दोस्रो हरफ )

यस कविताले हामी नेपाल आमाका सन्ततिहरू सबै एउटै छहारीमा बसी मनमस्तिष्कमा वैमनस्यता नराखी बाच्न सिकौं र विश्वमा नेपालीको नाम प्रसिद्ध राखौं भन्ने राष्ट्र ध्वन्यात्मक आवाजको यो कविता उपदेश प्रधान पनि रहेको छ ।

'नवप्रभात' कवितामा नयाँ शिशुको यस धर्तीमा आगमन हुँदा जसरी धर्ती खुशी हुन्छ । त्यस्तैगरी नयाँ इतिहासको उदय भई नयाँ युगको ढोका खुल्दा देशले अर्कै मोड लिन्छ भन्ने राष्ट्र ध्वनियुक्त आवाजहरू प्रस्तुत गरिएको छ । यस कवितामा वर्षा धानका बाला, नव शिशु, ध्रुवतारा, अम्बर, मत्स्य नृत्य, स्वर्गीय आनन्द, तारा ज्योति पुञ्ज, कोइलीको मधुर ध्वनि, नवप्रभात जस्ता स्वच्छन्दतावादी भावनामा तत्सम शब्दको प्रस्तुत गरी कविता व्यक्त गरिएको छ ।

'नेपाली माटो' कवितामा देशप्रेम र जातीय एकतालाई जोगाउन सबै मिलेर बस्नु पर्छ भन्ने भाव अभिव्यक्त गरिएको छ ।

'जन्मभूमिको माटो' कवितामा कवयित्री गङ्गा लिगलले गरीबीका कारणले जन्मभूमिलाई छाडी सम्पन्नताको महत्त्वाकांक्षा बोकी विदेशिन पुगेका नेपालीहरूले यस माटोलाई शिरमा लगाई जन्मभूमिलाई स्वर्गसरी मान्दै कवितामा राष्ट्रियताको बखान गरिएको छ ।

'गौरवमय इतिहास' र 'हिमाली गौरव' कवितामा विश्वको केन्द्रविन्दुको रूपमा मान पाएको सगरमाथाले हाम्रो इतिहासमा गौरवमय नाम राख्न सफल भएको छ । यसरी हिमाल हाँसेको देशमा गौरवमय नाम राख्न सफल भएको देशमा बाँच्न चाहेको अभिव्यक्ति यी कविताहरूमा प्रस्तुत गरिएको छ ।

'देशको माटो' र 'आमाको माया' नामक कवितामा विदेशमा बस्ने नेपालीहरूले नेपाल आमाको कदर गरी आफ्नो अस्तित्वलाई जोगाइ नेपाली संस्कृतिलाई बचाउनुपर्छ भन्ने सन्देशात्मक अभिव्यक्तिहरू उक्त कवितामा अभिव्यक्ति भएको पाइन्छ ।

'राष्ट्रिय ध्वजा' कवितामा चन्द्र सूर्य अङ्कित झन्डा हाम्रो वीरताको प्रतीकको रूपमा फरफराई राष्ट्रियताको गौरव गाथा बोकेको अभिव्यक्ति प्रस्तुत कवितामा पाइन्छ ।

'साहित्य ज्योत्स्ना' कवितामा साहित्यमा चन्द्रमारूपी उज्यालोको प्रकाश छर्दै राष्ट्रलाई शोषणमुक्त बनाउनका लागि सबै नेपाली दाजुभाइ मिली राष्ट्रको गरिमामय सान राख्नुपर्छ भन्ने राष्ट्रिय गौरव गाथाको अभिव्यक्ति प्रकट गरी कविता प्रस्तुत गरिएको छ ।

'चिन्तन' कवितामा कवयित्री गङ्गा लिगलले देशको उन्नति गर्नका लागि कुर्सी र धनको लोभ नगरी निस्वार्थ भावनाले देश बनाउनुपर्छ भनी राष्ट्रकै चिन्तनमा चित्त लगाऊ भन्ने भाव व्यक्त गरिएको छ ।

'गरिमामय शान' नामक कवितामा कवयित्री गङ्गा लिगलले यस राष्ट्रको गरिमामय शानलाई नेपाल आमाको मर्यादा राखी संसारभरि गर्वका साथ फरफराउन सक्नु नै राष्ट्रियताको पोषक हो भन्ने अभिव्यक्ति प्रस्तुत कवितामा पाइन्छ ।

'दियो बाल' कवितामा देश विकास गर्नका लागि मनमा डर, त्रास, इर्ष्या द्वेष जस्ता नराम्रा कुराहरू हटाई नयाँ इतिहासको निर्माण गरी सबै जुटी देश विकास गर्न लागौं भन्ने मूल सन्देश अभिव्यक्त गरेको पाइन्छ ।

'नयाँ आयाम' कवितामा देश विकास गर्नका लागि सबै नेपालीहरू निस्वार्थ भावले जुट्नुपर्छ । त्यसपछि देशको विकास गर्न लगनशीलताका साथ अग्रसर हुनु पर्छ अर्थात लागिपर्नुपर्छ भन्ने भावार्थ नयाँ आयाम कवितामा प्रस्तुत गरिएको छ ।

### ५.५.३ उपदेशसम्बन्धी कविताहरू

**संगीतको आभास** कविता सङ्ग्रहमा रहेका कतिपय कविताहरू उपदेशप्रधान रहेका छन् । यी कविताहरूले देशलाई जोगाउन र उन्नतिको सुवास फैलाउन एक आपसमा मेलमिलाप गर्नुपर्छ भन्ने भावार्थ विशेष गरी कविताहरूमा पाइन्छ ।

'माटो छ रातो' कवितामा कवयित्री लिगलले यस देशको माटो रातो छ । यसले शुभ संकेत दिन्छ । त्यसैले हत्या हिंसा छाडी आमाका काखहरू नरित्त्याइ एक आपसमा मातृत्व भाव राखी नयाँ इतिहास कोरी देश विकास गरी नेपाली नाम राख्नुपर्छ भन्ने उपदेशमूलक सन्देश प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'विद्या दताति विनयम्' नामक कवितामा विद्या नै सबै थोक हो । विद्याले मानिसलाई नरम बनाउँछ । विद्याले जीवन अहङ्कारी नास गर्छ । त्यसैले विद्या सबैलाई अति आवश्यक हुन्छ भन्ने भावार्थ प्रस्तुत कवितामा पाइन्छ ।

'मनको आँगन' नामक कवितामा आफूलाई ज्ञान नभए पछि सालिग्राम जस्तो बहुमूल्य वस्तु पनि फेकिन्छ । यस्तो बहुमूल्य वस्तुलाई जोगाइ राख्नका लागि विश्वासमा रही आफू कर्तव्यपथबाट कहिल्यै नचुक्ने कुरा मनको आँगनमा व्यक्त गरिएको पाइन्छ ।

'सेवा' कवितामा कवयित्रीले सेवाको फल मीठो हुन्छ । सेवा गरे धर्म हुन्छ र मनमा शान्ति मिल्छ । जसरी गाईले दुध दिई सबैको पोषण गरेकी छन् । त्यसैगरी मानिसले पनि आफ्नो जीवनलाई खान लाउन मात्र नलगाएर जीवन उच्च बनाउन देशको सेवा गर्नुपर्छ भन्ने उपदेशमूलक सन्देश यस कवितामा दिइएको छ ।

'प्रगति' कवितामा हामीले देशको उन्नति गर्नका लागि आलस्य त्यागेर जागरुक भई अघि बढ्ने प्रयत्न गरेमा विदेशीहरूले झैं प्रगति गर्न सकिन्छ भन्ने उपदेशात्मक सन्देश प्रस्तुत कविताले व्यक्त गरेको पाइन्छ ।

'सत्य' नामक कवितामा प्रगतिपथमा लाग्नका लागि मानिसहरूको जीवनमा उल्लास र उमङ्ग भरिदिने काम सत्यले नै गर्दछ । यही सत्यले नै जीवनलाई आनन्दमय गराइदिन्छ भन्ने भाव प्रस्तुत कवितामा पाइन्छ ।

'धर्म' कवितामा धर्मको प्रतीकको रूपमा ईश्वरलाई पूजा गरी आफ्नो मन मस्तिष्कमा भएका दु:ख पीरलाई हटाइ स्वच्छ बनी जीवनलाई उच्च स्थानमा राख्नुपर्छ । त्यसपछि देशको गौरव गाथालाई सदा अमर राख्नका लागि धर्म गर्नुपर्छ भन्ने उपदेशमूलक सन्देशहरू उक्त कवितामा दिइएको छ ।

'शान्ति' कवितामा शान्ति खोज्न हिडेका नेपालीहरूले जहाँ अरूलाई सुख दिन सकिन्छ । निस्वार्थ प्रेमको रूपमा मानवताको पाठ पढाइ हुन्छ । जहाँ मानव मानवबीच अमर माला गाँसिन्छ । जहाँ देशको संस्कृति जोगाउन नयाँ इतिहास कोरिन्छ । जहाँ अधिकार र कर्तब्य रूपले सत्य छाउँछ, त्यही नै शान्ति पाइन्छ भन्ने उपदेश यस कवितामा अभिव्यक्त भएको पाइन्छ ।

'प्रेम' कवितामा प्रेम सत्य र ईश्वर हो । प्रेम विना कुनै चीज पनि मिल्न सक्तैन । त्यसैले निस्वार्थ भाव लिएर देश बनाउन, सम्पूर्ण सुख प्राप्त गर्न सबैमा पवित्र प्रेम नै चाहिन्छ भन्ने भाव कवितामा प्रकट गरिएको छ ।

'अहिंसा' कवितामा कवयित्री गङ्गा लिगलले देशमा हत्या हिंसा जस्ता ठूला ज्वावलहरू हटाउदा स्वर्ग प्राप्त हुन्छ । त्यसैले अहिंसा नै परम धर्म हो भन्ने ईश्वरीय सिद्धान्त राख्नुपर्छ । यसले मानव जीवनमा खुशीयाली ल्याउँछ । त्यही नै ठूलो धर्म हो । त्यसैले हत्याहिंसा गर्नुहुदैन भन्ने उपदेशात्मक भाव प्रस्तुत गरेको पाइन्छ ।

'विश्वास' नामक कवितामा जीवनलाई रमाइलो, घमाइलो, संगीतमय र आनन्ददायी बनाउनका लागि प्रेमरूपी पवित्र भाडोले सवैको विश्वास गर्नुपर्छ भन्ने उपदेशात्मक भाव प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'ज्ञानमार्ग' कवितामा अन्धकाररूपी अज्ञानतालाई मन मष्तिस्कबाट हटाई ज्ञानरूपी दियो जलाई जीवन सफल बनाउनका लागि उन्नत मार्गमा लाग्नुपर्छ भन्ने उपदेश प्रस्तुत कविताले दिएको छ ।

'दिव्यता' नामक कवितामा कवयित्री लिगलले दुःख पछिको सुख पाइ आनन्द लिनका लागि हिंसा, रिस, राग सबै हटाई मानिसमा ज्ञानरूपी दियो जलाउदा मानिसको बुद्धि बढ्छ भन्ने भाव प्रस्तुत कवितामा पाइन्छ ।

**५.६.४ प्रकृतिमा मानवीयताको आरोप सम्बन्धी कविताहरू**

स्वच्छन्दतावादी कविताहरूले विशेषगरी प्रकृतिमा मानवीयताको आरोप गरी कविताहरू प्रस्तुत गरेको पाइन्छ । त्यसैमध्ये कवयित्री लिगलका कविताहरूमा पनि केही हदसम्म प्रकृतिमा मानवीयताको आरोप रहेका कविताहरू पाइन्छ ।

'न टिप है' कवितामा लालुपाते, गोदावरी वेगमवेली जस्ता विभिन्न थरीका फूलहरू मल जल पाएर मस्तसँग फुल्न दिनुपर्छ । कोपिलामै टिपेर त्यसलाई बिगार्नु हुँदैन भन्ने भावार्थ प्रस्तुत कवितामा पाइन्छ ।

'प्रतीक्षा' नामक कवितामा युगयुगको सपना साकार गर्न यस धर्तीमा हावा, सूर्यको प्रकाश जस्ता अभीष्टको आगमनको प्रतीक्षा यो कविताले गरेको पाइन्छ ।

'तिम्रो खाँचो छ' कवितामा आमाले दुःखी हुँदै यस देशमा रहेको कान्ति शान्ति हराएको देख्दा एउटै  मालामा गाँसिएको राष्ट्र खण्ठित हुन लागेको छ । यस्तो अवस्था देख्दा दुःखी भएकी आमाले एक वीर सपूतको सपना देख्छिन् । त्यही सपूतले धर्तीको पहिचान चिनाउने छ भन्ने भाव प्रस्तुत कविता मार्फत देखाएकी छन् । यस कवितामा लिगलले राष्ट्रियता र क्रान्तिकारी स्वर पनि प्रस्तुत गरेको पाइन्छ ।

'नवजागरण' कवितामा विश्व रङ्गमञ्चमा चौतर्फ प्रकाश छर्दै वैज्ञानिक युगमा प्रवेश गरी उन्नति गर्दै ज्ञानको ज्योति प्राप्त गरी जागरणको वस्तु भएर प्रकृतिसित खेल्दछ भन्ने भावार्थ प्रस्तुत कवितामा अभिव्यक्त भएको पाइन्छ ।

'संगीत' कवितामा प्रकृतिसित सङ्गीतको तादात्म्य प्रस्तुत गरिएको कविता हो । उक्त कवितामा प्रकृतिका मनोरम दृश्यहरूलाई सङ्गीतले मानव जीवनलाई बाँच्ने प्रेरणा दिन्छ । सबैमा रसिलो मुस्कान थपिदिदै प्रकृतिका हरेक वस्तुहरूले विश्वलाई आनन्द प्रदान गर्दछ भन्ने भाव प्रस्तुत कवितामा प्रकट भएको छ ।

'चाहिन्छ यहाँ' कवितामा एकातिर देशको विकास गर्नका लागि एउटा पवित्र हृदय भएको मानव चाहिन्छ । जसले आफूभित्र भएको अल्छी र आलस्यतालाई त्यागेर देश सजाउनका लागि सधै देशमा पसिनाको सजीव मूल्य गरी यस धर्तीलाई प्रज्वलित पार्ने सजिव मानवको खाँचो छ भने अर्कोतिर पवित्र फूलहरूले सुगन्ध दिएर फूलबारी सिगार्नु पर्छ भनी प्रकृतिमा मानवीय आरोप गरी 'चाहिन्छ यहाँ' कविता प्रस्तुत भएको छ ।

'को हो त्यो मान्छे जस्तो' कवितामा पानी खोज्दै मरूभूमिमा हिड्ने हावासँगै उड्ने, चरासँग चिरवीर गर्ने, मृगसँग दौड्ने, जीवनसँग मिच्छिएर पागलपनको उपहास गर्दै हिड्ने को हो त्यो मान्छे जस्तो भनी प्रस्तुत कवितामा प्रकृतिमा मानविताको आरोप प्रत्यारोप गर्दै कविता प्रस्तुत भएको देखिन्छ ।

'पतझड' कविता रोमान्टिक कविता हो । यस कवितामा जसरी ऋतुको राजा वसन्त ऋतुको कमीमा वनपाखा सबै प्राकृतिक सौन्दर्यहरू उजाड देखिन्छन् । त्यसैगरी देशको युवाशक्तिहरू विदेशिदा देश नै उजाड भई देश धराशयी भातृत्व प्रेम र मातृत्वको मर्यादा हराउदा जीवन पतझड सरी हुन गयो । त्यसलाई निर्मूल बनाउनका लागि वसन्त आइ बालजीवनलाई फक्रिन दिई उन्नति पथमा लाग्नुपर्छ भन्ने अभिव्यक्ति प्रस्तुत कवितामा दिइएको छ ।

'अमूल्य गुण' कवितामा अन्धकारलाई हटाई ज्ञानरूपी प्रकाशपुञ्जलाई जगाइ जसरी मौरीले मह बनाइ मानिसहरूलाई रसास्वाद गराउँछ । त्यसैगरी अमूल्य गुण र ज्ञानले अमर गाथा बनाउनुपर्छ भन्ने भाव प्रस्तुत गरेको पाइन्छ ।

'सन्ध्या' कवितामा काल र प्रकृतिकै प्रकृतिको रूपमा रहेकोले सन्ध्या वा साझमा बलेको दियोले उज्यालै उज्यालो पारी शुभ सङ्केत गर्दछ । तसर्थ यसलाई सधै बल्न दिनुपर्छ र मात्र राम्रो हुन्छ भन्ने भाव कवितामा प्रस्तुत गरिएको छ ।

'दियो' कवितामा आज नेपालमा चेतनाको अभाव भएको र मानिसहरू परदेशिएको व्यथाको प्रतीकको रूपमा कविता अभिव्यक्त भएको छ ।

'निसास्सिएको कहानी' कवितामा जलमा, थलमा, नभमा चारैतिर आफ्नो अस्तित्व हुँदाहुँदै पनि सुनको मृगको पछि पर्नु रामको दायित्व जस्तै यस जीवनगाथाको विभिन्न चक्रव्यूहभित्र समेटिन पुग्नु जीवनको एक संतप्तमय अवस्थाको अन्त्य गर्न खोज्नु नै यस कविताको भावार्थ हो ।

यसरी प्रस्तुत कविताहरूमा प्रकृतिमा मानवीयताको आरोप यो स्वच्छन्दतावादी कविताहरूको प्रवृत्तिमध्ये कवयित्री गङ्गा लिगलले पनि माथि कविताहरूमा प्रस्तुत गरेको पाइन्छ ।

### ५.६.५ प्रकृति सम्बन्धी कविताहरू

'कहाँ गए ती' कवितामा प्रकृतिमा रहेका विभिन्न वस्तुहरू अर्थात डाँफे, मुनाल, मयूर, कोइली, मृग, खरायो, सिंह जस्ता जङ्गलमा नाच्दै गाउँदै झरनाको पानी खादै देशलाई सधैं सुन्दर राख्न चाहने प्रकृति सुन्दर बनाउने वस्तुहरू सबै कहाँ गए भन्ने गुनासो प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'संझनाका थुँगाहरू' कवितामा कवयित्री गङ्गा लिगलले आफ्नो देशमा रहेका रमाइला प्राकृतिक सौन्दर्यहरूले स्वर्गसरी बनाएको यस देशलाई विर्सन नसकेको कुरा प्रस्तुत कवितामा पाइन्छ ।

'रमणीय धर्ती' कवितामा कवयित्री लिगलले चेतनाको अभावका साथै आफ्ना विभिन्न समस्याले गर्दा नेपालीहरू परदेशिन पुगेका छन् । ती नेपालीहरूले मातृभूमिको प्राकृतिक सौन्दर्यहरूलाई भूल्न नसकी स्वर्गसरीको नेपाली धर्ती आफ्नै प्रयत्नबाट कीर्तिमान रहेको छ भनी प्राकृतिक सौन्दर्यको वर्णन प्रस्तुत कवितामा गरेको पाइन्छ ।

'वसन्तको आभास' कवितामा शिशिर ऋतुले प्राकृतिक जीवन अस्तव्यस्त भएका बेला वसन्तको आगमनमा सबै रूख विरुवा पालुवाहरू घुम्टो खोली जुर्मराएर खुशी उमङ्गका साथै अघि बढ्न थालेको कुरा वसन्तको आभास कवितामा प्रस्तुत भएको पाइन्छ ।

### ५.६.६ पुरातन संस्कृतिको श्रद्धा सम्बन्धी कविता

'सुन्दर शान्त विशाल' कविता ऋषिमुनिको विचारप्रति श्रद्धा, राष्ट्रिय संस्कृतिको उत्थान र कवितामा माधूर्य, गेयताको प्राचुर्य भएको छ । यस कवितामा कोइलीले मधुर स्वरमा गीत गाउँदा प्रकृतिको मनोरम दृश्यले राष्ट्रिय संस्कृतिको उत्थान गर्छ भने ऋषि मुनिहरूको ज्ञान आर्जन अथवा तपस्या गर्ने पवित्र स्थलको रूपमा प्रस्तुत भएको पाइन्छ ।

'स्वर्ग कहाँ छ ?' कवितामा जहाँ आनन्द स्वरूप रहन्छ र त्यहाँ मानव स्वर्गानन्दमा रमाउँछ । त्यही नै स्वर्ग प्राप्त हुन्छ भनी स्वर्गलाई यही धर्तीको सरित् प्रवाहको निरन्तरता छ भनी कविता प्रस्तुत गरिएको छ ।

'अतीत' कवितामा मानव जीवनको हरपलमा आड दिई नवयुगको मेरूदण्डको रूपमा जीवनलाई उत्साहित र उमङ्ग छर्दै जीवनको नौलो इतिहास बनाउन प्रेरणा दिने वस्तु नै अतीत हो भनी कविता प्रस्तुत भएको पाइन्छ ।

'आकांक्षा' कवितामा राष्ट्रिय संस्कृतिको गरिमालाई सदा उच्च राख्नका लागि सधैं सफलताको चाहना बोकी यस धर्तीले सम्पूर्ण कथा गाथालाई समेटेर निम्त्याएको छ । यस्तो मीठो आकांक्षा पूरा गर्ने प्रतीक्षा गरेका पौरखीहरुका पाइलाहरुले यस धर्तीलाई नया आयाम थपी देशको इतिहासमा संस्कृतिलाई समुन्नत राख्नेछ भन्ने भाव उक्त कवितामा व्यक्त गरिएको छ ।

'मनको धन' कवितामा चैतन्यलाई लिनका लागि स्वच्छन्दताको दियो बाली धर्म र कर्तब्य जस्ता चीजबाट सेवा र मेवा प्राप्त गरी अटल संस्कार दिलाउन सकिन्छ । तसर्थ दिव्य ज्ञानको सङ्गीत प्राप्त गर्नका लागि भौतिक धनमा नरमाई मनको चोखो धनमा रमाउनु पर्छ, खुसी हुनुपर्छ भन्ने भाव प्रस्तुत भएको पाइन्छ ।

'दिवा स्वप्न' कवितामा यस दुनियामा रहेका मानिसहरूले धन सम्पत्तिको मोहमा स्वर्ग र मर्त्यलाई एक छत्र बनाई भय र शङ्कालाई टाढा हटाइ जीवनलाई यौवनमय सङ्गीतको रसपान गर्ने दिउसै सपना देखेको कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको पाइन्छ ।

'परिज्ञानको मार्ग' कवितामा राष्ट्र र संस्कृतिको जगेर्ना गर्दै ज्ञानरूपी प्रकाश माला लगाउनाले आध्यात्मिक र बौद्धिकतामा मन लागी ईश्वरीय सुखानुभूति प्राप्त गर्न सकिन्छ भन्ने भावार्थ प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'सत्यको आभास' कवितामा कवयित्रीले जहाँ सत्य छ त्यहाँ ईश्वर बोल्दछ । सत्यमा नै दिव्यता र पोषकको मधुर स्पर्श हुन्छ । त्यही ईश्वर प्रेमको रूपमा रहेको सत्यता नै सत्यको आभास हो भन्ने भाव प्रस्तुत गरेको पाइन्छ ।

'भड्किरहेको जीवन' र 'शिशिरका पातहरू' नामक कविताहरूमा वसन्त र शिशिरको रूपमा स्वच्छन्दतावादी प्रवृत्ति झल्किनुका साथै मानवमा चेतनाको कमीले नभई दैवी विडम्बनाका कारण नेपाल आमाको महानतामा आघात परेको कुरा व्यक्त गरेको छ भने अर्कातिर शिशिरले लथालिङ्ग बनाएको प्रकृतिलाई वसन्तले खुशीयाली छाएको कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

### ५.६.७ साहित्यप्रतिको आत्मस्वीकृति सम्बन्धी कविता

'चोखो अनुभूति' कवितामा कवयित्री गङ्गा लिगल गङ्गा नै भएर साहित्य सेवामा समर्पित भएको आत्म स्वीकृति पाइन्छ ।

'साहित्य जगत्' कवितामा जसरी गृष्मको घामले आत्तिदा छहारीको स्वर्गानन्द लिन्छ । त्यसैगरी जीवनलाई आनन्दमय गराउनका लागि साहित्यको उच्च शिखरमा पुग्न सके आफूलाई महान् मान्ने आत्मस्वीकृति प्रस्तुत भएको पाइन्छ ।

'कलम पुग्छ' कविताले कविताको असीम शक्तिको व्याख्या गर्छ । प्रस्तुत कवितामा दिन-रात, धनी-गरीब, बालक-वृद्ध, प्रौढ-जवान केही पनि नभनी सबैलाई समान व्यवहार गरी रवि नपुगेका ठाउँमा कवि पुग्छन् । मानव मनका सुख दुःखका गाथाहरू बोकी देशको नौलो आयामलाई साहरा दिन्छ भन्ने भाव व्यक्त भएको पाइन्छ ।

'कविताको प्रवाह' नामक कवितामा जसरी प्रकृतिका पहाडबाट सलल बग्ने झरना नदीहरूले मीठो धून निकाल्छ । जङ्गलका हरियाली सौन्दर्यले लठ्याएझै चराहरूको सुरिलो स्वरमा सङ्गीत गुनगुनाए झैँ गङ्गा लिगलका कविता पनि मानव मस्तिष्कमा गुनगुनाई कविताको प्रवाह भएको कुरा प्रस्तुत कवितामा पाइन्छ ।

'कविताको महल' कवितामा कविको कलममा सधैंभरि आइरहेर भरिपूर्ण बनाइ जीवनलाई उज्यालो बनाइ लेख्ने रहर सधै पूरा होस् भन्ने भाव प्रस्तुत गरिएको छ ।

### ५.६.८ कल्पना सम्बन्धी कविताहरू

'संगीतको आभास' कवितामा कल्पनाको प्रवणता पाइन्छ । यस कवितामा कवयित्री लिगलले प्रकृतिका हरेक चीजहरूमा संगीतको आभास पाई आफ्नो कल्पना शक्तिको प्रयोग गरी सुन्दर सिर्जना शक्तिको रचना गरेको कवितामा पाइन्छ ।

'मन लाग्छ' कवितामा कवयित्री आफन्तहरूसँग विछोडिएर मातृभूमिसँग विरानिएर रहेकी छन् । यसरी विरानिएर रहदा आफूलाई खल्लो महसुस भई मन लागेर मात्र नहुने रहेछ समय आएपछि अवश्य आउँछु भन्ने भावार्थ यहाँ प्रस्तुत गरिएको छ ।

'ऐना' कवितामा जसरी एउटा ऐनाले आफ्नो प्रष्ट प्रतिविम्बलाई देखाइदिन्छ । त्यसैगरी यस कवितामा पनि मानवीय जीवनका हरेक क्षणहरूलाई प्रकृतिका विभिन्न वस्तुहरूसँग तुलना गर्दै कवयित्री कल्पनामा रमाइला कविता प्रस्तुत गरेको पाइन्छ ।

'अमूल्य आँसु' कवितामा जसरी कर्कलाको पातमा जम्मा भएको पानीले जुनसुकै बेला पनि आफ्नो जीवन त्याग गर्न सक्छ त्यसैगरी एक विवश नारीले पनि आफ्नो जीवनमा त्याग र समर्पण गर्न सक्छिन् । यस बाहेक पनि उसले सन्तोषको भावनाको आभास मात्र पाई आफूलाई सम्हाल्दा सम्हाल्दै पनि आफ्ना पीडाले भरिएका मुटुबाट थाम्न नसकि एकाएक यस धर्तीमा अमूल्य आँसु खस्न पुग्छ भन्ने भाव प्रस्तुत कवितामा दिइएको छ ।

### ५.६.९ डायास्पोराको चित्रणमा अमेरिका वर्णन सम्बन्धी कविताहरू

'विरानो छ' कवितामा डायास्पोराको मानव हृदय उजारित भएको छ । उक्त कवितामा कवयित्रीले आफ्नो निजी भाषा, संस्कृति, परम्परा, लोकभाका र राष्ट्रिय परिवेश सबै हराई आफन्तहरू पनि बिरानिएको दुःखदपूर्ण भाव प्रकट गरेकी छन् ।

'कहाँ गए ती' कवितामा विदेशमा रहँदा आफ्नो देशको न्यानो काख, चोखो प्रकृति सधैं आँखा वरिपरि नाचिरहेको भावलाई डायास्पोराको स्वभावमा कविता प्रस्तुत भएको पाइन्छ ।

'यहाँको परिवेश' नामक कविताले सांस्कृतिक भिन्नताको कारण विविधता र भिन्नता छ भन्दै अमेरिकी नेपाली समाजको वस्तु सत्यको उद्घाटन प्रस्तुत कविताले गरेको छ ।

'प्रकृतिको मुस्कान' कवितामा शहरी वस्तु भएर पनि आस्टिन, टेक्सासको प्रकृति वर्णन गरिएको छ । यस कवितामा प्रकृतिमा भएका वस्तुहरूलाई समेटी सुमधुर ढङ्गले कविता प्रस्तुत भएको देखिन्छ ।

'चाँदीको छाना' नामक कवितामा चाँदीको छाना जसरी टल्किन्छ । त्यसैगरी हिउँ परेको बेला हिउँ परेका ठाउँहरू टल्किन्छ भनी प्रस्तुत कवितामा हिउँ परेको  अमेरिकाको वर्णन गरिएको छ ।

'छाँया परेछ' कवितामा अमेरिकामा हिउँ परेर निलो आकाशलाई पनि सेतो बनाइ मानव दुःखलाई बिर्साइ चारैतिर उज्यालै उज्यालोले खुशीयाली ल्याएको अभिव्यक्ति प्रस्तुत कवितामा प्रकट गरिएको छ ।

'फटिक जस्तो', 'सारथी', 'जन्म दिन' आदि कवितामा पनि भर्जिनियामा हिउँ खसेको दिन घरको छानाभरि कालीगडले सिगारे झैं प्रकृतिका हरेक वस्तुहरूको वरिपरि कुना काप्चा भरि मोतीका दानाले सिगारे झैं हिउँले सिगारेको छ भन्ने अभिव्यक्ति प्रस्तुत कविताहरूमा पाइन्छ ।

'प्रकाशमय' कवितामा चन्द्रमाले जसरी प्रकाशमय ज्योतिहरू प्रफुल्लताका साथ प्रदर्शन गर्दा त्यसमा जुन सौन्दर्यताको प्रतीक देखिन्छ । त्यही प्रतीकको रूपमा रहेको वरफ वा हिउँ हो भनी यस कवितामा पनि अमेरिकामा हिउँ परेको अभिव्यक्ति प्रस्तुत भएको पाइन्छ ।

'शुभको प्रतीक' कविता पनि हिउँ परेर त्यस हिउँले जललाई मोतीको दाना बनाई पृथ्वीमा झर्दा प्रकृतिका सबै वस्तुहरू प्रफुल्लता हुँदा मोती जस्तो टल्केको हिउँले चारैतिर उज्यालै उज्यालो देखाइ राम्रो प्रतीकको रूपमा कविता व्यक्त गरिएको छ ।

'बाह ! वाह ! आज यस्तो' कवितामा अमेरिकाको प्रकृतिको मनोरम काखमा हिउँ परी त्यहाँको प्राकृतिक सौन्दर्यलाई बेहुली झै सिगारेको देख्दा कवयित्री भाव विभोर भई प्रस्तुत कविता व्यक्त गरेकी छिन् ।

'भर्जिनिया हाँसेकी छिन्' र भर्जिनिया वृद्ध भएछ' नामक कविताहरूमा अमेरिकाको भर्जिनिया भन्ने ठाउँमा हिउँ पर्दाको मनोरम दृश्यले सिगारिएको देख्दा प्रशन्न भएर भर्जिनिया हाँसेको देखी हिजो भर्जिनिया बुढो भएछ भन्नेहरू आज आकर्षित भई यौवनको भीख मागेको भाव प्रस्तुत कवितामा दिइएको छ ।

'दया गरेछ' कवितामा भर्जिनियाको प्राकृतिक सौन्दर्यमा दैव लागि परेको हिमपातले कुरूप बनाउन लागेको प्रकृतिमाथि सूर्यको किरणले दया गरी हराभरा तुल्याइ दिएको भाव प्रकट गरिएको छ ।

'समय' कवितामा हिमपातको कुरा प्रस्तुत नभए पनि हिमपातकै सन्दर्भमा अमेरिकाको शिशिर ऋतुको वर्णन प्रस्तुत कविताले दिइएको छ ।

'त्यसो नभन' कविता अमेरिकामा शिशिर ऋतुले उजाडेको प्राकृतिक सौन्दर्यलाई वसन्तले धेरै परिश्रम गरी क्षणिक भरलाई भएपनि मनोरम दृश्य प्रदान गरेको कुरा प्रस्तुत गरिएको छ ।

'आई देऊ' कवितामा शिशिरको वंशमा परी उदासीन भएर नबस । वसन्त आफ्नो घुम्टो खोली वासिङ्गटन डि.सी.मा खुसीयाली भरिदेऊ भनी वसन्तलाई आग्रह गर्दै प्रस्तुत कवितामा वसन्त वर्णन गरिएको छ ।

'वसन्तको स्पर्श' कविता अमेरिकामा वसन्तको आगमनले शिशिरमा परेका हिमपातहरूले उजाड भई ओइलाएका फूलहरूले यसको स्पर्शमा ओजस्वी हुँदै आउँछ भन्ने अभिव्यक्ति प्रस्तुत भएको पाइन्छ ।

### ५.६.१० जीवनसँग सम्बन्धित कविताहरू

'ज्ञानपुञ्ज' कवितामा जीवनलाई उज्यालो र अमर कीर्ति राखी अगाडि बढ्नका लागि मानिसलाई शिक्षाको आवश्यकता हुन्छ भन्ने अभिव्यक्ति प्रकट गरिएको छ ।

'असीमित रेखा' कवितामा मृत्यु एक असीमित रेखा हो । यसले जीवनलाई सखाव पार्छ । यस्तो असीमित रेखालाई आफ्नो मुट्ठीभित्र पार्न सकेको खै भनी मानिससँग प्रश्न गर्दै कविता प्रस्तुत गरिएको छ ।

'भावना' कवितामा मानिसले आफ्नो जीवनलाई पवित्र, सङ्गीतमय र प्रफुल्लता बनाउनुपर्छ । त्यसका लागि मानिसले आफ्नो मनबाट द्वेष, ईर्ष्या र कलुषित भावना त्यागी मानवमा सौहार्द्रपूर्ण भावना राखेमा जीवन फुल्न सक्छ भन्ने भाव प्रस्तुत कवितामा प्रकट गरिएको छ ।

'नव इतिहास' कवितामा मानव धर्तीमा जन्मेपछि आफ्नो जीवनक्रम अनुसार वामे सर्दै यौवनको प्रगति कोर्दै इतिहास बलियो बनाउदै जीवनको वृद्धावस्थालाई इतिहासको जग मान्दछ । त्यसैमा नव इतिहासले यश कीर्तिको अमर ध्वनि भर्दछ भन्ने भाव प्रस्तुत कवितामा अभिव्यक्त गरिएको छ ।

'शुभकामना नव वर्षको' कवितामा जीवनमा सफलता प्राप्त गर्नका लागि भाइ भाइमा मेलमिलाप गरी देशको उन्नतिमा लगनशील भई लाग्नाले जीवनमा सफलता पाइन्छ । त्यस्तै राष्ट्रको सम्पदा र धर्तीको मर्यादालाई संरक्षण गरी जोगाई राख्दा यसले हाम्रो जीवनलाई कीर्तिमान राख्छ । त्यसैले नव वर्षमा नयाँ भावनाको विकास गरी विश्वमै चर्चित सुन्दर शान्त विशाल नामक धर्तीलाई शान्तिपूर्ण बनाउन उमङ्ग र उल्लासका साथ अघि बढ्नाले सफलता मिल्छ भन्ने सन्देश यस कविताले दिएको छ ।

### ५.६.११ शीर्षक

शीर्षक कविताको महत्त्वपूर्ण तत्त्व हो । यो कविताको नामाकरण पनि भएकाले यसलाई अनिवार्य तत्त्वका रूपमा पनि लिइन्छ । तसर्थ यस सङ्ग्रहमा भएका सतासी (८७) वटा कवितामध्ये यौटा सङ्गीतात्मक कविता 'सङ्गीतको आभास' छ र त्यही कविताको नामले यस सङ्ग्रहको नाम

राखिएको छ । यसमा सङ्कलित कविताहरू गेयात्मक, प्रकृतिको प्राङ्गणमा मानवीय संवेदनाको झन्कार दिने खालका भएकाले पनि यस कविता सङ्ग्रहको शीर्षक 'सङ्गीतको आभाश' नाम सार्थक देखिन्छ ।[२]

### ५.६.१२ संरचना

कविताको बनोटको स्थिति नै संरचना हो । संरचनाका आधारमा **सङ्गीतको आभास** कविता सङ्ग्रहको आवरण पृष्ठ बाहेक जम्मा १२७ पृष्ठमा संरचित रहेको छ । यस कविता सङ्ग्रहमा तीन( ३) हरफदेखि १२ हरफसम्मका ८७ वटा कविताहरू रहेका छन् । यस सङ्ग्रहमा एउटा कविताको लागि न्यूनतम १ पृष्ठ देखि अधिकतम ४ पृष्ठसम्म समाविष्ट गरिएको छ ।

### ५.६.१३ लय विधान

लय विधान कविताको अभिन्न अङ्ग हो । लय विधानका दृष्टिले सङ्ग्रहमा सङ्कलित कविताहरूमा पद्य र गद्य दुवै लयको प्रयोग गरिएको देखिन्छ । उनका कतिपय कविताहरू शास्त्रीय छन्द, केही कविताहरू अन्त्यानुप्रासयुक्त पद्य र केही कविताहरूमा गद्य कवितात्मक मुक्त लयको प्रयोग पाउनुले यस कविता सङ्ग्रहमा लयगत विविधता रहेको पाइन्छ ।

### ५.६.१४ भाषाशैली

भाषाशैली पनि कविताको अर्को महत्वपूर्ण तत्त्व हो । यसैका आधारमा कविताहरूमा पाइने सहज अभिव्यक्ति र शैली व्यक्ति अनुसार फरक हुन्छन् । त्यसै अनुसार यस सङ्ग्रहमा प्रयोग भएका भाषाहरू विभिन्न प्रकारका छन् । उनका कविताहरूमा संस्कृत तत्सम शब्दको प्रयोग गरेर कविताको भाषा सौष्ठव थप्दा उनको भाषाले अभिजात्य वर्गको प्रतिनिधित्व गरेको पाइन्छ । कवितामा नव, शिशु, मत्स्य, नृत्य जस्ता तत्सम र तद्भव शब्दहरू, ह्वाइट हाउस, वासिङ्गटन डि.सी., टेवल पोस जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । यसरी यस कविता सङ्ग्रहमा तत्सम, तद्भव, आगन्तुक शब्दहरूको प्रयोगका साथै गद्य र पद्य शैलीमा कविताहरू रचिएका छन् ।

गङ्गा लिगलले नेपाली र विदेशी समाजमा देखे भोगेका अनुभव गरेका विषयहरूलाई समेट्दै सरल, सहज र सुवोध्य भाषाशैलीमा आफ्नो अनुभूति व्यक्त गरेकी छन् ।

### ५.६.१५ केन्द्रीय कथ्य तथा भाव विधान

प्रस्तुत कविता सङ्ग्रहमा प्रवासी भएर देशप्रतिको अगाध प्रेम र विदेशमा भएको सामाजिक परिवेशलाई शब्द चित्रद्वारा देखाइएको छ भने मानवीय स्वभाव तथा आफ्ना जीवन भोगाइका तीता मीठा अनुभूतिबाट प्राप्त ज्ञानलाई उपदेशात्मक भावको अभिव्यक्तिबाट मानवजीवन सार्थक गराउन

[२] होमनाथ सुवेदी : संगीतको आभासको आकाश (ले. गङ्गा लिगल अ.ने.सा.स २००७) ।

अनुरोध गरिएको छ । त्यसैगरी प्रवासी भएर पनि राष्ट्रप्रेम र पुरातन संस्कृतिको स्वागत गर्नुपर्छ भन्ने भाव जगाउनु नै यस कविता सङ्ग्रहको केन्द्रीय भाव रहेको छ ।

### ५.६.१६ अलङ्कार

कवितामा सरसता र रोचकता प्रदान गर्नको लागि अलङ्कारको प्रयोग गरिन्छ । त्यसैले कवयित्री लिगलले पनि आफ्ना कविताहरूलाई रोचकता बनाउनका लागि विभिन्न अलङ्कारहरूको प्रयोग गरेकी छन् । उनका कविताहरूमा कतै अनुप्रास, उपमा, विम्व आदि अलङ्कारको प्रयोग गरिएको पाइन्छ । जस्तै

अनुप्रास

हरियालीमा नवपल्लव
यस्ले बनाउँछ प्रकृति उज्वल
पुष्प पुष्पमा पत्रदल चञ्चल
सुन्दर नेपालको आकृति अटल ।

(सुन्दर शान्त विशाल पृ.१२)

निष्कर्षमा **संगीतको आभास** कविता सङ्ग्रह प्रकृति प्रेम, राष्ट्रियता र डायास्पोरिक भावनाको अभिव्यक्ति रहेका कविताहरू कवयित्रीका मौलिक रचनाहरू हुन् । यस कृतिले नेपाली काव्यको इतिहासमा महत्त्वपूर्ण योगदान दिएको छ ।

## ५.७ 'ममताको खास्टो' खण्डकाव्यको अध्ययन

### ५.७.१ रचना र प्रकाशन

**ममताको खास्टो** कवयित्री गङ्गा लिगलको सबैभन्दा पहिलो खण्डकाव्य हो । २०६६ सालमा प्रकाशक अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गटन डि.सी. संयुक्त राज्य अमेरिकाबाट स्वयम् लेखककै प्रकाशनमा प्रकाशित काव्य आकारका दृष्टिले मझौला खालको कृति हो । यो खण्डकाव्य कवयित्रीको मौलिक रचना हो । यस काव्यमा जन्मभूमि र जन्मदिने आमाको ममताप्रतिको अगाध प्रेमलाई खण्डकाव्यको महत्त्वपूर्ण पक्षको रूपमा प्रस्तुत भएको छ ।

### ५.७.२ शीर्षक विधान

गङ्गा लिगलद्वारा लिखित **ममताको खास्टो** खण्डकाव्यको नामाकरण काव्यको नायक जननी र जन्मभूमिप्रतिको ममताको अभिव्यक्तिबाट गरिएको छ । ममता र खास्टो दुई शब्दको संयोजनबाट बनेको उक्त शीर्षक संरचनाको दृष्टिले संक्षिप्त विषयवस्तु यस खण्डकाव्यको पहिलो पद्य ४१ र दोस्रो भागको पद्य २, ९६, १२३, १४७ र १५२ मा 'ममताको खास्टो' जस्ताको तस्तै दोहोरिएको छ ।

यसले ममतामाथि खास्टो हैन रजाइँको नै अर्थ बहन गरेको छ । कहीँ यो जाडो झेल्ने खास्टो बनेको छ भने कहीँ यो नदीको प्रवाह बनेको छ त कहीँ यो सन्तानको रक्षक त कहीँ यो धनी गरिब र ठूलो सानाको विभेद हटाउने समताको प्रतीक बनेको छ । यो ममताको खास्टोले जाडोमा पारिलो घाम दिन्छ । यसकै छायाँ नै जीवनेच्छाको बीज हो । यसै ममताको खास्टोको सेरोफेरोमा कविताहरू कल्पित छन् । त्यसैले यो खण्डकाव्यको शीर्षक 'ममताको खास्टो' सार्थक छ ।

### ५.७.३ संरचना

संरचनाको दृष्टिले हेर्दा **ममताको खास्टो** नामक खण्डकाव्य डायास्पोराबाट लेखिएको प्रस्तुत कृति करीब ८२ पृष्ठको ३०३ चतुष्पदीमा जम्मा दुई खण्डमा विभाजित गरिएको छ । ३०३ चतुष्पदीमध्ये पहिलो खण्डमा रहेका ११९ चतुष्पदीहरूले जन्मभूमिप्रतिको चेतना र भावनालाई समेटेर काव्य प्रस्तुत गरेकी छन् भने दोस्रो खण्डमा रहेका १८४ चतुष्पदीहरूले माताप्रति, आमाको ममताप्रति र मातृस्वरूप मातृभूमिप्रतिको ममता दर्शाइ वर्णन गरिएका उद्गारहरू प्रस्तुत गरिएको छ । प्रस्तुत काव्यको सम्पूर्ण चतुष्पदीले दूरताको न्यास्रोलाई मेटेर सानिध्य र स्नेहरसको आवरणमा, असमानताको सान्त्वनामा जीवनरस सञ्चारित गर्न खोजेको देखिन्छ । आमा जीवनको महत्त्वपूर्ण वस्तु हो भन्ने भावनाका साथै डायास्पोरामा बसेर पनि राष्ट्रप्रेमका भावना दर्शाइ लेखिएको काव्यको संरचना श्रृङ्खलाबद्ध रूपमा रहेको छ ।

### ५.७.४ कथानक वा कथावस्तु

**ममताको खास्टो** खण्डकाव्यको कथावस्तु काल्पनिक रहेको छ । यस खण्डकाव्यमा डायास्पोरामा रहेर पनि आफ्नो जन्मभूमि नेपाललाई पुरानो तपोभूमिको रूपमा रहेको भाव गर्वसाथ प्रस्तुत गरेकी छन् । अर्कोतर्फ जन्मदिने आमाको ममतालाई भूल्न नसकी आमाकै सम्झनामा मायाको महिमागान कवयित्रीले कथावस्तुको रूपमा प्रस्तुत गरेकी छन् । खण्डकाव्यको कथानकमा काव्यात्मकता र प्रभावात्मकता हुनु आवश्यक मानिन्छ । त्यस्तै गरी कथावस्तुमा आवश्यक गेयात्मकता पनि हुनु जरुरी छ । प्रस्तुत खण्डकाव्यमा यी तीनै गुण रहेको देखिन्छ । यो खण्डकाव्य दुई खण्डमा विभाजीत रहेको छ । यो खण्डकाव्यभित्र उत्प्रेरक तत्त्व, नामाकरण, डायास्पोराको स्वर, स्वच्छन्दतावादी प्रकृति, पुरातन संस्कृतिप्रति आस्था, प्रकृति वर्णन, कल्पनाको उडान, गेयात्मक र आलङ्कारिक भाषाका साथै आदर्श जीवन दृष्टि र आमाको बारेमा अति नै चिन्ताले यो काव्य रचित भएको देखिन्छ ।

प्रस्तुत खण्डकाव्यमा आमा र जन्मभूमिबाट टाढा भएर रहँदा मूल थलो र जननीप्रति आकर्षित भएको घटनालाई व्यक्त गरिएको छ । यसरी आफ्ना मनका भावनाहरूलाई डायास्पोराबाट राष्ट्रप्रेमी भई परदेशी नेपालीले गर्ने नेपालको बखान उनले यस काव्यमा प्रस्तुत गरेकी छन् । जन्मभूमिप्रतिको अगाध श्रद्धा र राष्ट्रियताप्रतिको सङ्कल्पको चेतनाका कुरालाई काव्यमा यसरी व्यक्त गरिएको छ :

हे मातृभूमि चरितार्थ गर्छौ
यो तिम्रो माटोलाई
स्वर्गभन्दा पनि अत्यन्त सुन्दर
यो दिब्यभूमिलाई

(पहिलो खण्ड ३० ,पृष्ठ ११९)

यस खण्डकाव्यकी नायिका आमा जसलाई कवयित्रीले चराको धुन र सुरमा देखेको कल्पना गर्छिन् । एकातिर आमाको धुन र सुर चरामा पाउँछिन् भने अर्कोतिर जन्मभूमिमा पाएको कल्पना उनी गर्छिन् । काव्यमा बिहानको सूर्यको लालीमा, रातो माटोले पोतेका भित्ता, रातो खास्टोले पोतिएका र परेवाका जोडी रमाएर घुमेको परिवेशमा शान्ति खल्बल्याउने बालक, नेपाल पुरानो तपोभूमिका रूपमा रहेको कुरा पुरातन संस्कृतिको रूपमा प्रस्तुत गरेकी छन् । जन्मभूमिले आमामा आरोप गरी हाम्रो दुःख पीडामा आमा साथ रहेको कुरालाई यहाँ प्रष्ट गरेको छ । धर्म कर्ममा विश्वास र अनुशाशित भएर सुन्दर जीवन महत्तालाई आत्मसात् गरी जीवन जिउनुको आनन्द लिनुपर्छ भन्ने आदर्शवादी जीवन दृष्टिकोण यस काव्यमा रहेको छ ।

यस खण्डकाव्यको दुवै भागमा आमामा नै निहित रहेको देखिन्छ । जन्मभूमि भाग पनि आमाकै प्रतीकको रूपमा रहेको छ भने 'जननी' दोस्रो खण्डले आमाप्रति, आमाको ममताप्रति र मातृस्वरूप मातृभूमिप्रति अगाध प्रेम रहेको कुरा खण्डकाव्यको विषयवस्तुको रुपमा प्रस्तुत भएको पाइन्छ । जननी भागमा आमाको मायाको महिमागान गाएको अभिव्यक्ति यसरी प्रस्तुत गरिएको छ :

आमाको माया अत्यन्त चोखो
अमृत भरिएको
सन्तानको लागि सधैं नै त्याग
समर्पण गरेको

(२-८)

यसरी खण्डकाव्यको पहिलो चतुष्पदीमा जबसम्म आकाशमा चन्द्र सूर्य रहन्छ तबसम्म सन्तानमा आमाको माया रहन्छ । यस्तो बिर्सन नसकिने मायालाई कसैले पनि मेट्न सक्दैन भन्ने भावबाट नै जननी भागको सम्पूर्ण सार अभिव्यक्ति भएको देखिन्छ । यस्तै यस्तै अभिव्यक्तिहरू प्रस्तुत खण्डकाब्य भित्र प्रशस्त रहेका छन् ।

यस काव्यको अन्तिम चतुष्पदीमा यस धर्तीमा मानवमूर्तिको पूरै रिक्तता भएपनि इतिहासमा मानवको अतीत भने जीवित रहन्छ । मानवको इतिहास धर्तीको गर्भमा भएपनि रहिरहन्छ भन्ने अभिव्यक्तिलाई यसरी प्रस्तुत गरिएको छ :

धरतीमा कीर्ति अविच्छिन्न तिम्रो
रहनेछ सदा नै
मानव रहे नरहे पनि यहाँ
रहनेछ इतिहास नै ।

(२-१८४)

मानवको अभावमा पनि उसको इतिहास रहने अभिव्यक्ति निरन्तर काम गरिरहने आजको मानिसले उसको कामको मूल्याङ्कन गरोस् नगरोस् एक दिन यस धर्तीमा कोही आउनेछ, इतिहास रहन्छ । त्यसैले काम गर्न छोड्नु हुँदैन भन्दै कवयित्रीले काव्यको अन्त्य गरेकी छन् ।

यसरी यस खण्डकाव्यको विषयवस्तुमा एकातिर राष्ट्रप्रेमका भावहरू उद्धृत गरिएको छ । देशको प्राकृतिक वैभवहरूलाई सुन्दर बनाउने आशाका स्वरहरू अभिव्यक्त भएका छन् भने अर्कोतिर आमाको ममता जीवनको उत्प्रेरक तत्त्व हो भनी मातृत्वप्रेमका भावहरूले काव्य ओतप्रोत भएको देखिन्छ । अतः अन्त्यमा काव्यको मुख्य सार नै आमाकै प्रतीकको रूपमा रहेको देखिन्छ ।

### ५.७.५ चरित्र चित्रण

**ममताको खास्टो** खण्डकाव्यको मुख्य पात्र आमा हो । आमालाई काव्यकी नायिका, आदर्श नारी जसलाई वरदान भनिन्छ । तिनै आमा आमाकै ममताको प्रबल आधार हो भनी काव्यमा भनिएको छ । यसमा आमालाई जन्मभूमि, पृथ्वी र आमा भनी वर्गीकरण गरी कवितामा प्रस्तुत भएको छ । यसरी प्रस्तुत खण्डकाव्यको पात्र परिवेश अनुरूप स्वभाविकै देखिन्छ । काव्यको विषयवस्तु आमाको ममता, आमा र यस धर्तीबाट टाढा भई पराई देशमा पुगेको डायास्पोराको जीवनको आधार केवल सम्झना र कल्पना मात्रै हो भनी जीवनको यथार्थता र स्वभाविकतामा आधारित रही खण्डकाव्यको पात्रहरू जीवन्त नै देखिन्छ ।

### ५.७.६ प्रकृति चित्रण

प्रस्तुत **ममताको खास्टो** खण्डकाव्य जन्मभूमि र जननीको प्रस्तुतीमा बढी केन्द्रित रहेकोले प्रकृति चित्रण पक्ष आवश्यकता अनुसार प्रस्तुत भएको पाइन्छ । प्रकृति चित्रण खण्डकाव्यको लागि अपरिहार्य तत्त्वको रूपमा नरहेपनि काव्यलाई मिठास र भावपूर्ण बनाउनका लागि आवश्यक रहेको देखिन्छ । यस खण्डकाव्यको पहिलो खण्डमा प्राकृतिक सौन्दर्यको वर्णन कवयित्रीले गरेकी छन् । उनले आफ्नो देशको प्राकृतिक वैभवलाई समातेर सुन्दर बनाउने आशाका स्वरहरू यसरी व्यक्त गरेकी छन् :

सुन्दर शान्त विशाल देश
सिंगारी छाड्छौ
उजाड डाँडा हरियालीले भरी
मनमोहक बनाउँछौ ।

(१-६७ )पृ.१७

यसैगरी जन्मभूमिले आमामा आरोप गरी हाम्रो दुःख पीडामा आमा साथ रहेको साथै प्रकृति वर्णनमा कर्कलाको पातमा शीतका थोपा टलपल टल्केको सुन्दर नेत्र प्रकृति सबै मुग्ध भै हाँसेको भनेर प्रकृतिको वर्णन खण्डकाव्यमा यसरी गरिएको छ :

कर्कला पातमा शीतका थोपा
टलपल टल्केको
सुन्दर नेत्र प्रकृति सबै
मुग्ध भै हाँसेको ।

(१-९१) पृ.२३

यसरी **ममताको खास्टो** खण्डकाव्य प्रकृतिको सुन्दर रूपको वर्णन गरिएको छ । प्रकृतिलाई मनविनोदको साधनको रूपमा चित्रण गरिएको छ । सूक्ष्म रूपमै भए पनि प्रकृतिको मानवीकरण गर्न खोजेकी छन् ।

### ५.७.७ राष्ट्रियता

**ममताको खास्टो** खण्डकाव्यमा राष्ट्रियता र डायास्पोरिक स्वरको राम्रो संयोजन गरिएको छ । विदेश वा देश बाहिर भएकोले उनका भावनाहरू आफ्नो मूल थलोप्रति आकर्षित भएको अमेरिकी वर्णनभित्र प्रवासी स्वर स्वरित भएपनि नेपाल प्रेम र राष्ट्रियताका वकालत गरि नेपालको आर्थिक र राजनीतिक परिवेश अनुकूल नभएकोले डायास्पोरा हुनु परेका घटनाहरू यसरी प्रस्तुत भएको छ :

जङ्गल मासे चोर भै आफै
उजाडे प्रकृति
पशु र पंक्षी भागेर गए
बिगाऱ्यो आकृति

(१-२५) पृष्ठ ७

यसरी देशको परिस्थितिले विदेश पुगेका नेपालीको बाह्य वा आन्तरिक रूपमा उनीहरू मूल थलोको सम्झना र उन्नतिको चाहना रहेको अभिव्यक्तिले जन्मभूमिप्रतिको अगाध श्रद्धा र राष्ट्रियताप्रतिको अगाध प्रेम प्रस्तुत पद्यांशले व्यक्त गरेको छ :

हे मातृभूमि ! माटोको माया
कसलाई लाग्दैन
यही माटोको पीर जीवनभर
बिर्सन सक्दैन ।

(१-१०४) पृष्ठ २७

त्यस्तै अर्को पद्यांशमा यसरी प्रस्तुत गरेकी छन् :

हे मातृ-भूमि चरितार्थ गर्छौ
यो तिम्रो माटोलाई
स्वर्ग भन्दा पनि अत्यन्त सुन्दर
यो दिब्यभूमिलाई

(१-११९) पृष्ठ ३०

### ५.७.८ भाषाशैली

भाषा काव्य अभिव्यक्तिको माध्यम हो । खण्डकाव्यमा प्रयोग हुने भाषा सरल सरस र सहज हुनुपर्दछ । भाषाशैली परिवेश र पात्र सुहाउदो हुनुपर्दछ भन्ने मान्यतालाई कवयित्री गङ्गा लिगलले **ममताको खास्टो** खण्डकाव्यमा पालना गरेको देखिन्छ । कवयित्रीलाई संस्कृत भाषाको गहिरो अध्ययन नभएतापनि आफ्ना रचनाहरूमा संस्कृत तत्सम शब्दहरूको प्रयोग गर्ने गरेको पाइन्छ । प्रस्तुत खण्डकाव्यमा पनि जल, मत्स्य, नृत्य, लता, भ्रातृत्व, मातृत्व दानव, देव, जननी, स्नेह, गगन, जस्ता संस्कृत शब्दहरूको प्रयोग गरिएको छ । यसका अतिरिक्त नेपाली जन जिभ्रोमा अर्थात् बोलचालका साथै ठेट नेपाली शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । सरल, सहज अभिव्यक्ति र सुबोध भाषाको प्रयोगका साथै शास्त्रीय परम्पराको काव्यशैलीभन्दा स्वच्छन्द लेखन शैलीको प्रयोगले कवयित्रीको खण्डकाव्यगत भाषिक कुशलतालाई प्रष्ट्याएको छ ।

### ५.७.९ छन्द र अलङ्कार

**ममताको खास्टो** खण्डकाव्य पद्यशैलीमा लेखिएको छ । यस काव्यको छन्द प्रयोगमा एकादेशीयता अपनाइएको छ । खण्डकाव्यको शुरूदेखि अन्त्यसम्म लोकलयको प्रयोग गरिएको छ । काव्यभित्र छन्दको नियमलाई त्यत्ति वास्ता नगरी काव्य लेखिएको देखिन्छ ।

खण्डकाव्यमा आलङ्कारिकता शैली अवलम्बन गरिएको छ किनकि अलङ्कारले काव्यलाई सौन्दर्य प्रदान गर्दछ । शब्दालङ्कारले शब्दमा चमत्कार ल्याउँछ भने अर्थालङ्कारले अर्थमा चमत्कार ल्याउँछ । **ममताको खास्टो** खण्डकाव्यमा पनि शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग भएको पाइन्छ । शब्दालङ्कार अन्तर्गत अनुप्रास र अर्थालङ्कार अन्तर्गत विम्व विधान उपमा र रूपक आदि

अलङ्कारको प्रयोग भएको पाइन्छ । शब्दालङ्कारको मीठो प्रयोग अनुप्रासको रूपमा कवयित्रीले प्रस्तुत गरेकी छन् । अनुप्रास अलङ्कारको एक नमूना यस प्रकार छ :

गुराँस फूल फुलेर सधै
देश नै रमाइलो
आमाको चोखो प्रीतिले सधै
जीवन घमाइलो । १०१

(खण्ड - २, पृष्ठ ५८)

त्यस्तै शब्दालङ्कारका अतिरिक्त यस काव्यमा उपमा र रूपक जस्ता अर्थालङ्कारको प्रयोग गरिएको छ । जसले गर्दा काव्यको शिल्पपक्ष सुन्दर बनेको छ । काव्यमा प्रयुक्त उपमा अलङ्कारको उदाहरण यसप्रकार छ :

जाडोमा हिउँ खसेको बोटमा
मोतीले सिंगारी
अत्यन्त सुन्दर बेहुली जस्तै
घुँघटमा लुकेकी । ९०

(खण्ड - १, पृष्ठ २३)

त्यस्तैगरी अर्थालङ्कार अन्तर्गत रूपक अलङ्कारको उदाहरण यसप्रकार छ :

जूनको आँखाले हेरिदेऊ आमा
सन्तुष्ट म हुन्छ
मनको ताप हरेर यहाँ
शीतलता म लिन्छु । २७ (खण्ड - २, पृष्ठ ३९)

प्रस्तुत खण्डकाव्यमा कवयित्रीले प्रचलित सूक्तिहरूको पनि प्रयोग गरेकी छन् । खण्डकाव्यमा उखान टुक्का र सूक्तिहरू प्रशस्त प्रयोग गर्नाले भाषालाई सरल, अर्थपूर्ण र रसिलोपन ल्याउँन सहयोग गरेको छ । यसरी काव्यमा उखान टुक्का र सूक्तिको प्रयोगले काव्यको शिल्पपक्ष सुन्दर बनेको छ । यसको उदाहरण यसप्रकार छ :

हरियो वन नेपालको धन
सम्हाली राखौंला
यसैले हामीलाई उन्नति पथ
अवश्य देखाउँला । ८९

(खण्ड - १, पृष्ठ २३)

### ५.७.१० वातावरण वा परिवेश

कवयित्री लिगलको प्रस्तुत **ममताको खास्टो** खण्डकाव्यमा नेपालदेखि अमेरिका सम्मको परिवेशलाई लिइएको छ । नेपालको आर्थिक र राजनितिक परिवेश अनुकूल नभएकाले नेपालीहरू विदेशिन परेको परिवेशको वर्णन प्रस्तुत काव्यमा गरिएको छ । यसका साथै बिहानको सूर्यको लालिमा रातो माटोले पोतेका भित्ता, रातो खास्टोले पोतिएका देखिएको, परेवाका जोडी रमाएर घुमेको परिवेशमा शान्ति खलबल पार्ने बालकको उपस्थितिले प्रस्तुत काव्यमा प्रतीक र व्यङ्गको भविष्यवाणी गरेको देखिन्छ । यसरी देशको परिस्थितिले देशको शान्ति उथलपुथल भएको परिवेश प्रस्तुत काव्यमा व्यक्त गरिएको छ :

आँगनभरि परेवा कुर्छन्
अन्न नै टिप्नलाई
सुन्दर बालक दौडन थाल्छन्
परेवा छोप्नलाई । ५१

(खण्ड १, पृष्ठ १३)

यसरी देशको आर्थिक राजनैतिक परिवेशका कारण जन्मभूमि र जन्मदिने आमाको अगाध प्रेमबाट टाढिनु परेको परिवेशलाई काव्यमा व्यङ्ग्यात्मक रूपमा रोचक तरीकाले प्रस्तुत गरिएको छ ।

### ५.७.११ उद्देश्य

गङ्गा लिगलद्वारा लिखित **ममताको खास्टो** खण्डकाव्यमा जन्मभूमि र जननीप्रतिको अगाध प्रेमभावलाई दर्शाउन खोजेकी छन् । देशको आर्थिक र राजनैतिक कारणले विदेशिन परेका कारण जन्मभूमि र जन्मदिने आमाको प्रेमबाट टाढा हुनुपरेको घटनालाई काव्यमा व्यक्त गर्न खोजिएको छ । देशको राजनैतिक परिवेशका कारण देशमा द्वन्द्व भई अशान्तिका कारण देशको स्थिति कमजोर भएको भन्ने भाव पनि काव्यमा प्रस्तुत गर्न खोजिएको छ ।

यसरी यस खण्डकाव्यमा जननी जन्मभूमिश्च स्वर्गादपि गरियसीको भाव, राष्ट्रियता, राष्ट्रप्रेम, मातृत्वप्रेम, आमाबाट विछोड हुनुपरेको स्थितिलाई देखाउन खोजिएको छ । देशको प्राकृतिक सौन्दर्यको संरक्षण गर्नुपर्छ । देशलाई द्वन्द्व हुनुबाट बचाउनुपर्छ भनी अमेरिकी वर्णनभित्रबाट प्रवासी स्वर स्वरित गर्दै नेपाल प्रेम र राष्ट्रियताको वकालत स्वच्छन्द रूपमा गरिएको छ । अन्त्यमा यस खण्डकाव्यमा आफ्नो जन्मस्थल र जन्मदिने आमाप्रति सधैं माया गर्नुपर्छ भन्ने उद्देश्य रहेको छ ।

### ५.७.१२ जीवनदृष्टि (वैचारिकता)

**ममताको खास्टो** खण्डकाव्यमा कवयित्रीको जीवनदृष्टि पक्ष सबल रहेको छ । साहित्य आत्माको प्रष्फुटन हो । विचारको अभिव्यक्ति हो । कवयित्रीको जीवनदृष्टि वा वैचारिकताको झलक काव्यमा झल्किएको देखिन्छ । परोपकार नै धर्म हो । धर्म कर्ममा विश्वास र अनुशासित भएर विकास गरे मात्र प्रगति हुन्छ । आदर्श जीवनको चरित्र निर्माण नै सच्चरित्रता हो । त्यसैले अनुशासन भित्र रहेर धर्मकर्ममा विश्वास गरी अगाडि बढ्नाले जीवनको लक्ष्यमा पुगिन्छ भन्ने अभिव्यक्ति खण्डकाव्यको दोस्रो खण्डको १६३ हरफमा प्रस्तुत छ :

धर्ममा विश्वास कर्ममा विश्वास
जीवनको लक्ष्य हो
अनुशासन भित्र रहेर बढ्नु
प्रगति चिन्ह हो । १६३

(खण्ड २, पृष्ठ ७३)

त्यसैले जीवनमा धर्म कर्म गर्नुपर्छ । धर्म कर्म र अनुशासनले नै जीवनलाई सार गर्भित बनाउँछ ।[३] तसर्थ परोपकार, धर्म, कर्म, अनुशासन र सच्चरित्रले आदर्श जीवन जिउनाले जीवन अर्थपूर्ण भई आदर्श जीवन जिउनुको आनन्द लिनुपर्छ भनी प्रस्तुत खण्डकाव्यमा आदर्शवादी जीवनदृष्टि प्रस्तुत गरिएको छ ।

### ५.७.१३ निष्कर्ष

**ममताको खास्टो** कवयित्री गङ्गा लिगलको प्रकाशनका दृष्टिले प्रथम खण्डकाव्य हो । कवयित्री डायास्पोरामा रहेर पनि जननी र जन्मभूमिप्रतिको अगाध प्रेमलाई विषयवस्तु बनाइ लेखिएको प्रस्तुत खण्डकाव्य कवयित्रीको आमाप्रतिको ममता, देशप्रेम र आदर्शवादी जीवन दृष्टिकोण प्रस्तुत भएको छ । यस खण्डकाव्यलाई दुई खण्डमा विभाजित गरि पहिलो खण्डमा ११९ हरफको जन्मभूमि शीर्षक र दोस्रो खण्डमा १८४ हरफको जननी शीर्षक दिइएको छ । यस काव्यमा जन्मभूमिको वर्णन, प्रकृति वर्णन, पुरातन संस्कृतिको वर्णन अमेरिकी वर्णनभित्र प्रवासी स्वर, नेपाली प्रेम, धर्म कर्म, अनुशासन र परोपकारले ईश्वर प्राप्ती, सार्थक जीवन, आमाको मायाको महिमा गान जस्ता विषयलाई काव्यको महत्त्वपूर्ण पक्षको रूपमा समेटिएको छ । यस काव्यमा घटनाक्रम, श्रृङ्खलाबद्ध, रहेको छ । चरित्र चयन शसक्तता र जीवनन्त खालको छ । यसको भाषाशैली सरल, सहज र सरस प्रवृति छ । काव्यको आवश्यकता अनुसार वातावरण/परिवेश को उपयोग डायास्पोरामा रही मातृभूमिलाई हेर्ने दृष्टिकोण, आदर्शवादी जीवनदृष्टि यस खण्डकाव्यमा उल्लेख गरिएका विशेषताहरू हुन् ।

[३] होमनाथ सुवेदी : 'ममताको खास्टो' को मर्म ( ले. गङ्गा लिगल) अ.ने.सा.स २०६६ ।

वर्णनात्मक शैलीमा रचना गरिएको खण्डकाव्यमा लोकलयको प्रयोग गरिएको छ । अनुप्रास, उपमा, विम्ब रूपक, प्रचलित उखान टुक्का र सूक्तिको प्रयोग छन् र गेयात्मक भाषाको प्रशस्त उपयोग गरी स्वच्छन्दतावादी शैलीमा खण्डकाव्य प्रस्तुत भएको छ ।

## ५.८ 'गङ्गाका लहर' लेख रचनाहरूका सङ्गालोको अध्ययन र विश्लेषण

### ५.८.१ पृष्ठभूमि

**गङ्गाका लहर** लेख रचनाहरूको सङ्गालो २०५९ सालमा अन्तराष्ट्रिय नारी दिवसको अवसर पारेर प्रेरणा प्रकाशन सिद्धार्थनगरबाट प्रकाशित गङ्गा लिगलको पहिलो कृति हो । यस कृतिमा कविता, मुक्तक, ठट्याउला, लेख, कथा, निबन्धहरू समावेश गरिएका छन् । अन्तराष्ट्रिय नारी दिवसको अवसरमा प्रकाशित यस कृतिमा नारीका दुःख सुख, वेदना आदिलाई विषयवस्तुको रूपमा लिइएको छ ।

### ५.८.२ सन्दर्भ- नारी दिवस

प्रस्तुत लेख गङ्गाका लहरमा छापिएको छ । यो गङ्गा लिगलको पहिलो लेख हो । यस लेखमा नारीहरू भनेका ईश्वरका शक्ति हुन् । उनीहरूलाई धन, ज्ञान र शक्तिको प्रतीकका रूपमा मानिएको छ । नारीहरू भनेका त एक रथका दुई पाङ्ग्रा हुन् । त्यसमा एउटा पाङ्ग्रा टुट्यो भने रथ हिड्न सक्तैन । त्यस्तै नारीलाई दमन गरी अशिक्षित राख्यो भने उनीहरू अगाडि बढ्न सक्तैनन् र घर व्यवहारका कार्यदेखि देश विदेशका कार्यमा नारी अघि बढ्न सक्तैनन् । यसरी नारीहरूलाई पनि अगाडि बढाउनुपर्छ र मात्र गाउँ, समाज र राष्ट्रको उन्नति हुनसक्छ भन्ने भाव यस लेखमा प्रस्तुत गरिएको छ ।

### ५.८.३ गोरखा दरबारको ऐतिहासिक पृष्ठभूमि

'गोरखा दरबारको ऐतिहासिक पृष्ठभूमि' नामक लेखमा गोरखा एक सानो क्षेत्र भएर पनि ठूलो गौरवगाथा बोकेको छ । नेपाल अधिराज्यको वर्तमान सांस्कृतिक, राजनैतिक र आर्थिक स्वरूपको निर्माणमा मात्र नभई मध्यकालीन र लिच्छवीकालमा पनि यसको महत्त्व थियो । सिद्ध गोरखा नारायणको प्रेरणा, प्रभाव र गोर्खालीको शक्तिले चर्चित हुन पुगेको गोरखा दरबार गोर्खाली राजाहरूको जन्म, कर्म र धर्म साथै विजयी क्षेत्रले विश्वमा नै महत्त्वपूर्ण स्थान ओगटेको विषयलाई प्रस्तुत लेखमा विश्लेषण गरिएको छ ।

### ५.८.४ तत्त्वज्ञानबाट मोक्ष प्राप्ति

यस लेखमा ज्ञान भनेको बुद्धि हो । त्यही ज्ञान या बुद्धिको प्रमाण आदि षोडष पदार्थहरूको यथार्थ ज्ञान नै तत्त्वज्ञान हो । यसैबाट मोक्षप्राप्तिमा छुटकारा पाउनका लागि मानवले सत्य र असत्य वस्तु छुट्याउन सक्नुपर्छ भन्ने विषयलाई यस लेखमा प्रस्तुत गरिएको छ ।

### ५.८.५ सार्थक जीवन

'सार्थक जीवन' नामक लेखमा मानिसहरूमा काम, क्रोध, लोभ, मोह, ईर्ष्या र कामनाहरू हुन्छन् । यी काम, क्रोध, लोभ, मोह, ईर्ष्या र कामना रूपी दरिद्रतालाई नाश पार्न ज्ञानरूपी हतियार आवश्यक हुन्छ । यी ज्ञानरूपी हतियारलाई लिन सकियो भने मानिसको जीवन सार्थक हुन्छ भनिएको छ ।

### ५.८.६ भानुभक्त एक परिचय

भानुभक्त एक परिचय नामक रचनामा भानुभक्तद्वारा रचित कृतिहरूका साथै उनको जन्मस्थानका बारेमा चर्चा गरिएको छ । उनका कृतिहरूका साथै जीवन चरित्र लेखेर मोतिराम भट्टले छपाएपछि भानुभक्तको खोजी भएको विवरणलाई यसमा उल्लेख गरिएको छ।

### ५.८.७ शिक्षा

'शिक्षा' नामक निबन्धमा शिक्षा विना मानिसको जीवन सवल हुन सक्दैन । शिक्षा भएन भने गरिबी, अज्ञानता र रोगको जन्म हुन्छ । शिक्षाको कमीमा मानिसमा मेलमिलाप हुन सक्तैन । त्यसैले शिक्षा अति आवश्यक हुन्छ । त्यो शिक्षा पाठशालामा मात्र सीमित नरही आफ्नै घर समाजबाट पनि प्राप्त गर्न सकिन्छ भन्ने भावार्थ प्रस्तुत रचनामा व्यक्त गरिएको छ ।

### ५.८.८ नारी शिक्षा एक झलक

'नारी शिक्षा एक झलक' लेखमा नारीहरूलाई आर्यहरूको पालादेखि नै शिक्षा दिने र नारीको स्थान अद्वितीय रूपमा राखेको प्रमाण ऋग्वेदमा प्रस्तुत छ । प्राचीनकालमा आएर पनि नारीलाई उच्च शिक्षा हासिल गरी विदुषी नारीको रूप रहेको पाइन्थ्यो तर मध्यकालमा आएपछि नारी माथि शोषण हुन थाल्यो । नारीलाई शिक्षा दिन त परै जाओस् घर धन्दा र बालविवाह, सतीप्रथा जस्ता कुसंस्कार बढेर नारीको जीवन दुःखमय हुनपुग्यो । त्यसपछि २००७ सालपछि नारीलाई पनि शिक्षा चाहिन्छ । नारी शिक्षा विना देशको उन्नति हुदैन । नर-नारी एक अर्काका पूरक हुन् । तसर्थ देश विकासका लागि नारी शिक्षा अति आवश्यक छ भन्ने भावार्थ यसमा प्रकट भएको छ ।

### ५.८.९ धार्मिक क्षेत्रमा पर्यटनको महत्त्व

यस लेखमा नेपाल एक मन्दिरै मन्दिरको राष्ट्र हो । यहाँका मन्दिरमा पेगोडा, शिखर, गुम्बज शैलीहरूको प्रयोग गरिएको छ । यसले गर्दा मन्दिरै मन्दिरले रमणीय यस देशलाई धार्मिक क्षेत्रका साथै पर्यटन क्षेत्रको रूपमा पनि लिइन्छ । यसरी समयसमयमा ठूलो पर्वको रूपमा पूजा आजा गर्ने

जस्ता कार्यले विदेशी पर्यटकहरू दर्शनका साथै अवलोकन गर्ने खोजी गरी नयाँ कुरा, वस्तुहरू पत्ता लगाउन आउनाले देशको अर्थतन्त्रमा बृद्धि हुन्छ भन्ने भाव यस लेखमा प्रस्तुत भएको छ ।

### ५.८.१० भिटामिन एक महत्त्वपूर्ण तत्त्व

'भिटामिन एक महत्त्वपूर्ण तत्त्व' नामक लेख रचनामा भिटामिनको बारेमा वर्णन गरिएको छ । यसमा भिटामिनहरू चार प्रकारका हुन्छन् । यी भिटामिनहरू मानव शरीरको लागि अति महत्त्वपूर्ण हुन्छ । भिटामिनको कमी भयो भने शरीरमा विभिन्न रोगहरू लाग्दछ भन्ने कुरा व्यक्त गरिएको छ ।

### ५.८.११ विदुषी नारी

'विदुषी नारी' नामक लेख रचनामा महर्षि याज्ञवलक्यका दुई पत्नीहरूमा कान्छी पत्नीलाई धनसम्पत्ति र सन्तानको मोह छ भने जेठी पत्नीलाई धनसम्पत्तिको मोह नभएर ब्रह्मा विद्याको मोह छ । मानिस विद्वान् हुनका लागि मन शंका, तर्क, वितर्क, रोग र चिन्तालाई हटाई यसबाट मुक्ति पाउन आत्मालाई तटस्थ राख्नुपर्छ । खास तत्त्वज्ञानलाई आत्मा र सृष्टिको पदार्थलाई अलग मान्नु नै भय र अज्ञानताको कारण हो । त्यसैले आत्मानभेव विजामहि-आत्मालाई चिन्नु नै विदुषीको मूल कारण हो भन्ने भावार्थ प्रस्तुत गरिएको छ ।

### ५.८.१२ नारी विडम्बना कथा

'नारी विडम्बना' नामक कथामा पुरुषले परस्त्रीसँग गरेको अनैतिक सम्बन्ध देखेर चिन्तित भएकी नारी त्यही चिन्ताले पीडित भई अन्त्यमा मृत्यु भएको विषयवस्तुलाई कथामा प्रस्तुत गरिएको छ ।

### ५.८.१३ परिवर्तन कथा

'परिवर्तन कथा' मा एक पुरुषले गरेको अत्याचारलाई नारीले सहँदै बसेको र पछि आफैले दु:ख पाई त्यही नारीसँग आश्रित हुन आउँदा उनले पुराना अत्याचारहरूलाई भुलेर नयाँ जीवनको सुरुवात गर्ने विचार व्यक्त गरिएको छ । यस कथामा कथाको पात्र रामेले अत्याचारी आफ्ना गल्तीहरूलाई सुधारी आफू परिवर्तित भई पत्नी सुशिलासँग माफ मागी स्वीकार गरेको कथावस्तु यहाँ प्रस्तुत भएको छ ।

### ५.८.१४ विपन्नताको आभास

'विपन्नताको आभास' नामक कथामा गरीबीको झुपडीमा कहिल्यै पनि खुशीयाली आउँदैन । उनीहरूलाई दु:खले कहिल्यै छोड्दैन । गरीब दु:खीहरू सधैं अर्काको काम धन्दा गरी घरव्यवहार चलाउने गर्दछन् भन्ने भावार्थ यस कथामा कालुको घरमा उसलाई र उसकी आमालाई परेको दु:खबाट प्रस्तुत कथा मार्मिक हुन पुगेको छ ।

### ५.८.१५ ऐना

'ऐना' कथामा आकाशबाट परिरहेको मुसलधारे पानी झ्यालबाट हेर्दै आफ्ना जीवनका विभिन्न सोचाइहरूमा मग्न हुन पुगेकी एक नारीले आफ्नो जीवनमा भएका विभिन्न परिवर्तनहरूलाई पारदर्शी देखाउने जीवनरूपी ऐनाको ठूलो महत्त्व छ भन्ने विषयवस्तु प्रस्तुत कथामा रहेको छ ।

### ५.८.१६ गुरु कविता

'गुरु' कवितामा कवयित्री गङ्गा लिगलले गुरु अत्यन्त महत्त्वपूर्ण चीज हो जुन विना हामीले शिक्षा आर्जन गर्न सक्दैनौ । गुरु विनाको शिक्षा अधुरो हुने हुँदा असल गुरुको खोजी गरी सुकार्यमा लाग्ने प्रेरणा लिनु पर्ने भाव प्रकट गरिएको छ ।

### ५.८.१७ ब्यागको आत्म कथा

'ब्यागको आत्म कथा' नामक कवितामा कवयित्री गङ्गा लिगलले महिलाले लिने ब्यागको आत्म कथालाई कविताको रूप दिएकी छन् । व्यागको जुनसुकै देशमा निर्माण भए पनि त्यसले नारीको जीवनमा गौरवमय आनन्द दिदै नारीहरूको शोभा बढाउँछ । मानिसले त्यस ब्यागको इज्जत गर्‍यो भने व्यागले पनि नारीहरूको इज्जत गर्दछ भन्ने भावार्थ प्रस्तुत कवितामा रहेको पाइन्छ ।

### ५.८.१८ गङ्गाको लहर

'गङ्गाको लहर' कवितामा कवयित्री गङ्गा लिगलले गङ्गाको लहरले प्रकृतिसँगै जुध्दै यस धर्तीमा रमाई रमाई कतै सेती कतै काली कतै अमरावती जस्ता विभिन्न नामले सुसज्जित हुन्छिन् । अनि यस धर्तीका बाझा बारीहरू उर्वरा पार्दै लहरिदै गङ्गारूपी नदीहरू प्रवाहित भएका छन् भन्दै प्रस्तुत कवितामा कवयित्रीले नदीको वर्णन गरेकी छन् ।

### ५.८.१९ ठटचौली

गङ्गा लिगलले आफ्नो कृति गङ्गाका लहर नामक रचनामा रमाइला ठटचौलीहरू पनि प्रस्तुत गरेकी छन् । ती ठटचौलीहरू कुनै सूचिकारलाई कमिज बनाउने भन्ने छ त कतै कन्जुस बुढीयाको क्रियाकलाप सम्बन्धित कतै श्रीमान् श्रीमती सम्बन्धी विभिन्न ठटचौलीहरू प्रस्तुत कृतिमा समावेश गरी रचना गरिएको छ ।

### ५.८.२० मुक्तक

यस रचनामा लिगलले १० वटा रमाइला रमाइला मुक्तकहरू पनि प्रस्तुत गरेकी छन् । ती मुक्तकहरू रमाइला र मार्मिक छन् । यी मुक्तकहरू कुनै नारीसँग सम्बन्धित छन् त कुनै जीवनसँग सम्बन्धित छन् भने कतै जनावरसँग सम्बन्धित विषयलाई लिएर मुक्तकहरू प्रस्तुत गरिएको छ ।

### ५.९ गङ्गा लिगलको लेख रचनाको सङ्गालो युग ज्योतिको अध्ययन

प्रस्तुत लेख रचनाको सङ्गालो **युगज्योति** नामक धार्मिक पुस्तकको रचना २०६२ सालमा श्री सत्यसाई बाबाको ८० औं शुभजन्मोत्सवको उपलक्ष्यमा प्रकाशित गरिएको हो । यस कृतिमा श्री सत्यसाई अवतार, एक पुकार बाबाप्रति, १०८ साई रत्नहरू शान्ति कसरी प्राप्त हुन्छ, ईश्वराम्भा प्रति, भगवत दर्शन एक अध्ययन, आत्मा शिक्षा, निष्काम कर्म, पवित्र प्रेम, भगवत स्मरण, नारीको आदर्श स्वरूप, कीर्तनको महिमा, भगवान् बाबाका मार्ग दर्शनहरू, सत्य ज्ञानम् अनन्त ब्रह्म र सेवा नै मानवको दायित्व हो नामका रचनाहरूमा धार्मिक विषयका बारेमा चर्चा गरिएको छ । यी रचनाहरूमा सत्यसाई बाबाको जन्मदेखि लिएर उनका विभिन्न चरणहरूको वर्णन गर्दै भगवान नै सर्बे सर्बा हुन् । विना भगवान केही हुँदैन भन्ने जस्ता भावहरू बोकेको लेखहरू सङ्ग्रहमा सङ्कलित छन् । यी रचनाहरूमा “जहाँ प्रेम छ त्यहाँ विश्वास छ, जहाँ शान्ति छ त्यहाँ सत्य छ, जहाँ सत्य छ त्यहाँ ईश्वर छन् । जहाँ ईश्वर छन् त्यहाँ आनन्दै आनन्द छ” भन्ने जस्ता भावहरू व्यक्त भएका छन्

# परिच्छेद छ

# शोधनिष्कर्ष

## ६.१ सारसङ्क्षेप

यस परिच्छेदमा "साहित्यकार गङ्गा लिगलको जीवनी व्यक्तित्व र कृतित्व" नामक शोधपत्रलाई जम्मा छ परिच्छेदहरूमा विभाजन गरिएको छ । यिनै परिच्छेदहरूको सन्दर्भमा पहिलेका परिच्छेदहरूमा गरिएको अध्ययन विश्लेषण परिच्छेदगत सारांश र समग्र निष्कर्ष दिई मूल्याङ्कन समेत गरिएको छ ।

परिच्छेद एकमा साहित्यकार गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नामक शीर्षक शोधपत्रको शोध परिचय दिइएको छ । यसभित्र शोधका समस्या, उद्देश्य, शोधविधि, शोध सीमा, महत्त्व, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन, शोधको रूपरेखाका साथै पूर्वकार्यको समीक्षा आदि विविध उपशीर्षकहरू समावेश गरिएको छ । शोध परिचयको प्रस्तुतीका सन्दर्भमा पूर्वकार्यको समीक्षा गर्दै विभिन्न पुस्तक तथा पत्रिकाका माध्यमबाट गरिएको गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी टीका टिप्पणीलाई बिस्तृत अध्ययन र अनुसन्धानका लागि पर्याप्त नभएकोले यस शोधपत्रले गङ्गा लिगल र उनका कृतिहरूको अध्ययन, अनुसन्धान र योगदानको निरूपण गरेको कुरा समेत उल्लेख गरिएको छ ।

परिच्छेद दुईमा गङ्गा लिगलको जीवनी परिचय अन्तर्गत जन्म, जन्मस्थान, संस्कार, बाल्यकाल, शिक्षा, दाम्पत्य जीवन र छोराछोरी, पारिवारिक, आर्थिक अवस्था, बसाइ सराई, जागिरे जीवन, लेखन प्रेरणा र प्रभाव, प्रारम्भ र लेखनकार्य, पुरस्कार, भ्रमण जस्ता शीर्षकहरू राखिएको छ ।

परिच्छेद तीनमा साहित्यकार गङ्गा लिगलको व्यक्तित्व परिचय अन्तर्गत उनका निजी व्यक्तित्वका साथै सामाजिक, साहित्यिक कवि, खण्डकाव्यकार, निबन्धकार, कथाकार, शिक्षक आदि व्यक्तित्वको उल्लेख गरिएको छ ।

परिच्छेद चारमा साहित्यकार गङ्गा लिगलको नेपाली साहित्यमा आगमन, साहित्यिक यात्रा, चरण विभाजन र प्रकाशित कृतिहरू आदि उल्लेख गरिएको छ ।

पाँचौं परिच्छेदमा गङ्गा लिगलका समग्र कृतित्वको अध्ययन गर्ने प्रयास गरिएको छ ।

छैठौं परिच्छेदमा साहित्यकार गङ्गा लिगलका सम्पूर्ण पक्षको अध्ययनको सारलाई निचोडको रूपमा प्रस्तुत गरिएको छ ।

## ६.२ शोधनिष्कर्ष

गङ्गा लिगल पिता गणेशप्रसाद लिगल र माता केशलक्ष्मी लिगलको तेस्रो सन्तानको रूपमा २००२ साल वैशाख ८ गते द्वितीया तिथि बुधवारका दिन पाल्पाको सदरमुकाम तानसेनमा नेवार परिवारमा जन्मिएकी हुन् । आर्थिक दृष्टिले मध्यमवर्गीय परिवारमा जन्मिएकी लिगलको बाल्यकाल तानसेनकै सुन्दर नगरीमा सुखमयपूर्वक नै बितेको पाइन्छ । सरल स्वभाव, कोमल हृदय र हरेक आपत विपतलाई सहजै खप्न सक्ने, नित्य पूजापाठ धर्मकर्म गर्न रुचाउने लिगल आध्यात्मवादी चिन्तन रहेको देखिन्छ । चार वर्षको उमेरमा अक्षराम्भ गरेकी लिगलले मोहनकन्या विद्यालयबाट आठ कक्षासम्मको अध्ययन गरी त्यसपछिको नौ र दश भने पद्मोदय पाल्पा पब्लिकबाट गरी २०१५ सालमा १३ वर्षको उमेरमा एस.एल.सी उत्तीर्ण गरेकी हुन् । त्यसपछि त्रिभुवन बहुमुखी क्याम्पस तानसेनबाट २०१९ मा आइ.ए.सम्मको अध्ययन पूरा गरी कृषि तालिम समेत लिएकी छन् । त्यसपछि लिगलले आफ्नो सोअध्ययनलाई केही वर्ष स्थगित गरिन् । पुनः आफ्नो सो अध्ययनलाई अगाडि बढाउन इच्छा लागि २०४२ सालमा भैरहवा बहुमुखी क्याम्पस भैरहवाबाट स्नातक तह र त्रि.वि.बाट २०४८ सालमा संस्कृति विषयमा स्नातकोत्तर तह उत्तीर्ण गर्न सफल भईन् ।

आइ.ए.सम्मको अध्ययन पूरा गरी  २०२० सालमा जनकप्रसाद लिगलसँग वैवाहिक जीवनमा बाधिन पुगेकी लिगलले २०२२ सालमा भैरहवाको इन्द्रराज्यलक्ष्मी मिडिल कन्या विद्यालयमा जागिरे भई ३० वर्षसम्म सोही विद्यालयमा सेवारत रहिन् । त्यसपछि सोही विद्यालयबाट अवकाश पाउँदा नपाउँदै भैरहवा बहुमुखी क्याम्पसमा प्राध्यापन पेशामा संलग्न रहिन् । त्यहाँ कार्यरत रहँदा रहँदै २०६२ सालमा आफ्नो छोराबुहारीसँग अमेरिका गई हाल त्यही नै बसोबास गर्दै आएकी छन् ।

अनौपचारिक रूपमा विद्यार्थी जीवनबाटै कविता लेखनको पूर्वाभ्यास गरेतापनि नेपाली साहित्यका फाँटमा भने औपचारिक रूपमा २०५३ सालमा भैरहवा बहुमुखी क्याम्पसबाट प्रकाशित पत्रिका **बौद्धिक उद्यान** मा 'आमाको सपना' नामक कविताबाट नेपाली साहित्यमा औपचारिक रूपमा प्रवेश गरेकी लिगलको पहिलो प्रकाशित पुस्तककार रचना **बिहानी** (२०५९) कविता सङ्ग्रह हो । त्यसपछि लगतै लेख रचनाको सँगालो **गङ्गाको लहर** (२०५९) प्रकाशित गरेकी लिगलले धार्मिक लेख रचनाको सँगालो **युगज्योति**(२०६२), **आमा** कविता सङ्ग्रह (२०६४), **गङ्गाका तरङ्गहरू**(२०६४), **संगीतको आभास**(इ.सं.२००७) कविता सङ्ग्रह र **ममताको खास्टो**(२०६६) खण्डकाव्य गरी सातवटा कृतिहरू प्रकाशनमा आएका छन् । संस्कृति विषय भएर पनि नेपाली साहित्य क्षेत्रलाई माया गरी विभिन्न रचनाहरू प्रकाशित गर्ने लिगलले विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना रचनाहरू प्रकाशित गरेकी लिगल एक क्रियाशील नारी हस्ताक्षरको रूपमा देखा परेकी छन् । कर्मयोगी बनेर आफू, आफ्नो आत्मा र राष्ट्रको विकासमा सहयोग पुऱ्याउन सकिन्छ भन्ने धारणा व्यक्त गर्ने लिगल विषय फरक भएर पनि नेपाली साहित्यको सेवामा जुटेकी एक उत्साही नारी हस्ताक्षर हुन् । उनी साहित्यका अतिरिक्त विभिन्न संघसंस्थामा पनि आबद्ध रही योगदान पुऱ्याउँदै आएकी स्रष्टा हुन् ।

पुरुष प्रधान नेपाली सामाजिक परिवेशमा जन्मिएर कला संस्कृतिमा उच्च अध्ययन गरी नेपाली साहित्यका क्षेत्रमा समेत रुचि राखि नेपाली साहित्यको इतिहासमा कवि र खण्डकाव्यकारका रूपमा परिचित हुन पुगेकी छन् । यसरी साहित्य क्षेत्रको पूर्व अध्ययन नभएर पनि साहित्यप्रति रुचि राख्ने लिगल एक असल गृहिणी भएकाले नारी जातिले गर्नु पर्ने सम्पूर्ण कार्य सम्पन्न गरी नेपाली साहित्य सेवामा समर्पित लिगलले घरव्यवहार, क्याम्पसको पठनपाठन अनेक संघसंस्थासँगको संलग्नता समेत एक साथ बहन गरी सफलतापूर्वक अगाडि बढिरहेकी गङ्गा लिगल बहुमुखी व्यक्तित्व हुन् । उनमा विद्यमान गुण, स्वभाव, कार्यशैली, चिन्तनपद्धति, साहित्य प्रेमी जस्ता गुणहरू देखिन्छन् । यसै क्रममा उनको साहित्यिक स्रष्टा व्यक्तित्वका रूपमा कवि, कथाकार र खण्डकाव्यकार व्यक्तित्वका रूपमा अध्ययन गर्न सकिन्छ । साहित्यर व्यक्तित्व पनि उनमा विभिन्न रहेका छन् । अन्त्यमा निरन्तर रूपमा साहित्य सेवामा समर्पित श्रीमती गङ्गा लिगल नेपाली शिक्षित महिलाहरू मध्येकी अत्यन्त संघर्षशील, सवल र सक्षम नारी व्यक्तित्वका रूपमा गतिशील र क्रियाशील देखिन्छिन् ।

चौथो परिच्छेदमा गङ्गा लिगलको साहित्यमा आगमन र कविता यात्राका काल विभाजनको साथै नेपाली साहित्यमा संलग्नताको सङ्क्षिप्त परिचय दिइएको छ । यस क्रममा उनको साहित्य यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरिएको छ । पूर्वार्द्ध चरणमा दुईवटा कृति प्रकाशित भएका छन् भने उत्तरार्द्ध चरणमा पाँचवटा कृतिहरू प्रकाशित भएका छन् । पूर्वार्द्ध चरणका कृति भन्दा उत्तरार्द्ध चरणका कृतिहरू केही गुणस्तर खालका देखिन्छ । यिनै दुई चरणमा विभाजन गरिएका कृतिहरूको पाचौं परिच्छेदमा अध्ययन गरिएको छ ।

उनका कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा प्राय जसो एकै खालका स्वरहरू रहेको पाइन्छ । ती कृतिहरूलाई छुट्टाछुट्टै रूपमा हेर्दा बिहानी कविता सङ्ग्रहमा लिगलले स्वच्छन्दतावादी धारालाई अङ्गीकार गर्दै प्रकृतिप्रेमलाई कवितामा उतारी कुनैमा विरहका आँसु छन् त कुनैमा खुसीका गीतहरू र रमाइला मुस्कानहरू रहेका छन् । यसरी कवितामा प्रकृतिप्रेम, वात्सल्यप्रेम, मानवभएर मानवमा गर्नुपर्ने मानवताका कुराहरू, नारी जागरण र मातृभूमिप्रति माया गर्नुपर्छ भन्ने विचार प्रस्तुत गरिएको छ ।

**गङ्गाका लहर** (२०५९) नामक लेख रचनाको सँगालोमा नारी विघटन सम्बन्धी कथाहरू, देशको स्थितिका बारेमा लेखिएका ठटचाउला खालका रचनाहरू, निबन्धात्मक लेख र मुक्तकहरू समावेश गरी देशप्रेम र नारी जागृती सम्बन्धी सन्देश दिने खालका लेख रचनाहरू छन् । त्यस्तै अर्को कृति **युगज्योति**(२०६२) मा भगवान्प्रति आश्रित रही श्री सत्य  साईबाबाको ८० औं जन्मदिनका उपलक्ष्यमा उनका जीवन गाथालाई प्रस्तुत गर्दै धर्मप्रति पनि विश्वास गर्नुपर्छ भन्ने आस्तिक भावनालाई धार्मिक लेख रचनाको सँगालोमा प्रस्तुत गरिएको छ । **आमा** (२०६४) कविता सङ्ग्रहमा आमा विनाको जीवन खल्लो र निस्सार हुन्छ भनी जन्मदिने आमा र जन्मभूमिप्रति नतमस्तक हुदै मातृभूमि र माता स्वर्गभन्दा पनि ठूला हुन्छन् भनी आत्मीय भाव र अगाध श्रद्धाका

स्वरहरू झल्किएका छन् । **गङ्गाका तरङ्ग** (२०६४) कविता सङ्ग्रहमा नेपाली जनजीवनका परिदृश्यहरू, नेपाली संस्कृति र परम्परा, सत्यको विजय र द्वन्द्वका कारण मुलुकले भोग्नुपरेको कहाली लाग्दा क्षण लगायत नारी जीवनका विभिन्न सन्दर्भहरूका साथै सामाजिक विकृति विसङ्गतिप्रतिको आक्रोश र त्यसको निराकरणका लागि सुधारवादी अभिव्यक्तिहरू स्वच्छन्दतावादी स्वरमा प्रस्तुत भएको छ ।

**संगीतको आभास** (इ.सं.२००७) कविता सङ्ग्रहमा स्वच्छन्दतावादी प्रवृत्ति, राष्ट्रियताले ओतप्रोत भएका कविताहरू प्रस्तुत गरिएका छन् । त्यस्तै पुरातन संस्कृतिको स्वागत गरी प्रकृतिमा मानवीयताको आरोप गरी गेयात्मक शैलीमा डायास्पोराको वर्णन गरी उपदेशात्मक खालका कविताहरू सरल भाषाशैलीमा रचिएका छन् । यसरी प्रवासमा रहेर पनि देशप्रतिको अगाध प्रेमलाई स्वच्छन्दतावादी काव्यशिल्पको प्रयोग गरी आप्रवासी स्वर कवितामा घन्काइएको छ । **ममताको खास्टो** (२०६६) खण्डकाव्यमा प्रमुख नायिकाको रूपमा आमालाई एकातिर आदर्श नारीका रूपमा त अर्कोतिर धर्तीको प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै नेपालको आर्थिक, राजनैतिक परिवेश अनुकुल नभई देशको बिग्रदो स्थिति र ममतामयी आमाको मायाको महिमागानलाई काव्यमा विभिन्न विम्ब, प्रतीक र सूक्तिहरूको प्रयोग गरी डायास्पोराको स्वरमा राष्ट्रप्रेमी भावको अभिव्यक्ति प्रस्तुत गरी खण्डकाव्यमा स्वच्छन्दतावादी स्वर घन्काइएको छ ।

यसरी विभिन्न विधाका माध्यमबाट कवयित्री गङ्गा लिगलले आफ्नो साहित्यिक क्रियाशीलतालाई सङ्ख्यात्मक र गुणात्मक रूपमा अगाडि बढाउँदै लगेकी कवयित्रीले फुटकर कवितादेखि खण्डकाव्यसम्म कलम चलाएकी छन् । उनका कृतिहरूको समग्र अध्ययन गर्दा उनी मूलतः नेपाली साहित्य फाँटकी, राष्ट्रप्रेमी, मातृत्वप्रेमी, प्रकृतिलाई मानवीयतामा आरोप गरी कल्पनाको उडानमा आधारित रही नारी जागरणका स्वरहरू प्रस्फुटन गर्ने प्रकृति प्रेम, आध्यात्मिक चिन्तक र स्वच्छन्दतावादी कवयित्री हुन् । देशको सामाजिक आर्थिक तथा राजनीतिक विसङ्गति देखाउनु र देशमा दिगो शान्तिको चाहनाका साथै आमाप्रतिको अगाध प्रेम कविताको मूल विषय रहेका छन् । नारीवादी स्वर मातृत्वप्रेम, मातृभूमिप्रतिको प्रेम तथा नेपालको आर्थिक र राजनीतिक परिवेश अनुकूल नभई त्यसको परिवर्तनका स्वरहरू, वात्सल्यप्रेमका स्वर, डायास्पोराको स्वर, आदर्शवादी जीवन दृष्टिकोण जस्ता विषयहरूलाई समेटेर कविता काव्य रचिएका छन् । यसरी आफ्नो क्षेत्र साहित्य नभएर पनि साहित्यका विविध विधामा कलम चलाएकी लिगलले आफ्ना कृतिहरूमा देशप्रेम, आमाको ममता र प्रकृतिको गुणगानमा बढी केन्द्रित रही व्यञ्जनात्मकता, आलङ्कारिकता र विम्वविधान भन्दा विषयवस्तुको सपाट बयान गर्ने कवयित्री लिगलका काव्यात्मक प्रवृत्ति वर्णनात्मक र विवरणात्मक खालका देखिन्छन् । यसरी वर्णनात्मक, विवरणात्मक र उपदेशात्मक शैलीका साथै सरल, सरस, सहज र सुबोध भाषाको प्रयोग गरी काव्य रचना गर्ने लिगल हाल नेपाली साहित्य क्षेत्रमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरको साहित्य स्रष्टाको रूपमासमेत परिचित हुन पुगेकी छन् ।

गङ्गा लिगलको जीवनी, व्यक्तित्व र कृतिहरूको अध्ययनमा आधारित यस शोधपत्रमा उनका प्रकाशित कृतिहरूको सामान्य अध्ययन मात्र गरिएको छ । त्यसैले गङ्गा लिगलका अन्य कृतिहरूका बारेमा पुनः अध्ययन अनुसन्धान गर्न चाहेमा थप शोधकार्य हुन सक्ने सम्भावना देखिन्छ । भविष्यमा लिगलका बारेमा हुन सक्ने सम्भाव्य शोध शीर्षकहरू निम्न लिखित छन् :

(क) कवयित्रीका रूपमा गङ्गा लिगल

(ख) गङ्गा लिगलको खण्डकाव्यकारिता

(ग) आमा कविता सङ्ग्रहको कृतिपरक अध्ययन

(घ) कथाकारको रूपमा गङ्गा लिगल

# परिशिष्ट क

## गङ्गा लिगलका प्रकाशित कृतिहरूको सूची

| क्र.सं | प्रकाशित कृतिहरू | प्रकाशक | प्रकाशन स्थान | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | बिहानी | पुनम पाण्डे | भैरहवा | २०५९ |
| २. | गङ्गाका लहरहरू | पुनम पाण्डे | भैरहवा | २०५९ |
| ५. | युगज्योति | गङ्गा लिगल | भैरहवा | २०६२ |
| ३ | आमा | जनक प्र.लिगल | भैरहवा | २०६४ |
| ४. | गङ्गाका तरङ्गहरू | जनक प्र. लिगल | भैरहवा | २०६४ |
| ६. | संगीतको आभास | अ.ने.सा.स | अमेरिका | २०६४ |
| ७. | ममताको खास्टो | अ.ने.सा.स | अमेरिका | २०६६ |

# परशिष्ट ख

## गङ्गा लिगलका २०६७-२०६८ सालमा प्रकाशित कृतिहरूको विवरण

साहित्य साधनामा निरन्तर क्रियाशील नारी स्रष्टा गङ्गा लिगलका माथि उल्लेख कृतिहरूका अतिरिक्त २०६७ र २०६८ सालमा 'ऐना' (कथा सङ्ग्रह), 'गङ्गाका गजल' ( गजल सङ्ग्रह), 'सागरपारि' (कविता सङ्ग्रह), 'लालीगुराँस' (गीति सङ्ग्रह) र 'पत्र मञ्जुषा' (पत्र साहित्य), 'सखी-वियोग' (खण्ड काव्य) प्रकाशित छन् । उक्त कृतिहरूमा स्वदेश र प्रवासमा बस्दा आफूले देखे भोगेका अनुभव गरेका कुरालाई विभिन्न विधाका माध्यमबाट प्रस्तुत गरेकी छन् । यी कृतिहरूको विशिष्ट अध्ययन गर्ने यस शोधको उद्देश्य नभए पनि पछिल्ला कृतिहरू सर्सर्ती अध्ययन गर्दा अध्ययन गरिएका कृतिहरूकै परम्परा र प्रवृत्ति यिनमा पनि प्रस्तुत भएको पाइन्छ । काव्य कविताका अतिरिक्त कथा, गजल र गीति कवितामा पनि गङ्गा लिगलको अभिरूचि रहेको पाइन्छ ।

# सन्दर्भग्रन्थ सूची

## पुस्तक सूची


उपाध्याय, केशव प्रसाद, दो.सं २०४८, **पूर्वीय साहित्य सिद्धान्त**, काठमाडौँ, साझा प्रकाशन ।

ओझा, रामनाथ र मधुसुदन गिरी, २०६०, **शोध, सिर्जना र संस्कृत काव्यशास्त्र**, काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइज ।

त्रिपाठी, वासुदेव, दो.सं. २०५३, **नेपाली कविता भाग ४**, काठमाडौँ : साझा प्रकाशन ।

थापा, हिमांशु, तेस्रो संस्करण, २०४७, **साहित्य परिचय**, काठमाण्डौँ : साझा प्रकाशन ।

पौड्याल कृष्णलाल, २०५८, **नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना**, काठमाण्डौँ : नविन प्रकाशन ।

लिगल, गङ्गा, २०५८, **बिहानी** कविता सङ्ग्रह, भैरहवा : लुम्बिनी प्रकाशन ।

लिगल, गङ्गा, २०५९, **गङ्गाको लहर**, भैरहवा : प्रेरणा प्रकाशन ।

लिगल गङ्गा, २०६२, **युग ज्योति**, भैरहवा : श्रीमती गङ्गा लिगल ।

लिगल, गङ्गा, २०६४, **आमा** , भैरहवा :न्यू श्रेष्ठ छापाखाना ।

लिगल, गङ्गा, २०६४, **गङ्गाका तरङ्गहरू**, भैरहवा : न्यू श्रेष्ठ छापाखाना ।

लिगल, गङ्गा, इ.सं. २००७, **सङ्गीतको आभास** , साहित्य समाज वासिङ्गटन डी.सी. अमेरिका : लुस प्रेस ।

लिगल, गङ्गा, २०६६, **ममताको खास्टो**, साहित्य समाज वासिङ्गटन डी.सी. अमेरिका : लुस प्रेस ।

शर्मा तारानाथ, दो.सं. २०३९, **नेपाली साहित्यको इतिहास ,** काठमाडौँ : सङ्कल्प ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल,, दो.सं. २०५५, **शोधविधि**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, २०६१, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ संभव, २०६५, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पाँचौँ सं, काठमाडौँ : साझा प्रकाशन ।

## पत्रिका सूची


भट्टराई, यादव, २०६५, 'गङ्गा लिगलका दुई कृति', **साप्ताहिक छलफल** वर्ष २६, अङ्क ३५, पृ. ६ ।

रोशन, काजी, २०६५,' गङ्गाका तरङ्ग र आमा' , **दैनिक ढोरपाटन**, वर्ष ६, अङ्ग १५, पृ.४ ।

शर्मा, ठाकुर, २०६५, गङ्गा लिगलको 'गङ्गाका तरङ्गहरू कविता सङ्ग्रहमा तरङ्गिदा' **नाद-विन्दु,** वर्ष १०, पूर्णाङ्क १०, पृष्ठ १७ विजया दशमी तथा राम नवमी ।


## शोधपत्र सूची


अधिकारी, पूर्णिमा (२०६१), "सुशील गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" त्रिभुवन बहुमुखी क्याम्पस, नेपाली विभाग, तानसेनमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.) ।

न्यौपाने छविलाल (२०६६), "साहित्यकार हरिराज शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग, सिद्धार्थनगरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.) ।

पाण्डेय, सावित्री (२०६०),"साहित्यकार बुँद रानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" त्रि.वि. केन्द्रीय क्याम्पस नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.) ।

शर्मा, टोपलाल (२०५८), "मोदनाथ शास्त्री : जीवनी, व्यक्तित्व र कृतित्व" त्रि.वि. केन्द्रीय क्याम्पस नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र) ।